# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

| वर्ष २६, अङ्क १५ | २०७४, मङ्सिर १–१५ | पूर्णाङ्क ६०९ |
|---|---|---|



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री नहकुल सुवेदी** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **कायम मुकायम रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १० |
| इजलास नं. १ | १० |
| इजलास नं. २ | १३ |
| इजलास नं. ३ | ४ |
| इजलास नं. ४ | २ |
| इजलास नं. ५ | १० |
| इजलास नं. ६ | ९ |
| इजलास नं. ७ | ५ |
| इजलास नं. ८ | ३ |
| इजलास नं. ९ | ४ |
| जम्मा | ७० |

| | |
|---|---|
| इजलास नं. १० | ४ |
| इजलास नं. ११ | २ |
| इजलास नं. १२ | २ |
| इजलास नं. १३ | ३ |
| इजलास नं. १४ | ३ |
| इजलास नं. १५ | ३ |
| इजलास नं. १६ | ३ |
| इजलास नं. १७ | १ |
| जम्मा | २१ |

**कूल जम्मा ७० + २१ = ९१**

नेपाल कानून पत्रिकामा
२०१५ सालदेखि २०६९ साल असोजसम्म
प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, मङ्सिर – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ७** |
| १. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. दिनेशचन्द्र डि.सी. | |
| २. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. राधिका पन्त (घिमिरे) | |
| ३. | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. मुना लावुङ्गसमेत | |
| ४. | जबरजस्ती करणी | नेपाल सरकार वि. काले के.एम | |
| ५. | ठगी | नेपाल सरकार वि. बरूण ढकाल | |
| ६. | जबरजस्ती करणी | नेपाल सरकार वि. मधु भन्ने मधुकर वि.सी.समेत | |
| ७. | मानव अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. सम्पन्न केरूङसमेत | |
| ८. | विष्फोटक पर्दाथ | नेपाल सरकार वि. शेरबहादुर परियार | |
| ९. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. प्रकाश गुरूङ | |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिनेशप्रसाद न्यौपाने | |
| **इजलास नं. १** | | | **७ - १२** |
| ११. | दर्ता बदर सार्वजनिक सन्धिसर्पन कायम | श्रीमती प्रभा कार्कीसमेत वि. श्रीमती देवी गुरूङ | |
| १२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विष्णुबहादुर कुमाल | |
| **इजलास नं. २** | | | **१२ - १९** |
| १३. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. दिल नारायण श्रेष्ठ | |
| १४. | वैदेशिक रोजगारसम्बन्धी कसुर | नेपाल सरकार वि. महेन्द्र खड्कासमेत | |
| १५. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. गोपाल खनाल | |
| १६. | कर्तव्य ज्यान | चतुरे रोकाया वि. नेपाल सरकार | |
| १७. | जबरजस्ती चोरी | नेपाल सरकार वि. तिर्थराज शाहीसमेत | |
| १८. | अबन्डा सम्पत्ति बन्डा गरिपाउँ | राजेश मानन्धरसमेत वि. अमरबहादुर मानन्धरसमेत | |
| १९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रविलाल अधिकारी | |
| २०. | अंश चलन | नारायणलाल श्रेष्ठ वि. रामेश्वरलाल श्रेष्ठ | |
| २१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रमेश भण्डारीसमेत | |
| २२. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. नरबहादुर भण्डारीसमेत | |

| | | |
|---|---|---|
| **इजलास नं. ३** | | **१९ - २२** |
| २३. | कर्तव्य ज्यान | सुखराज लिम्बु वनेस वि. नेपाल सरकार |
| २४. | कर्तव्य ज्यान | नन्दकली नाइसा वि. नेपाल सरकार |
| २५. | कर्तव्य ज्यान | जनार्दन अर्याल वि. नेपाल सरकार |
| २६. | अपहरण | नेपाल सरकार वि. बम्बबहादुर श्रेष्ठसमेत |
| **इजलास नं. ४** | | **२२ - २४** |
| २७. | जबरजस्ती करणी | यमबहादुर के.सी.समेत वि. नेपाल सरकार |
| २८. | कर्तव्य ज्यान | दावा दोर्जे मोक्तान तामाङ वि. नेपाल सरकार |
| **इजलास नं. ५** | | **२४ - ३०** |
| २९. | कर्तव्य ज्यान | कर्णबहादुर रानामगर वि. नेपाल सरकार |
| ३०. | लागु औषध गाँजा | मोहन मुखिया विन वि. नेपाल सरकार |
| ३१. | जबरजस्ती करणी | खड्कबहादुर वि.क. वि. नेपाल सरकार |
| ३२. | जबरजस्ती करणी | सीताराम राना वि. नेपाल सरकार |
| ३३. | जबरजस्ती करणी | नेपाल सरकार वि. सिद्धार्थ जिरेल |
| ३४. | उत्प्रेषण | रोशनकुमार झासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ३५. | उत्प्रेषण | जगतमोहन सहनी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ३६. | मोही प्रमाण पत्र | सुवंश महतो कोइरी वि. श्रीप्रकाश नारायण सिंह |
| ३७. | मोही नामसारी | जवाहरप्रसाद तेली वि. असिया देवी |
| ३८. | मोही भागी बेपत्ता | सूर्य माझी वि. तोरण कार्कीसमेत |
| **इजलास नं. ६** | | **३० - ३७** |
| ३९. | उत्प्रेषण / परमादेश | मनोहरि जैसी वि. नेपाल सरकारसमेत |
| ४०. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. धनपति थपलियासमेत |
| ४१. | थुनुवा भागे भगाएको | पुष्पलाल मिश्र वि. खगेन्द्र गिरी |
| ४२. | जबरजस्ती करणी | नेपाल सरकार वि. जर्नल मुण्डा |
| ४३. | सम्बन्ध बिच्छेद | टेकबहादुर खड्का वि. सुनिता रावल |
| ४४. | कुलो कायम गरिपाउँ | कृष्णबहादुर भण्डारी वि. सिता भण्डारी |
| ४५. | जबरजस्ती करणी | राजन वि.क. वि. नेपाल सरकार |
| ४६. | भ्रष्टाचार | सीताराम दुवाडी वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| ४७. | कर्तव्य ज्यान | शंकरमणी राई वि. नेपाल सरकार |
| **इजलास नं. ७** | | **३७ - ४०** |
| ४८. | भाडा दिलाई जग्गा खाली गराई पाउँ | उषा रोका क्षेत्री वि. गेहेन्द्र देव बस्नेत |
| ४९. | जालसाजी | रून्चीदेवी यादवनीसमेत वि. परमेश्वर कापरसमेत |
| ५०. | लागु औषध (फेन्सीडिल) | बाबुराम गुरूङ वि. नेपाल सरकार |
| ५१. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. गणेशमान बुढा |
| ५२. | लागु औषध (डाइजेपामसमेत) | नेपाल सरकार वि. ओमबहादुर सेवासमेत |
| **इजलास नं. ८** | | **४० - ४२** |
| ५३. | कर्तव्य ज्यान | सुशीला श्रेष्ठ वि. नेपाल सरकार |
| ५४. | भ्रष्टाचार | नेपाल सरकार वि. ओमकुमार बस्नेत |
| ५५. | कर्तव्य ज्यान | भरत फडेरा वि. नेपाल सरकार |
| **इजलास नं. ९** | | **४२ - ४६** |
| ५६. | कर्तव्य ज्यान | कनैया चौधरी वि. नेपाल सरकार |
| ५७. | अंश नामसारी | कुमार धोबी वि. लाला धोबीसमेत |
| ५८. | अंश | मुस्तकिम धुनिया वि. मोहम्मद धुनिया |
| ५९. | लागु औषध चरेश | नेपाल सरकार वि. कमरा रोक्का मगर |
| **इजलास नं. १०** | | **४६ - ४८** |
| ६०. | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. अजयकुमार यादवसमेत |
| ६१. | उत्प्रेषण / परमादेश | जगन्नाथ झा वि. निजामती किताबखाना, हरिहरभवनसमेत |
| ६२. | अंश चलन | मैंया परियारसमेत वि. सुशीला नेपाली (परियार) |
| **इजलास नं. ११** | | **४८ - ४९** |
| ६३. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. विकास वि.क. |
| ६४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामबाबुप्रसाद यादव |
| **इजलास नं. १२** | | **५० - ५१** |
| ६५. | अपहरण तथा डाँका | नेपाल सरकार वि. हस्तबहादुर थिङ्गसमेत |
| ६६. | निषेधाज्ञा | राजकुमार दास वि. शंकर दाससमेत |
| **इजलास नं. १३** | | **५१ - ५३** |
| ६७. | घर उठाई जग्गा खिचोला चलन | राजदेव राउतसमेत वि. सुकराति सदासमेत |
| ६८. | उत्प्रेषण | भूपेन्द्र कुमार सिंह वि. जिल्ला प्रशासन कार्यालय, कास्कीसमेत |
| ६९. | उत्प्रेषण / प्रतिषेध | विनोद कडेल वि. बालकृष्णमान सिंहसमेत |

| इजलास नं. १४ | | | ५३ - ५५ |
|---|---|---|---|
| ७०. | भ्रष्टाचार | श्री ५ को सरकार वि. विश्वप्रिया मल्लसमेत | |
| इजलास नं. १५ | | | ५५ - ५८ |
| ७१. | डाँका चोरी | नेपाल सरकार वि. बिक्रम गुरूङसमेत | |
| ७२. | कर्तव्य ज्यान | मनमती राई (शेर्पा) वि. नेपाल सरकार | |
| ७३. | उत्प्रेषण / परमादेश | गौरीशंकर ठाकुर वि. जिल्ला सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति रौतहटसमेत | |
| इजलास नं. १६ | | | ५८ - ५९ |
| ७४. | परमादेश | अष्टमान बज्राचार्य वि. सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरवारसमेत | |
| ७५. | उत्प्रेषण | सन्तोष गिरी वि. त्रिभुवन विश्व विद्यालय, सेवा आयोगको कार्यालय, किर्तिपुरसमेत | |
| ७६. | उत्प्रेषण | रामबहादुर बस्नेत वि. प्रकाश अर्यालसमेत | |
| इजलास नं. १७ | | | ५९ - ६० |
| ७७. | भ्रष्टाचार | जाकिर राइन वि. नेपाल सरकार | |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-१३७०, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. दिनेशचन्द्र डि.सी.*

प्रतिवादीले जाहेरवालीलाई वैदेशिक रोजगारमा पठाउने भनी प्रलोभनमा पारी रकम लिएको होइन भनी लिएको जिकिरलाई प्रमाण ऐनको दफा २५ को व्यवस्थाअनुसार पुष्टि गर्ने तथ्ययुक्त प्रमाण गुजार्न सकेको देखिएन । प्रतिवादी विरूद्धमा परेको किटानी जाहेरी व्यहोरालाई जाहेरवालीको बकपत्रले समर्थित गरेको र मिति २०६९।९।२२ मा भएको लिखतसमेतबाट प्रतिवादीले जाहेरवालीलाई वैदेशिक रोजगारीमा पठाउने भनी प्रलोभनमा पारी जाहेरवालीबाट रू.५०,०००।- लिएको भन्ने नै देखिन आउने।

नेपाल एस.वि.आई. बैंकबाट रू.५०,०००।- रकम प्रतिवादीको खातामा जम्मा भएको मिसिलसंलग्न भौचरबाट देखिए पनि सो रकम जाहेरवालीले जम्मा गरेको नदेखिई सूर्यप्रसाद खतिवडाले जम्मा गरेको भन्ने देखिएको र सो तथ्यलाई जाहेरवालीले स्वीकार गरेको अवस्था देखिन्छ । प्रतिवादीका खातामा रकम जम्मा गरिदिने व्यक्ति सूर्यप्रसाद खतिवडालाई साँवा ब्याजसहित सम्पूर्ण रकम भुक्तानी गरी सकेकी भनी जाहेरवालीले बकपत्रमा लेखाएको पाइन्छ । तर प्रतिवादीको खातामा रकम जम्मा गरिदिने भनिएका सूर्यप्रसाद खतिवडाले सो रकम जाहेरवालीले प्रतिवादीको खातामा जम्मा गर्न लगाएको भनी मौकामा तथा अदालतमा उपस्थित भई उल्लेख गरेकोसमेत मिसिल संलग्न कागजातबाट देखिन आएन । अन्य व्यक्तिबाट प्रतिवादीलाई प्राप्त हुन आएको रकमलाई जाहेरवालीकै रकम हो भन्ने युक्तिसङ्गत प्रमाण जाहेरवालीले पेस गरी प्रमाणित गर्न सकेको नदेखिँदा जाहेरी दरखास्त र अभियोग दाबीकै आधारमा उक्त रकमसमेत प्रतिवादीले जाहेरवालीबाट लिए खाएको भनी बिगो कायम गर्न मिल्ने नदेखिने।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणसमेतबाट प्रतिवादी दिनेशचन्द्र डि.सी. ले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर गरेको ठहर गरी निजलाई ऐ. दफा ४३ बमोजिम १ (एक) वर्ष ६(छ) महिना कैद हुने ठहर गरी निजले जाहेरवालीबाट रू.५०,०००।- (पचास हजार रूपैयाँ) मात्र लिएको देखिँदा सो रू.५०,०००।- र सोको ५० (पचास) प्रतिशतले हुने रकम रू.२५,०००।- (पच्चीस हजार रूपैयाँ)समेत गरी जम्मा रू.७५,०००।- (पचहत्तर हजार रूपैयाँ) हर्जानाबापत प्रतिवादी दिनेशचन्द्र डि.सी. बाट जाहेरवाली शारदा घिमिरेले भरी पाउने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७०।३।२३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७३ साल भदौ ८ गते रोज ४ शुभम्।

२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७२-CR-०६११, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. राधिका पन्त (घिमिरे)*

न्यायिक निकायसमक्ष उपस्थित भई जाहेरवाली र पीडित स्वयम्ले प्रतिवादीलाई रकम दिई निजले गरिदिएको लिखत लेनदेनमात्र रही वैदेशिक रोजगारका लागि नभएको भनी स्पष्ट रूपमा खुलाई दिएको अवस्थामा प्रतिवादीले जाहेरवालीबाट वैदेशिक

रोजगारीकै लागि रकम लिएको भनी अर्थ गर्न मिलेन। प्रतिवादीउपरको कसुर पुष्टि गर्ने युक्तियुक्त र वस्तुनिष्ठ प्रमाण वादी पक्षले गुजार्न सकेकोसमेत पाइँदैन । जाहेरवाली र प्रतिवादीबीच लेनदेन व्यवहार रहे भएको भन्नेसम्म तथ्यलाई जाहेरवाली र पीडितले बकपत्रमा स्वीकार गरी सो लेनदेन रकमसमेत सबै फिर्ता पाइसकेको भनी खुलाएको अवस्थामा प्रतिवादीलाई अभियोगदाबीबमोजिम नै सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणसमेतबाट प्रतिवादी राधिका पन्त (घिमिरे) लाई अभियोग दाबीबाट सफाई दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।१०।५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल भदौ ८ गते रोज ४ शुभम्।

३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-१४७०, अपहरण तथा शरीर बन्धक, *नेपाल सरकार वि. मुना लावुङ्गसमेत*

प्रतिवादी मुना लाबुङ्गसमेतका प्रतिवादीहरूको मिलेमतो र मत सल्लाहमा पीडितलाई अपहरण गरी शरीर बन्धकसमेत बनाएको हुँदा सजाय गरिपाउँ भनी जाहेरी परेको भए पनि जाहेरी व्यहोरालाई नै खण्डित हुने गरी जाहेरवालाले बकपत्र गरी प्रतिवादीहरूले अपहरण गर्ने तथा शरीर बन्धक बनाउने कसुर गरेको होइन छैन भनी लेखाएको, पीडितले बकपत्र गरी प्रतिवादीहरूले अपहरण गरेका होइनन् भनी खुलाई दिएको, पीडितलाई उद्धार गर्ने होटलवाला पूर्णकुमार सुब्बाले प्रतिवादी युविन र राजले पीडितलाई मेरो जिम्मा लगाई गएका निजहरूले पीडितलाई अपहरण गरेका होइनन् भनी बकपत्र गरी दिएकासमेतका मिसल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरूको कसुर वस्तुनिष्ठ रूपमा पुष्टि हुन आएको नपाइने।

जाहेरी दरखास्तलाई जाहेरवालाले अदालतमा उपस्थित भई पुष्टि नगरेसम्म वा अन्य ठोस प्रमाण वा परिस्थितिजन्य प्रमाणबाट पुष्टि नगरेसम्म त्यस्तो जाहेरी दरखास्त घटनाको जानकारीसम्म मात्र हुन्छ । प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयानलाई ठोस र तथ्ययुक्त प्रमाणहरूबाट पुष्टि गर्न नसकेको अवस्थामा त्यस्तो बयानलाई ग्राह्य प्रमाण मान्न मिल्दैन । फौजदारी मुद्दामा कसुरदार प्रमाणित गर्ने भार वादी पक्षको हुन्छ । ठोस र शङ्कारहित तवरबाट कसुर प्रमाणित हुन नसकेको अवस्थामा जाहेरी दरखास्त र अभियोगपत्रकै आधारमामात्र प्रतिवादीहरूलाई दोषी ठहर गर्न फौजदारी न्यायको मान्यताप्रतिकूल हुन जान्छ भने शङ्काको सुविधा अभियुक्तले पाउने।

जाहेरी दरखास्त नै शङ्काको भरमा दिएको भन्ने जाहेरवालाको बकपत्र, झापामा सानीमाकोमा जानलाई प्रतिवादी मुनाको साथमा गएकी र निजहरूले अपहरण गरेका होइनन् भन्ने पीडितको बकपत्र, प्रतिवादीहरूको अदालतसमक्षको कसुरमा इन्कार रही गरेको बयान, होटलवाला पूर्णकुमारको बकपत्र, प्रतिवादीहरूका साक्षीहरूको बकपत्रसमेतका प्रमाणहरूबाट प्रतिवादीहरूले पीडितलाई अपहरण गरी शरीर बन्धक बनाउनेसमेतको कसुर गरेको भन्ने नदेखिँदा प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाई दिने गरी भएको पुनरावेदन अदालतको फैसलालाई

अन्यथा भन्न नमिल्ने ।

तसर्थ माथि विवेचित तथ्य एवम् प्रमाणहरूको आधारमा प्रतिवादी मनुकादेवी खड्काको हकमा सुरूको फैसलालाई सदर गरी एवम् प्रतिवादीहरू मुना लाबुङ्ग, युविन सुब्बा र राज लिम्बुको हकमा निजहरूलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं.समेतको कसुरमा ऐ. ३ नं. बमोजिम ७ वर्ष, ऐ. ९ नं. बमोजिम थप २ वर्ष र ऐ. ७ नं. बमोजिम थप २ वर्ष गरी जम्मा ११ वर्ष कैद र रू. ५०,०००। जरिवाना तथा पीडितलाई प्रतिवादीहरूबाट जनही रू. ५,०००। क्षतिपूर्ति भराई दिने गरी भएको ताप्लेजुङ जिल्ला अदालतको मिति २०७०।१।९ को फैसलालाई उल्टी गरी प्रतिवादीहरू मुना लाबुङ्ग, युविन सुब्बा र राज लिम्बुलाई अभियोग दाबीबाट सफाई दिने गरी पुनरावेदन अदालत इलामबाट मिति २०७०।९।१६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल भदौ ८ गते रोज ४ शुभम् ।

४

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०६९८, जबरजस्ती करणी, *नेपाल सरकार वि. काले के.एम*

जबरजस्ती करणीको कसुर हुनका लागि योनिमा लिङ्गको प्रवेश भएको विद्यमानता हुनुपर्ने र जबरजस्ती करणीको कसुर हुनका लागि योनिमा केही मात्र भए पनि लिङ्ग प्रवेश गरेकै हुनुपर्ने देखिन्छ । तर प्रस्तुत मुद्दामा पीडितको योनिमा प्रतिवादीको लिङ्ग प्रवेश गरेको नदेखिँदा जबरजस्ती करणीको १ नं. बमोजिमको कसुर गरेको भन्न मिल्ने  नदेखिई जबरजस्ती करणीको उद्योगसम्म गरेको भन्ने देखिने ।

जबरजस्ती करणीको १ नं. को कसुरको उद्योग गर्नेलाई ऐ. ५ नं. अनुसार आधा सजाय हुने देखिन्छ । उक्त ५ नं. मा "जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ" भन्ने व्यवस्था रहेको छ । सो व्यवस्थाअनुसार प्रतिवादी काले के.एम लाई जबरजस्ती करणीको महलको ३(१) नं. मा "दश वर्षभन्दा मुनिकी बालिका भए दशदेखि पन्ध्र वर्षसम्म" कैद सजाय हुने छ भन्ने व्यवस्था रहेको हुँदा ऐ. ५ नं. बमोजिम जबरजस्ती करणीको उद्योग गर्नेलाई सोको आधा सजाय हुने ।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्था तथा प्रमाणबाट प्रस्तुत मुद्दाका प्रतिवादी काले के.एम. ले जबरजस्ती करणीको कसुर गरेको अवस्थामा कसुरको मात्रा अनुसार निजलाई १२ वर्ष कैद हुनेमा जबरजस्ती करणीको उद्योगसम्म गरेको देखिँदा जबरजस्ती करणीको ५ नं. अनुसार सोको आधा अर्थात ६ (छ) वर्ष कैद सजाय हुने देखिन्छ । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) मा "चौध वर्ष वा सोभन्दा माथि सोह्र वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ" भन्ने व्यवस्था रहेको र प्रतिवादी १५ वर्षभन्दा कम उमेरका देखिएको हुँदा प्रतिवादी काले के.एम.लाई सो दफा ११(३) अनुसार ६ वर्षको आधा सजाय अर्थात ३ (तीन) वर्ष कैद सजाय हुने ठहर गरी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०६७।६।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ साल भदौ ७ गते रोज ३ शुभम् ।

५

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७२-CR-०२९३, ठगी, *नेपाल सरकार वि.*

*बरूण ढकाल*

वादी पक्षबाट जाहेरवाला कल्पना शाह र अन्जना तामाङको अभियोगपत्रमा उल्लिखित वतनबाहेक अन्य वतन भए नभएको खुलाई पठाउन जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमा सुरू अदालतबाट पटकपटक पत्राचार गर्दासमेत सोको जवाफ दिएको देखिएन । निज जाहेरवालाहरूले अदालतमा उपस्थित भई बकपत्र गरेको नदेखिए पनि अभियोग दाबीबमोजिमको सबै रकम प्रत्यर्थी प्रतिवादीले जाहेरवालाहरूलाई बुझाएको भन्ने मिसिल संलग्न रकम बुझाएको भरपाइको फोटोकपीबाट देखिँदा जाहेरवाला कल्पना शाह र अन्जना तामाङले पाउनु पर्ने रकम पाइसकेको नै मान्नुपर्ने ।

जाहेरवालाहरूले आफ्नो दाबीको सम्पूर्ण रकम प्रत्यर्थी प्रतिवादीबाट फिर्ता बुझिसकेको भन्ने देखिँदा ठगीको बिगोतर्फ बोलिरहन पर्ने नदेखिँदा प्रतिवादीलाई बिगोबमोजिम जरिवाना हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ माथि विवेचित तथ्य एवम् प्रमाणको आधारमा प्रत्यर्थी प्रतिवादीले जाहेरवालाहरूबाट रकम ठगी गरी लिएको तथ्य स्वीकार गरेको अवस्थामा निज प्रतिवादीले ठगीको महलको १ नं. अनुसारको कसुर गरेको ठहर गरी ऐ. ४ नं. बमोजिम एक (१) महिना कैद सजाय हुने गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०६९।९।२९ को फैसलालाई सदर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१।३० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल भदौ ७ गते रोज ३ शुभम् ।

## ६

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०३१६, जबरजस्ती करणी, *नेपाल सरकार वि. मधु भन्ने मधुकर वि.सी.समेत*

फौजदारी मुद्दामा प्रतिवादीको कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहेको हुन्छ । स्वतन्त्र र शङ्कारहित प्रमाणबाट कसुरदार हुन् भन्ने पुष्टि नभएको अवस्थामा अनुमानको भरमा कसुरदार ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तप्रतिकूल हुन्छ । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार अभियोजन पक्षले यी प्रतिवादीहरूले नै पीडित जाहेरवालीलाई जबरजस्ती करणी गरेका हुन् भन्ने शङ्कारहित प्रमाण पेस गर्न सकेकोसमेत पाइँदैन । अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभएसम्म जाहेरी दरखास्त केवल सूचनाको आधार मात्र बन्न सक्छ, त्यस्तो जाहेरी दरखास्तको आधारमा मात्र कसैलाई कसुरदार ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने ।

जाहेरवाली पीडित व्यक्ति स्वयम्ले जाहेरीमा उल्लिखित प्रतिवादीहरूबाट आफूलाई जबरजस्ती करणी भएको होइन भनी अदालतमा बकपत्र गरेको अवस्थामा त्यस्तो जाहेरी दरखास्तलाई प्रमाणमा लिन मिल्दैन । पीडित स्वयम्ले आफूलाई जबरजस्ती करणी गर्ने व्यक्तिहरू प्रतिवादीबाहेकका अन्य अपरिचित व्यक्ति हुन् भनी बकपत्र गरिरहेको अवस्थामा अभियोग दाबीकै आधारमा प्रतिवादीहरूलाई कसुरदार ठहर गर्न मिल्ने नदेखिने ।

तसर्थ माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणहरूबाट प्रतिवादीहरू मधु भन्ने मधुकर जि.सी., प्रकाश बोहरा तथा गोपाल भन्ने गणेशकुमार बुढा कसुरदार रहेको पुष्टि हुनसकेको नदेखिँदा निज प्रतिवादीहरूलाई कसुरदार ठहर गरी रूकुम जिल्ला

अदालतबाट भएको फैसलालाई उल्टी गरी सबै प्रतिवादीहरूलाई अभियोगदाबीबाट सफाई दिने गरी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०६६।९।८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल भदौ ७ गते रोज ३ शुभम्।

७

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७१-CR-०७३९, मानव अपहरण तथा शरीर बन्धक, *नेपाल सरकार वि. सम्पन्न केरूङसमेत*

प्रतिवादी विनोद केरूङले जाहेरवालीलाई अपहरण गर्ने कुरा अन्य प्रतिवादीहरूलाई थाहा थिएन भनी मौकामा तथा अदालतमा बयान गर्दा लेखाएको पाइयो। यसरी प्रतिवादी विनोद केरूङले अन्य प्रतिवादीहरूसमेतको सहयोग र सल्लाहमा जाहेरवालीलाई अपहरण गरी शरीर बन्धक लिएको अवस्था भएको भए कसुरमा आफू एक्लैको मात्र संलग्नता रहेको भनी अन्य प्रतिवादीहरूलाई बचाव गर्नाको तथ्यगत प्रमाण वादी पक्षबाट पेस हुन सकेकोसमेत नदेखिँदा अपहरण गर्ने तथा शरीरबन्धक लिने कार्यमा अन्य प्रतिवादीहरूले मतियार वा सहयोगीको भूमिका निर्वाह गरेका थिए भनी व्याख्या गर्न मिल्ने देखिएन। तर प्रतिवादीको बयान, जाहेरवालीको जाहेरी एवम् बकपत्र, मौकामा बुझिएका दिया शंकर तथा जाहेरवालाकी दिदी अम्बिका श्रेष्ठको कागजसमेतबाट उक्त कसुर गर्दाको दिन अन्य प्रतिवादीहरू प्रतिवादी विनोद केरूङसँगै रहेको भन्ने देखिएको र प्रतिवादी विनोद केरूङसमेतले वारदातको दिउसो अन्य प्रतिवादीहरूसँग बजारमा गएको र पीडित भूमिका श्रेष्ठ बसेको डेरामा सँगै गएका भनी खुलाई दिएको पाइन्छ। वारदात मितिमा दिनभर सँगै रहे भएको अवस्थामा अन्य प्रतिवादीहरूलाई अपहरण गर्ने कार्यकोबारेमा थाहा थिएन होला भनी अनुमान गर्न सक्ने अवस्था नहुँदा निज प्रतिवादीहरू सम्पन्न केरूङ, हिमाल डाँगी, मिन तामाङ, गगन आचार्य र दिपेस खत्रीले मानव अपहरण तथा शरीर बन्धकको कसुर गर्ने उद्योगसम्म गरेको भन्ने नै देखिन आयो। तसर्थ प्रतिवादीहरू सम्पन्न केरूङ, हिमाल डाँगी, मिन तामाङ, गगन आचार्य र दिपेस खत्रीले उक्त कसुरको उद्योगसम्म गरेको ठहर गरी भएको पुनरावेदन अदालत इलामको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः विवेचित तथ्य एवम् प्रमाणबाट प्रतिवादीहरू सम्पन्न केरूङ, हिमाल डाँगी, मिन तामाङ, गगन आचार्य र दिपेस खत्रीलाई अभियोग दाबीबाट सफाई दिने गरी झापा जिल्ला अदालतबाट मिति २०६९।१०।९ मा भएको फैसलालाई उल्टी गरी प्रतिवादीहरू सम्पन्न केरूङ, हिमाल डाँगी, मिन तामाङ, गगन आचार्य र दिपेस खत्रीलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको मलको ३ नं. को कसुरको उद्योग गरेकोमा ऐ. ऐनको ५ नं. अनुसार जनही २ (दुई) वर्ष कैद र रू. १२,५००।– (बाह्र हजार पाँच सय रूपैयाँ) जरिवाना हुने ठहर गरी पुनरावेदन अदालत इलामबाट मिति २०७१।३।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ साल भदौ ८ गेत रोज ४ शुभम्।

८

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७१-CR-०९९९, विष्फोटक पर्दाथ, *नेपाल सरकार वि. शेरबहादुर परियार*

बरामदी मुचुल्कामा प्रतिवादीलाई रोहबरमा राखिएको भए पनि सो बरामदी मुचुल्कामा उल्लिखित स्टील सकेट, गन्धक तथा फ्यूजतारलगायतका

चिजवस्तु प्रतिवादीको सँगसाथबाट बरामद भएको भन्ने नदेखिएको साथै प्रतिवादीको घर कोठाबाट समेत बरामद भएको भन्ने नदेखिई प्रतिवादीको घरबाहिर पछाडिबाट बरामद भएको भन्ने बरामदी मुचुल्काबाट खुल्न आएकोमा सो बरामदी वस्तु यिनै प्रतिवादीले नै राखेको हो भनी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको पाइएन । सहप्रतिवादी आकाश भन्ने पर्शाराम घर्तीले यी प्रतिवादीलाई पोल गर्न सकेकोसमेत नदेखिने ।

प्रतिवादी शेरबहादुर परियारले विष्फोटक पदार्थ ऐन, २०१८ को दफा १० (१) क कानूनी व्यवस्थाअनुसारको कसुर गरेको भन्ने तथ्ययुक्त र ठोस प्रमाणबाट पुष्टि हुन सकेको पाइएन । बसमा बरामद भएको विष्फोटक पदार्थ, सो विष्फोटक पदार्थ नेपाली सेनाका १९ नं. बाहिनीका सह सेनानीसमेतको टोलीले निस्कृय गरेको भन्ने तथ्य, प्रतिवादीको घर पछाडिबाट स्टील सकेट, गन्धक वा कच्चा पदार्थ, फ्यूजतारसमेत बरामद भएको भन्ने बरामदी मुचुल्काको आधारमा मात्रै प्रतिवादीको कसुर प्रमाणित गरेको भन्ने अर्थ गर्न मिल्ने नदेखिने ।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था तथा प्रमाणबाट शेरबहादुर परियारलाई विष्फोटक पदार्थ ऐन, २०१८ को दफा ४(१) बमोजिम कसुरदार ठहर गरी ऐ. ऐनको दफा १०(१)(क) बमोजिम कैद वर्ष १ (एक) र रू. १०,०००। (दश हजार रूपैयाँ) जरिवाना हुने ठहर गरेको दाङ देउखुरी जिल्ला अदालतको मिति २०६९।१०।१७ को फैसलालाई प्रतिवादी शेरबहादुर परियारको हकमा उल्टी गरी निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाई दिने गरी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७०।९।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल भदौ ८ गते रोज ४ शुभम् ।

९

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७२-CR-१४४७, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. प्रकाश गुरूङ*

प्रतिवादीले पीडितलाई मार्ने उद्देश्य वा मनसायबाट छुरी प्रहार गरेको भए छुरीको पहिलो प्रहारबाट पीडितको शरीरमा मर्नेसम्मको घाचोट लाग्न सक्नेतर्फ विचार गर्नुपर्ने हुन्छ । तर पीडितको घाउ सामान्य प्रकृतिको देखिई ३५ दिनभित्र निको हुन नसक्ने प्रकृतिको रहेको भन्नेसमेत नदेखिएको र पीडितको घाजाँच प्रतिवेदनबाट लागेको घाउचोटबाट पीडितको ज्यान मर्न सक्ने अवस्था नरही सामान्य अवस्थाको देखिन्छ । मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. को कसुर स्थापित हुन ज्यान मार्ने उद्देश्यले प्रतिवादीले ज्यान मार्नेसम्मको काम गरिसकेको तरबीचैमा कुनै किसिमको हस्तक्षेप वा अवरोध उत्पन्न भएका कारण पीडितको ज्यान मर्न नपाएको अवस्था स्थापित हुनुपर्ने देखिन्छ । प्रस्तुत मुद्दामा पीडितको शरीरमा ज्यान मर्नेसम्मको चोट छाडेको नदेखिएको अवस्थामा प्रतिवादीले ज्यानसम्बन्धीको महलको १५ नं. अनुसारको कसुर गरेको भन्न कानूनसम्मत नदेखिँदा पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम् मिसिल संलग्न प्रमाणबाट प्रस्तुत मुद्दा दुनियाँ वादी भई कुटपिटको महलबमोजिम चल्न सक्ने देखिँदा जाहेरवालाले मुद्दा सकार गरे प्रस्तुत मिसिलबाट कुटपिटतर्फ कारवाही किनारा गरी दिने गरी कुटपिटतर्फ परिणत गरिदिएको तथा प्रत्यर्थी प्रतिवादी प्रकाश गुरूङलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. बमोजिम ५ वर्ष कैद सजाय गर्ने गरी भएको काठमाडौं जिल्ला अदालतको

मिति २०७०।११।२७ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रत्यर्थी प्रतिवादी प्रकाश गुरूङलाई सफाई दिने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।३।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ साल भदौ ८ गते रोज ४ शुभम्।

१०

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७२-CR-१४६३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दिनेशप्रसाद न्यौपाने*

शङ्काको आधारमा परेको जाहेरीमा उल्लिखित व्यहोरालाई समर्थन हुने गरी अदालतमा बकपत्र गरेकै आधारमा अन्य स्वतन्त्र प्रमाणबाट समर्थित र पुष्टि नभएसम्म जाहेरी दरखास्त अपराधको एउटा सूचनासम्म हुने हुँदा त्यस्तो जाहेरी दरखास्तलाई नै मुख्य प्रमाणको रूपमा लिन नमिल्ने।

२०६५ सालमा विवाह भएकी मृतकबाट जन्मिएको बच्चाको उमेर ३ वर्षभन्दा कमको नै रहेको देखिएको अवस्थामा उल्लिखित प्रमाण ऐन, २०३१ को दफा ३८ को कानूनी व्यवस्थाअनुसार पनि प्रमाणमा लिनका लागि निजलाई सोधिएको प्रश्नको युक्तियुक्त जवाफ दिन सक्ने अवस्थाको व्यक्ति मानी प्रमाणमा लिन मिल्ने अवस्था नरहने।

सानो दाउरामा सल बाँधी मृतक झुण्डिएको कारणले तथा मृतकको खुट्टाले भुइँ टेकेको वा शवले घुँडा टेकेको भन्ने मात्र आधारमा मृत्युको कारण आत्महत्या हुन सक्दैन भनी अर्थ गर्न मिल्ने नदेखिने।

शव परीक्षण प्रतिवेदनमा स्पष्ट रूपमा मृत्युको कारण झुण्डिएर भएको भन्ने खुलाई सो व्यहोरालाई शव परीक्षण गर्ने विशेषज्ञ डाक्टरले अदालतमा उपस्थित भई समर्थित हुने गरी बकपत्रसमेत गरेको अवस्थामा जाहेरवालाको बकपत्र तथा वादीका साक्षीहरूले अनुमानको आधारमा रञ्जिता पौडेल न्यौपानेलाई प्रतिवादीहरूले कर्तव्य गरी मारी उक्त स्थानमा ल्याई झुण्ड्याएका हुन् भनी मौकामा व्यक्त गरेको कुरालाई बकपत्र गरी समर्थित गरेको भन्नेमात्र आधारमा मृतकको मृत्यु प्रतिवादीहरूकै कर्तव्यबाट भएको भनी अर्थ गर्न नमिल्ने हुँदा पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नसकिने।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था, सिद्धान्त एवम् प्रमाणसमेतबाट प्रतिवादी सलिना ढुङ्गाना भन्ने गौरी न्यौपाने ढुङ्गानालाई अभियोग दाबीबाट सफाई दिई भएको सुरूको फैसलालाई सदर गरी र अन्य प्रतिवादीहरू सुशीला न्यौपाने र गोविन्द न्यौपाने भन्ने दिनेशप्रसाद न्यौपानेलाई अभियोग दाबीबाट सफाई दिनुपर्नेमा अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्म कैदको सजाय हुने ठहर गरी काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०७०।८।३० को फैसला निजहरूको हकमा मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरू गोविन्द भन्ने दिनेशप्रसाद न्यौपाने र सुशीला न्यौपानेलाई अभियोग दाबीबाट सफाई दिने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१०।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्दिरा शर्मा

इति संवत् २०७३ साल भदौ ८ गते रो ४ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६४-CI-०५८७, दर्ता बदर सार्वजनिक

सन्धिसर्पन कायम, *श्रीमती प्रभा कार्कीसमेत वि. श्रीमती देवी गुरूङ*

प्रस्तुत जग्गाको अवैध दर्तासम्बन्धी कारवाहीको दौरान र त्यसपछि कृत्रिम प्रमाण सिर्जना गर्ने हिसाबले यो विवाद परेपछि केही निवेदकले र अन्य व्यक्तिहरूले नगण्य जग्गामा भोगचलन गरेको हुनसक्ने अवस्थाबाटै मुद्दा पर्नुभन्दा अघिको वास्तविकता ओझेलमा पर्ने हुँदैन । यी पुनरावेदकहरूलाई दाबीको जग्गा आफूहरूको भएको भन्ने कुराको होस आउनु धेरै अघि विवादित जग्गाले सार्वजनिक स्वरूप धारण गरेकै कारणबाट माथि उल्लिखित गुरूङहरूले यै जग्गामा टहरा आदि बनाई बसोबास गरेको सो विरूद्ध पुनरावेदकहरूले खिचोला मेटाई चलन पाउनका लागि मुद्दा मामिला आदि केही नगरी बसेको कुराबाट समेत विवादको जग्गामा मालपोत ऐन, २०३४ को दफा ७(२) बमोजिम पुनरावेदकहरूको भोग स्थापित हुन सकेको नदेखिने ।

कि.नं. ५९१, ३३६ र २९६ निजको भन्ने भिड्न मिल्न नआएकोले यी कित्ता ...समेत दर्ता गर्न नमिल्ने भनी नापी विशेष अदालतले २०३२।३।२९ मा निर्णय गरेर जग्गा (नाप जाँच) ऐन, २०१९बमोजिम नै विवादित जग्गाको दर्तासम्बन्धी विवादको टुङ्गो लगाएको देखिन्छ । यसरी विवादित जग्गा नाप जाँच भएको लगत्तैपछि जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम विवादित जग्गाको दर्ताको विवाद टुङ्गो लागेको वर्षौंपछि मालपोत कार्यालयले पुनरावेदन वा रिट तहबाट हेरेजस्तो गरी सो अन्तिम निर्णयविपरीत निर्णय गर्न पाउने हिसाबले मालपोत ऐन, २०३४ को दफा ६ र ७ को तर्जुमा भएकै होइन । नापी विशेष अदालतको उक्त निर्णय प्रतिवादीहरूको हकमा नभएको भन्ने सुरू जिल्ला अदालत र पुनरावेदकहरूले लिएको अर्को तर्कलाई जबरजस्ती गरिएको तर्कको संज्ञा दिनुपर्ने हुन्छ । जो जसको निवेदनबाट निर्णय भएको भए पनि सो निर्णय किनं ५९१ को दर्ताका सम्बन्धमा भई कि नं ५९१ को जग्गाको फिल्डबुक व्यहोराको पर्ती सार्वजनिक स्वरूप यथावत् रहेकोमा विवाद छैन । कुनै जग्गाको दर्ता विषयमा पटकपटक निर्णय हुने कुरा निर्णयको निश्चितताको सिद्धान्तविपरीत हुन्छ । तीन सदस्यीय शक्तिशाली नापी विशेष अदालतले गरेको निर्णयविपरीत सोही विषयवस्तुमा निवेदन लिन र सोविपरीत ठहर फैसला गर्न पाउने अधिकारक्षेत्र मालपोत कार्यालयलाई रहे भएको मान्न नसकिने ।

मालपोत कार्यालय, सो अदालतउपरको पुनरावेदन सुन्ने वा अ.बं. ८६ नं. बमोजिमको नालेस सुन्ने निकाय होइन । त्यसरी मालपोत कार्यालयमा पुनरावेदन वा नालेस परेको पनि छैन । यस स्थितिमा नापी विशेष अदालतको निर्णय अन्तिम भई बसेको अवस्थामा सोही दर्ताको प्रश्न पुनः बिउँताई मालपोत कार्यालयले पुनरावेदकहरूको नाममा विवादित जग्गा दर्ता गरेको मालपोत कार्यालयको मिति २०५६।६।२७ को निर्णयमा अधिकारक्षेत्रको स्पष्ट त्रुटि देखिने ।

मालपोत ऐन, २०३४ को दफा ७(२) मा दर्ताको मागसम्बन्धी निवेदन परेको मितिले २ वर्षभित्र निर्णय गरिसक्नुपर्ने भनी हदम्यादको बाध्यात्मक व्यवस्था भएको पाइन्छ । कानूनको अक्षरशः पालन नभएमा कानून निरीह बन्न पुग्छ । अराजकता तथा स्वेच्छाचारिता मौलाउँछ । कानूनको शासन र सुशासनको मान्यताले यसलाई कदापि सहन सक्तैन । निवेदन परेको २ वर्षभित्र निर्णय नगरेमा म्याद थप हुन कानूनी व्यवस्थाको अभावमा उक्त दफा ७ ले दिएको २ वर्षको म्याद नघाई चानचुन १५ वर्ष लगाई भएको दर्ता निर्णय आफ्नो अनुहारबाटै अवैध देखिने ।

खर्क जग्गा भनेको खेतीपाती आबाद गर्न नमिल्ने प्रशस्त क्षेत्रफल ओगटेको गाउँ टोल समुदाय

आदिले पशुचरनसमेतका कामको लागि प्रयोग गर्ने जग्गा मानिन्छ । यस्तो जग्गा व्यक्ति विशेषको नाममा निजी हकभोगको रूपमा दर्ता गर्नको लागि तत्कालीन सरकारको स्वीकृति आवश्यक हुन्छ । यसको लागि माल कार्यालयमा कारवाही चलाउनु पर्ने हुन्छ । खर्क जग्गाको लगत जिमुले खडा गरी दर्ता गर्न मिल्ने देखिँदैन । अर्कोतिर मालपोत कार्यालयको निर्णयमा पनि लगत नं उल्लेख भएको पाईदैन । २०५६।६।१८ को टिप्पणीमा खर्चरी भन्ने कुनै व्यहोरा रहेको देखिँदैन । खर्क जग्गा भनिन्छ तर सो बखतको तिरो रू ५२ तिर्ने भन्ने व्यहोराबाट खर्क जग्गाको दस्तूर र उल्लिखित तिरो मिले भिडेको भन्न सकिने अवस्था नहुने ।

खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१ को निर्माण भई २०३१।६।२० को राजपत्रमा र खर्क जग्गा राष्ट्रियकरण नियमहरू, २०३३ को पनि निर्माण भई २०३३।७।३० को राजपत्रमा प्रकाशितसमेत भइसकेको तर तत्काल लागू नभई प्रस्तुत मुद्दा दायर भएको मितिपछि २०६५।२।१५ देखि नेपाल भर लागू भएको कारणबाटै सो ऐनलाई सरकारी निकायले नै छल्न वा नजर अन्दाज गर्न मिल्छ भन्नु उपयुक्त हुँदैन । बेलायतमा कानून आयोगको प्रतिवेदन र कानूनको मस्यौदा आदि लिखतलाई पनि मध्यनजर गरी कानूनको व्याख्या र प्रयोग हुने गरेको कुरा एक यथार्थ हो । ती लिखत कानून नभए पनि तिनको persuasive।moral and judicial authority ले गर्दा अदालतले फैसला गर्दा आवश्यकतानुसार ती लिखतहरूकोसमेत विशद विवेचना गरी फैसला गर्ने गरेको पाइन्छ । ती प्रतिवेदन र मस्यौदाले त्यत्रो महत्त्व पाएको विकसित राष्ट्रको न्यायप्रणालीको वर्तमान यथार्थको नेपालका अदालतहरूले जानकारी लिनु आवश्यक हुने ।

जारी भएको तर लागू नभएको कानूनको कुनै महत्त्व र शक्ति छैन भनी त्यसलाई छल्ने कुरा त झनै सोच्न सकिँदैन । मालपोत ऐन, २०३४ ले खर्क जग्गा पनि मालपोत कार्यालयको अधिकारक्षेत्रभित्र पारेको र सो अवस्थामा मालपोत ऐन, २०३४भन्दा छुट्टै व्यवस्था गर्नका लागि खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१ आएको स्थिति रहेको भए सो ऐन लागू नभएसम्म साबिकबमोजिम झैँ मालपोत ऐन, २०३४ अनुसार मालपोत कार्यालयले खर्क जग्गाका सम्बन्धमा निवेदन लिन र उपयुक्त काम कारवाही र निर्णय गर्न कुनै बाधा रहँदैन्थ्यो । तर खर्चरी लगतको जग्गालाई शुद्ध रैकरको हिसाबले दर्ता गर्न पाउने सम्बन्धमा मालपोत ऐन, २०३४ मा कुनै व्यवस्था नभएको र खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१ प्रमाणीकरण भई नेपाल राजपत्रमा प्रकाशित भइसकेको अवस्थामा रैकर जग्गा दर्ता गर्नेसम्बन्धी मालपोत ऐन, २०३४ को दफा ७(२) को प्रयोग गरी विवादित जग्गा पुनरावेदकहरूको नाममा दर्ता गरेको मालपोत कार्यालयको मिति २०५६।६।२७ को निर्णयमा खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१ को स्पष्ट त्रुटि रहेको पाइने ।

पुनरावेदकहरूको १९९१ सालको लगतमा तल्लो बारी घरबारी खर्चरी देखिएको र साझा रूपमा दर्ता हुनुको कारण खुलेको पाईदैंन । सो साझा दर्तामध्ये को कसको कति हक र भूसुको ७ नं. फारम कसको नाममा भरिएको हो सो र स्रोत हस्तान्तरण भएको पनि पुनरावेदकहरूले देखाउन सकेका छैनन् । नापीका समयमा आआफ्ना हकभोगका यो यति जग्गा यो यति कारणले किनं ५९१ मा घुस्न गएको हो भनी क्षेत्रफलसमेत खुलाई स्पष्ट गर्न सकेका छैनन् । नापी भएको करीब ९ वर्षपछि पूर्णबहादुर बानियाँसमेतका ९ जनाले मात्र निवेदन दिएको, भईआएको नक्शा प्रकृति हेर्दा पनि दाबीका जग्गामा चौतारो, भैंसी आहाल बस्ने आहाल पोखरी, बाँझो जग्गा गाई बाख्रा चर्ने खालको

पटांगिनी खाली जग्गा देखिन्छ भनी पुनरावेदन अदालत पोखराले सुरू जिल्ला अदालतको सबै आधार गलत रहेको देखाई मिति २०६४।३।१३ मा पुनरावेदन अदालत पोखराले गरेको फैसलाको तारीफ गर्नै पर्ने।

विवादित जग्गा व्यक्तिविशेषको हकको जग्गा देखिन नआई विशुद्ध पर्तीसमेत भएको मालपोत ऐन, २०३४ को दफा (ख२) अन्तर्गतको सार्वजनिक जग्गा देखिएको त्यसको मौलिकता मासिने गरी पुनरावेदक र प्रत्यर्थी दुवै पक्षले जथाभावी गरी सो जग्गा कब्जा गरेको कार्यलाई वातावरणीय हिसाबले पनि अक्षम्य मान्नुपर्छ । यस्तो सार्वजनिक प्रकृतिको जग्गामा पोखरा उमपाले सिफारिश गरेको वा सार्वजनिक सूचनाको म्यादभित्र उजुर नपरेको आदि कारणबाट व्यक्ति विशेषको हक पुग्न नसक्ने हुँदा विवादित जग्गा सार्वजनिक ठहर गरेको पुनरावदेन अदालत पोखराको मिति २०६४।३।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल फागुन २३ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६४-CI-०५८८, निर्णय दर्ता बदर खिचोला मेटाई हक कायम दर्ता, *धनराज गुरूङ वि. महेन्द्र बहादुर कार्कीसमेत भएको मुद्दामा पनि यसै अनुसार फैसला भएको छ।*
- ०६४-CI-०९३७, निषेधाज्ञा, *वसन्तप्रसाद कोइरालासमेत वि. देवी गुरूङसमेत*
- ०६४-CI-०५८५, निर्णय दर्ता बदर खिचोला मेटाई हक कायम दर्ता, *प्रभा कार्कीसमेत वि. टंकप्रसाद गुरूङ*
- ०६४-CI-०३१९, जग्गा दर्ता, *घनश्याम बानियाँसमेत वि. पार्वती गुरूङ*
- ०६४-CI-०३१८, जग्गा दर्ता, *घनश्याम बानियाँसमेत वि. धनराज गुरूङ*
- ०६४-CI-०५८४, जग्गा दर्ता, *प्रभा कार्कीसमेत वि. पार्वती गुरूङ*
- ०६६-WO-०७४५, परमादेश, *धनराज गुरूङ वि. मालपोत कार्यालय, कास्की पोखरा*
- ०६७- WO -०१६५, परमादेश, *कुवीर गुरूङसमेत वि. मालपोत कार्यालय, कास्की पोखरा*

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-RC-००४८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विष्णुबहादुर कुमाल*

घरभित्रको डाँडीमा श्रीमतीलाई झुण्डिएको मृत अवस्थामा देखेँ। घाँटीमा पासोको डाम, नाकको प्वालमाथि बायाँतर्फ मासुको भाग काटे जस्तो र बायाँ आँखाको नानी नभएको अवस्थामा मृत लास रहेको भनी विष्णुबहादुर कुमालले जाहेरी दिएको देखिन्छ । विष्णुबहादुरको घरमा माथिको तलामा काठको डाँडीमा ब्लाउजको पासो मृतकको घाँटीमा लागेको, दुवै घुँडा टेकिएको अवस्थामा लास रहेको, घाँटीमा नागबेली डाम, बायाँ आँखाको नानी नभएको, नाकको बायाँ प्वालमाथि मासुको भाग काटिएको, दायाँ हातको माथि औंलामा सानो काटिएको भन्नेसमेत व्यहोराको घटनास्थल लास जाँच मुचुल्काबाट देखिन्छ। ओमकली कुमालको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण 'Undetermined' भन्ने उल्लेख भएको देखिन्छ। तर सो प्रतिवेदनमा Penetrating wound of left eye complete disruption of eye ball, foul smelling discharge from nostrils,

mouth-foul smelling discharge, double ligature mark over rope of neck भन्नेसमेत व्यहोरा उल्लेख भएको देखिन्छ । उल्लिखित जाहेरी, घटनास्थल लासजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट ओमकलीको मृत्यु प्राकृतिक रूपले नभई कर्तव्यबाट भएको पुष्टि हुन आउने ।

शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण नखुले पनि घाँटीमा ligature mark देखिएको, बायाँ आँखाको नानी पुर्णरूपमा छिन्नभिन्न भएको देखिएको छ । यसबाट पनि मृतक र प्रतिवादीबीच वारदातको समयमा कुटपिट भएको र सोपछि घाँटीमा बाँधी झुण्ड्याएको देखिन आयो । Viscera परीक्षणको लागि पठाइएको नमुनाहरूमा Insecticides, ethyl alcohol, methyl alcohol र phosphine gas को परीक्षणमा नकारात्मक परिणाम अर्थात् उक्त विषहरू पाइएको छैन । प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयानमा निज आरोपित कसुर स्वीकार गरेको तथा निजको सो बयान व्यहोरा निजका आमा बहिनीलगायतका व्यक्तिहरूले लेखाइदिएको घटना विवरण कागज र सोलाई समर्थन गरी गरेको बकपत्रबाट निजले नै सो वारदात घटाएको देखिन्छ । प्रतिवादीलाई निजका बहिनी, आमा समेतका व्यक्तिहरूले निजको विरूद्धमा बकपत्र गर्नुपर्नेसम्मको कारणसमेत नदेखिएको अवस्थामा निजहरूको कागज व्यहोरा तथा बकपत्रले प्रतिवादीको अनुसन्धानको क्रममा भएको बयानलाई समर्थन गरेकोले सोलाई अन्यथा भन्न मिलेन । निजले मौकामा गरेको बयान वस्तुनिष्ठ रूपमा प्रमाणित भइरहेको अवस्थामा अदालतमा बयान गर्दा अभियोग दाबी अस्वीकार गरे पनि सोलाई पुष्टी गर्ने कुनै वस्तुनिष्ठ प्रमाणसमेत पेस गर्न नसकेको तथा वारदात हुँदा वारदात स्थलमा अन्य कुनै व्यक्तिको उपस्थितिसमेत नदेखिँदा निजउपरको अभियोग दाबी शङ्कारहित तवरले पुष्टि हुन आयो । तसर्थ पुनरावेदन अदालतको फैसलालाई अन्यथा गरिरहनु नपर्ने ।

प्रतिवादी विष्णुबहादुर कुमाललाई सुरू र पुनरावेदन अदालतबाट सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहरी अ.बं.१८८ नं. बमोजिम १२ वर्ष कैद गर्ने भनी व्यक्त भएको रायको सम्बन्धमा विचार गर्दा वारदात हुँदाका बखत यी प्रतिवादीको उमेर २२ वर्ष भएको, निजले हेरचाह गर्नुपर्ने एक नाबालक छोरा पनि रहेको र निजको आर्थिक अवस्थासमेत कमजोर रहेको देखिन्छ । वारदातको दिन मृतकले प्रतिवादीलाई गाली गरेको, निजहरूबीच झगडा भएको र सोही रिसले प्रतिवादीले आफ्नी श्रीमतीको हत्या गरेको भनी प्रतिवादीको बयानबाट देखिन्छ । यसरी मृतकको व्यवहारले पनि प्रतिवादीलाई वारदात गर्न उक्साएकोसमेतको वारदात हुँदाको परिस्थितिसमेतलाई मध्यनजर गर्दा प्रतिवादीलाई कानूनबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले १२ वर्ष कैद सजाय हुने भनी सुरू जिल्ला अदालतबाट व्यक्त भएको रायलाई सदर हुने ठहर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

अतः उल्लिखित तथ्य, विवेचना एवम् प्रमाणहरूको आधारमा गुल्मी जिल्ला अदालतले अभियोग दाबीबमोजिम मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३(३) नं.को कसुरमा प्रतिवादी विष्णुबहादुर कुमाललाई सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहऱ्याई अ.बं.१८८ नं. बमोजिम १२ वर्ष कैद सजाय हुने गरी व्यक्त भएको रायलाई सदर हुने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।०७।०२ मा भएको फैसला मिलेको देखिँदा

साधक सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७२ साल फाल्गुण १४ गते रोज ६ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-१०९६, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. दिल नारायण श्रेष्ठ*

प्रतिवादी दिलनारायण श्रेष्ठले जाहेरवाला दानबहादुर तामाङले जाहेरीसाथ पेस गरेको वैदेशिक रोजगारको कागजमा भएको सहीछापलाई अधिकारप्राप्त अधिकारी र न्यायाधिकरणसमेतमा बयान गर्दा स्वीकार गरेपनि पुनरावेदनमा जिकिर लिइएको थप बिगो रू. ७,४०,०००।- को सम्बन्धमा भने पूर्णरूपमा इन्कार रहेको देखिन्छ । बिगो रू. ६,३००,०००।– मिसिल संलग्न वैदेशिक रोजगारको लिखतबाट पुष्टि भएपनि जाहेरी र अभियोगमा उल्लेख भएको सोबाहेकको बिगो प्रतिवादीले पीडितबाट लिएको भन्ने कुनै प्रमाण जाहेरवाला एवम् अन्य पीडितले पेस गर्न सकेको मिसिलबाट देखिँदैन । स्वयम् विशाल तामाङसमेतका पीडितले बकपत्र गर्दा निजहरूले प्रतिवादीलाई दिल्लीमा दिएको भनिएको रकमका विषयमा केही उल्लेख गर्न नसकेको अवस्थामा फगत अभियोग दाबीकै भरमा मात्र उक्त बिगो पनि प्रतिवादीले लिएको रहेछ भनी भन्नु उपयुक्त नहुने।

प्रत्यर्थी प्रतिवादीले वैदेशिक रोजगारका लागि विशाल तामाङसमेतका पीडितहरूबाट दिल्लीमा लिएको भनिएको अभियोग दाबीमा उल्लिखित रू. ७,४०,०००।- को बिगो सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा २५बमोजिम पुनरावेदक वादी नेपाल सरकारले वस्तुनिष्ठ प्रमाण पेस गरी प्रमाणित गर्न नसकेको हुँदा उक्त बिगो र सोको ५० प्रतिशतले हुने हर्जानासमेत उपरको अभियोग दाबी पुग्न नसक्ने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा रहेको भन्न नमिल्ने।

तसर्थ, विवेचित आधार र कारणबाट प्रत्यर्थी प्रतिवादी दिलनारायण श्रेष्ठले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम कसुर गरेको ठहर गरी निजलाई ऐ. ऐनको दफा ४३बमोजिम १।६।० कैद र रू १,५०,०००।- जरिवाना हुने एवम् बैदेशिक रोजगारको कागजले प्रमाणित भएको बिगो रू. ६,३०,०००।- र सोको ५० प्रतिशतले हुने हर्जानासमेत रू. ९,४५,०००।- निज प्रतिवादीबाट जाहेरवाला दानबहादुर तामाङले भरी पाउने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।९।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल माघ १२ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०६१७, वैदेशिक रोजगारसम्बन्धी कसुर, *नेपाल सरकार वि. महेन्द्र खड्कासमेत*

प्रत्यर्थी पिताम्बरध्वज खड्काले प्रत्यर्थी महेन्द्र खड्कालाई कर्मचारी नियुक्ति गरेको भनी पेस गरेको सक्कलै नियुक्ति पत्रमा रहेको हस्ताक्षर र करियर इन्टरनेसनल स्कुलको नियमावलीमा रहेको निजको हस्ताक्षर एक आपसमा मिल्छ मिल्दैन भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा परीक्षण गर्न पठाउँदा नियुक्ति पत्रको हस्ताक्षरसँग मिल्दैन भनी

प्रतिवेदन प्राप्त भई परीक्षण गर्ने सम्बन्धित विशेषज्ञ न्यायाधिकरणमा उपस्थित भई प्रतिवेदनको व्यहोरा पुष्टि गरी बकपत्रसमेत गरिदिएको पाइन्छ । यसरी प्रत्यर्थी प्रतिवादी महेन्द्र खड्काले बयान गर्दा प्रत्यर्थी पिताम्बरध्वज खड्का मुख्य कसुरदार हो भनी लगाएका पोलहरू न्यायिक परीक्षणबाट पुष्ट हुन नसकेको हुँदा जाहेरवालाबाट रकम लिई रसिद दिने व्यक्ति पनि प्रत्यर्थी महेन्द्र खड्का नै रहेको देखिन आउने ।

३० जना जाहेरवालाहरूमध्ये कसैले पनि यी प्रत्यर्थी प्रतिवादी पिताम्बरध्वज खड्कालाई आफूहरूले वैदेशिक रोजगारीमा पठाउने भनी रकम दिई निजबाट रसिद लिएको भनी जाहेरीमा उल्लेख गर्न र न्यायाधिकरणमा उपस्थित भई बकपत्र गर्दासमेत लेखाउन नसकेको हुँदा यी प्रत्यर्थी प्रतिवादीउपरको सहप्रतिवादी महेन्द्र खड्काको पोल यथार्थपरक र साँचो रहेको देखिन आएन । तसर्थ, मिसिल संलग्न सबुत प्रमाणबाट प्रत्यर्थी प्रतिवादीउपरको वैदेशिक रोजगार कसुरको अभियोग प्रमाणित हुन सकेको नदेखिँदा निजले अभियोग दाबीबाट सफाई पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

जाहेरवाला स्वयम् मुद्दामा निर्णय नहुँदै न्यायाधिकरणसमक्ष उपस्थित भई बिगो प्राप्त गरेको सूचना गरी चित्त बुझाएको देखिन्छ । पीडित भनिएको व्यक्तिले फैसला हुनु अगावै रकम बुझिसकेको स्थितिमा सो बिगो फैसला हुँदाका दिनसम्म कायम रहिरहेको मान्न न्यायपूर्ण हुने भएन । तसर्थ बुझिसकेको बिगोको हर्जानाबापतको रकम भराउन न्यायको रोहमा उचित नदेखिएकोले जाहेरवाला महेन्द्र श्रेष्ठको बिगोको हकमा हर्जानाबापतको रकम नभराएको मिलेन भन्ने पुनरावेदन जिकिरसमेत उचित देखिन नआउने ।

तसर्थ, उल्लिखित आधार र कारणबाट प्रत्यर्थी प्रतिवादी महेन्द्र के.सी. भन्ने महेन्द्र खड्काले वैदेशिक रोजगार ऐन, २०४२ को दफा ३ र २४(२) बमोजिमको कसुर गरेको र जाहेरवालाहरूलाई विदेश पठाइसकेको अवस्था नहुँदा ऐ. ऐनको दफा २४(२) बमोजिम निजलाई रू.२५,०००।– जरिवानाको सजाय हुने र जाहेरवाला महेन्द्र श्रेष्ठबाहेकका अन्य २९ जना जाहेरवालाहरूको बिगो रू ६,७७,५००। र ऐ. ऐनको दफा ४३बमोजिम सोको ५० प्रतिशतले हुने हर्जानासमेत रू.१०,१६,२५०।- प्रत्यर्थी प्रतिवादी महेन्द्र खड्काबाट जाहेरवालाहरूले भराई लिन पाउने र प्रत्यर्थी प्रतिवादी पिताम्बरध्वज खड्काले अभियोग दाबीबाट सफाई पाउने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०६९।५।११ मा भएको फैसला मिलेको हुँदा सदर हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटर: अभिषेक कुमार राय

इति संवत् २०७३ साल माघ १२ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०६९७, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. गोपाल खनाल*

प्रत्यर्थी प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमेतमा अभियोग दाबीको कसुरमा संलग्न नरहेको भनी बयान गरेको र निजको सो बयान जाहेरी दरखास्तको व्यहोरा, जाहेरवालाहरूको बकपत्र, पीडितहरूको बकपत्र एवम् रकम बुझिलिँदा गरिदिएको रसिदसमेतका मिसिल संलग्न वस्तुनिष्ट प्रमाण कागजबाट अन्यथा प्रमाणित नभएको हुँदा प्रत्यर्थी प्रतिवादीले अभियोग दाबीबमोजिमको वैदेशिक रोजगारको कसुर गरेको भनी भन्न मिलेन । यस स्थितिमा पहिलो जाहेरीमा आरोपित प्रतिवादी पक्राउ नपरेपछि प्रत्यर्थी प्रतिवादी गोपाल खनाललाई

पोल गरी परेको दोस्रो जाहेरीलाई मात्र आधार मानी निजलाई कसुरदार कायम गरी सजाय गर्न न्यायोचित हुने नहुँदा प्रमाणको अभावमा अभियोग दाबीबाट प्रत्यर्थी प्रतिवादीलाई सफाई दिएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसलामा कुनै त्रुटि रहेको देखिन नआउने।

तसर्थ, उल्लिखित आधार र कारणबाट प्रतिवादी लालचन्द बहादुर भण्डारी भन्ने लाल बहादुर भण्डारीले अभियोग दाबीबमोजिमको वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर गरेको ठहर गरी निजलाई कैद वर्ष ४ र रू. ३,००,०००।– जरिवानासमेतको सजाय गरी दाबीको बिगो र सोको ५० प्रतिशतले हुने हर्जानासमेत जाहेरवाला पीडितहरूले निजबाट भराई लिन पाउने एवम् प्रत्यर्थी प्रतिवादी गोपाल खनालले अभियोग दाबीबाट सफाई पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०६९।९।२२ मा भएको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल माघ १२ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-CR-०१११, कर्तव्य ज्यान, चतुरे रोकाया *वि. नेपाल सरकार*

प्रतिवादीको बयान, घटना विवरण कागज, सह-प्रतिवादीहरूको बयान, शवपरीक्षण प्रतिवेदनसमेतबाट धनकलाको मृत्यु प्रतिवादीकै कर्तव्यबाट भएको भन्ने तथ्य पुष्टि हुन आएको हुँदा प्रतिवादीलाई शङ्काको भरमा मात्र कसुरदार ठहर गरेको भन्न मिलेन। यसरी अन्य कारणबाट मृतकको मृत्यु भएको नदेखिई प्रतिवादीकै कर्तव्यबाट मृत्यु भएको देखिन आएकोले प्रतिवादी चतुरे रोकायालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत दिपायलको मिति २०७०।११।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको फैसला सदर हुने ठहर भए तापनि यी प्रतिवादीले आफ्नी पत्नीलाई मार्नुपर्ने पूर्वरिसइवी रहेको नदेखिएको, खेतमा रहेको मकै बोक्ने सम्बन्धमा निजहरूबीच भनाभन भई तत्काल उठेको रिस थाम्न नसकी मृतकलाई झम्टिएको कारण मृत्यु भएको देखिएको र आफ्नो पत्नीसँगको सामान्य वादविवादबाट सिर्जित उक्त घटना भवितव्य हो की भन्नेसम्मको अवस्था देखिँदा प्रतिवादीलाई अभियोग माग दाबीअनुसार मुलुकी ऐन ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने भई मुलुकी ऐन, अ.ब. १८८ नं. बमोजिम वर्ष १० कैद गर्दा सजायको मकसद पुग्ने देखिँदा निज प्रतिवादी चतुरे रोकायालाई अ.ब. १८८ नं. बमोजिम वर्ष १०(दश) कैद सजाय हुने।

इजलास अधिकृतः महेश खनाल

इति संवत् २०७३ साल माघ २ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०५०८, जबरजस्ती चोरी, *नेपाल सरकार वि. तिर्थराज शाहीसमेत*

प्रतिवादीहरू कसुर गरेकोमा इन्कारी रही बयान गरेको जाहेरीमा लेखिएबमोजिम जाहेरवालाका पसल होटलमा जबरजस्ती चोरी गरेको भन्ने ठोस सबुद प्रमाण वादी पक्षले गुजार्न नसकेको स्वयम् जाहेरवालालेसमेत यो यति चोरी भएको भनी बकपत्र

गर्दा खुलाउन नसकेको र एउटै रातको वारदातमा दुईथान मुद्दा दायर गरेकोसमेत पाइँदा जबरजस्ती चोरीजस्तो गहन फौजदारी अभियोगमा ठोस प्रमाणको अभावमा प्रतिवादीहरूलाई सफाई दिनुपर्नेमा जबरजस्ती चोरी गरेको ठहऱ्याई हुम्ला जिल्ला अदालतले मिति २०६६।१।६ मा गरेको फैसला मिलेको नदेखिँदा बदर गरी प्रतिवादीहरूलाई सफाई दिने ठहऱ्याई मिति २०६८।२।२४ मा पुनरावेदन अदालत जुम्लाबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने।

न्याय प्रशासन ऐनको ९(१)(ग) अनुसार सर्वोच्च अदालतमा पुनरावेदन लाग्नको निमित्त तीनवर्ष कैद वा पाँच लाख रूपैयाँभन्दा बढी बिगो भएकोमा मात्र पुनरावेदन लाग्ने कानूनी व्यवस्था भएको र प्रस्तुत मुद्दा चोरीको महल १४ (२) नं. को प्रतिवादीहरू उपर रू २३२६२।–को बिगोको मुद्दा भएको देखिँदा प्रस्तुत मुद्दा न्याय प्रशासन ऐनको ९(१)(ग) अन्तर्गतको परिधिभित्र परेको नदेखिँदा पुनरावेदन नै दर्ता हुन नसक्नेमा पुनरावेदन दर्ता भएको देखिए पनि अ.बं.१८० नं.ले खारेज हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल पुस २६ गते रोज शुभम्।

- यसै लगाउको ०६८-CR-०६५३, जबरजस्ती चोरी, *नेपाल सरकार वि. तिर्थराज शाहीसमेत* भएको मुद्दामा पनि यसै अनुसार फैसला भएको छ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-CI-१४६६, अबन्डा सम्पत्ति बन्डा गरिपाउँ, *राजेश मानन्धरसमेत वि. अमरबहादुर मानन्धरसमेत*

मिति २०१६।५।८ को बन्डापत्रमासम्मिलित वादीहरूको पति, पिता जनकलाल मानन्धरको पिता एवम् प्रतिवादीहरूको पिता बुद्धिलाल मानन्धरले २०१६।५।८ को बन्डापत्रबाट निज बुद्धिलाल मानन्धरको नाममा रहेको जग्गा मिति २०२८।१।१४ मा हस्तान्तरण गरेको र सो लिखतको साक्षीमा भिन्न भएको छोरा भनी अमरलाल भन्ने अमरबहादुर मानन्धर रहेको देखिँदा उक्त मितिको बन्डापत्रलाई सो बन्डापत्रमासम्मिलित बुद्धिलाल मानन्धर एवम् प्रस्तुत मुद्दाको प्रतिवादी अमरलाल भन्ने अमरबहादुर मानन्धरले स्वीकार गरेको देखिन आउँछ। यस स्थितिमा वादीहरूको पति एवम् पिताले पनि २०१६।५।८ को बन्डापत्रलाई आचरण एवम् व्यवहारबाट अंगिकार गरेको मान्नु पर्ने देखिन आउने।

दाबीको घरजग्गा २०१६।५।८ को बन्डापत्रमा उल्लेख भएको जग्गा नभएको भन्ने सम्बन्धमा वादीबाट प्रमाण प्रस्तुत हुन सकेको पाइँदैन । यसरी दाबीको घर जग्गा २०१६।५।८ को बन्डापत्रबाट चन्द्रमाया मानन्धर र अमरलाल भन्ने अमरबहादुर मानन्धरको अंश भागमा परेको र सोहीअनुरूप नापीमा दर्तासमेत भई चन्द्रमाया मानन्धरको मृत्युपश्चात् २०४७।९।१९ मा अमरलाल भन्ने अमरबहादुर मानन्धर र राममाया मानन्धरको नाममा नामसारी भएको पुष्टि भएको देखिन्छ । माथि वर्णन गरिएअनुसार दाबीको घर जग्गाको सम्बन्धमा र २०१६।५।८ को बन्डापत्रको सम्बन्धमा २०५०।२।१४ को बन्डापत्रमा कुनै उल्लेख गरेको नदेखिएको र मिति २०१६।५।८ को बन्डापत्रलाई वादीहरूको पति एवम् पिता जनकलाल मानन्धरले आचरण एवम् व्यवहारबाट स्वीकार गरी निजले जीवित रहँदा घर जग्गा अबन्डा भएको भनी बन्डा छुट्याई पाउन कानूनबमोजिम कारवाही चलाउन सकेको नदेखिएको हुँदा दाबीको घर जग्गा अबन्डा

रहेको सम्पत्ति मान्न मिल्ने नदेखिने।

वादीहरूको पति, पिता जनकलाल मानन्धरसमेतबीच २०५०।२।१४ मा भएको बन्डापत्रमा दाबीको घर जग्गा अबन्डा रहेको भन्ने उल्लेख भएको नदेखिएको, २०५०।२।१४ को बन्डापत्रमा २०१६ सालमा भएको बन्डापत्रकोबारेमा कुनै उल्लेख गरेको नदेखिएको, २०१६ सालको बन्डापत्रलाई वादीहरूको पति, पिताले आचरण एवम् व्यवहारबाट स्वीकार गरेको देखिएको र दाबीको घर जग्गा अबन्डा रहेको भनी बादीहरूको पति पिताले जीवित रहेको अबस्थामा कानूनबमोजिम कारवाही चलाउन सकेको नदेखिएको हुँदा दाबीको घर जग्गाको चार भागको दुई भाग अर्थात् दुई भागको एक भाग प्रतिवादीहरूको नाममा भएको दर्ता बदर गरी वादीहरूको नाममा दर्ता कायम भई चलनसमेत पाउने गरी सुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादीको दाबी नपुग्ने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।५।२१ मा भएको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ मङ्सिर २९ गते रोज .... शुभम्।

- यसै लगाउको ०७२-CI-१४६५, हक हिस्सा छोडपत्र लिखत दर्ता कायम गरिपाउँ, *राजेश मानन्धरसमेत. राममाया मानन्धरसमेत।*
- यसै लगाउको ०७२-CI-१४६७, बकसपत्र लिखत दर्ता बदर दर्ता कायम, *राजेश मानन्धरसमेत वि. राममाया मानन्धरसमेत।*

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-RC-०११८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रविलाल अधिकारी*

प्रस्तुत मुद्दामा ज्यान मार्ने मनसाय Mens rea Intention नदेखिएको र अपराध हुँदाका मिति पूर्व रिसइवी नहुनु घटनास्थललाई हेर्दा साँधका कुरामा विवाद भई मृतकले मुखमा थुकी दिएको कारणबाट रिस आवेशमा आई साँधको किल्ला उखेली ५ पटक हानेको अवस्था देखिन्छ। प्रतिवादी र मृतक देवर भाउजूको नाताका भएका र निजहरूकाबीचमा कुनै रिसइवी रहेको भन्नेसमेत नदेखिँदा मृतक र प्रतिवादीबीच मार्नुपर्नेसम्मको पूर्वरिसइवी नरहेको तत्कालको परिस्थितिजन्य अवस्थाका कारण उत्पन्न आक्रोसको कारण वारदात घटना घट्न गई सोही चोटपीडाका कारण मृतकको मृत्यु भएको अवस्थालाई विचारगरी सर्वस्वसहितको जन्मकैदको सजाय यी प्रतिवादी रविलाल अधिकारीलाई गर्दा चर्को पर्ने चित्तमा लागेकोले कम सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने हुँदा पुनरावेदन अदालतले अ.बं.१८८ नं. अनुसार कम सजाय गर्नेगरी व्यक्त गरेको राय मनासिब नै देखिन आउने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल मङ्सिर २६ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-CI-१५३४, अंश चलन, *नारायणलाल श्रेष्ठ वि. रामेश्वरलाल श्रेष्ठ*

वादी र प्रतिवादी एकै आमाबाट जन्मेका दाजुभाइ भएकाले मिति २०३४।९।२७भन्दा पहिले जुनसुकै जरियाबाट न्हुछेमायालाई सम्पत्ति प्राप्त भएको भए पनि एउटा छोराले त्यसको हक पाउने अर्कोले नपाउने भनी अर्थ गर्न मिल्दैन। मानो छुट्टिएको मितिपश्चात् प्राप्त गरेको हुँदा बन्डा नलाग्ने भनिएकोमा

सगोलका दाजुभाईले कसैसँग मुद्दा लडी वा अरू नै जरियाबाट पुर्ख्यौली सम्पत्ति प्राप्त गरेको अवस्थामा त्यस्तो सम्पत्तिमाथि हक नरहने भनी अर्थ गर्दा अंशियारहरूकोबीच समानुपातिक हिसाबले बन्डा हुनुपर्ने भन्ने सिद्धान्तको प्रतिकूल हुनजाने।

सामान्यतः गुठीको जग्गा गुठीको महलको ३ र ५ नं. अनुसार बन्डा लाग्ने अवस्था हुँदैन तर यसको मतलब दाजुभाइमध्ये एउटाका भागमा गुठीको जग्गामा हक कायम रहने तर सोहीसरहको अर्को अंशियारमा गुठीको जग्गामा हक नै नरहने भनी अर्थ गर्न मिल्दैन। यस्तो अवस्थामा वादीलेसमेत गुठीको आयस्ता माग्न आएको अवस्थामा नपाउने भन्न मिल्दैन । वादीले सो सम्पत्तिबाट हिस्सा पाउनु न्यायोचित हुन जान्छ। तसर्थ, गुठीको जग्गामा र प्रतिवादीले उत्तम बहादुरसँग मुद्दा लडी प्राप्त भएको सम्पत्तिमा समेत वादीको हक रहने नै देखिने।

आमा न्हुछेमाया मिति २०४२।१।१ मा वादी र प्रतिवादी चुल्हो मानो अलग गरी भिन्न भएपश्चात् वादीसँग नबसी प्रतिवादीसँग बसेको पाइन्छ। फेरी न्हुछेमायाले आफ्नो सम्पत्ति अष्टलोह गरी प्रतिवादीलाई दिएको भन्ने कुरालाई वादीले अन्यथा हो भन्न सकेको पाइँदैन । सोही कुरालाई स्वीकार गरी वादीले चपली गाउँ विकास समितिको जग्गामा ३ भागको १ भाग स्वीकार गरी बसेको अवस्था देखिन्छ । त्यसकारण वादीको माथि विवेचित जग्गाहरूमध्ये कि.नं. २०६, ३६०, ३६१, ३६२, ३६३, ११०, ३१८ र ३२१ का कित्तामा नारायणलाल श्रेष्ठले पाउने हक जतिबाट ३ भागको १ भाग निजी गुठीको जग्गामा हक रहने देखियो। त्यसैगरी कि.नं. ३ र ११९ का जग्गाबाट पनि वादीले ३ भागको १ भाग बन्डा पाउने देखिँदा माथि उल्लिखित भएबाहेकका अन्य सम्पत्ति मात्र बन्डा लाग्ने भनी भएको हदसम्मको सुरू काठमाडौं जिल्ला अदालतको फैसला नमिलेकोले सो हदसम्म उल्टी हुने ठहऱ्याई भएको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था देखिन नआउने।

तसर्थ, निजी गुठीमा रहेको भनिएका जग्गाहरू प्रतिवादी नारायणलाल श्रेष्ठका नाममा पुर्ख्यौली निजी गुठीमा दर्ता रहेको देखिँदा निजको हकबाट ३ भागको १ भाग वादीकोसमेत गुठीमा हक रहने र कि.नं. ३ र ११९ का जग्गाहरूबाट समेत वादीले ३ भागको एक भाग पाउने ठहर्छ । माथि उल्लिखित जग्गामा पुनरावेदक वादीको हक नरहने गरी भएको हदसम्मको काठमाडौं जिल्ला अदालतको मिति २०७०।१०।१२ को फैसला सो हदसम्म उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल मङ्सिर २९ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७३-RC-००९१ र ०७३-CR-०६६८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रमेश भण्डारी र नेपाल सरकार वि. विकास साह*

वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूको भनाई, किटानी जाहेरी दरखास्त, बरामदी मुचुल्कालगायतका प्रमाणहरूले यी प्रतिवादीको मौकाको बयान व्यहोरालाई समर्थन गरी नै रहेको छ। यसबाट प्रतिवादी नागे भन्ने रमेश भण्डारीले मृतक जयसवाललाई क्रिकेटको विकेट, दाउराको चिरपट आदिको प्रहारबाट कुटपिट गरी घाइते बनाई मारेको तथ्यउपरोक्तबमोजिमको प्रमाणहरूबाट प्रमाणित भएको हुँदा अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसारको

कसुर गरेको देखियो । प्रतिवादी नागे भन्ने रमेश भण्डारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.अनुरूप सर्वस्वसहित जन्म कैदको सजाय ठहर गरी भएको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने।

वारदातको समयमा प्रतिवादी नागे भन्ने रमेश भण्डारीको उमेर १९ वर्षको मात्र रहेको देखिन्छ । निज प्रतिवादीको मृतकलाई ज्यान मार्नेसम्मको पूर्वरिसइवी र झगडा रहेको पनि देखिँदैन। मृतकलाई मार्नको लागि पूर्वयोजना बनाई सोअनुरूपको तयारी गरी घटनास्थलमा गएको अबस्था पनि रहेको छैन। मृतकलाई मार्नको लागि पूर्वयोजना नबनाएको, सोअनुरूपको तयारी नगरेको, मृतकलाई मार्ने मनसाय नभएको अवस्था हुँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं.अनुरूप कानूनले तोकेको पुरै सजाय गर्दा चर्को पर्ने देखिन्छ। ऐ. महलको १३(३)नं. बमोजिमको सजाय ठहर गरी न्यायको रोहमा प्रतिवादीलाई ८ (आठ) वर्ष कैद सजाय गर्दा पनि न्यायको मक्सद पूरा हुने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ८(आठ) हुन उपयुक्त देखिन आयो। तसर्थ प्रतिवादी नागे भन्ने रमेश भण्डारीलाई अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ८(आठ) हुने उपयुक्त ठानी पुनरावेदन अदालत जनकपुरबाट व्यक्त भएको राय मनासिब नै देखिने।

प्रतिवादी विकास साह घटनास्थलमा उपस्थित भएको कुरामा विवाद छैन । घटनास्थलमा उपस्थित भए तापनि मृतकलाई कुटपिटमा गर्ने कार्यमा संलग्न रहेको भन्ने कुरा मिसिल संलग्न प्रमाणहरूबाट देखिएको छैन । यसकारण यी प्रतिवादी विकास शाहलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. अनुसार सजाय गरेको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने।

अतः उल्लिखित आधार र कारणहरूबाट प्रतिवादी नागे भन्ने रमेश भण्डारीलाई धनुषा जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुरमा सोही १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहर गरी मिति २०७०।२।८ गते भएको फैसला तथा प्रतिवादी विकास साहलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. को कसुरमा सोही १७(३) नं.अनुरूप ६(छ) महिना कैद हुने गरी भएको मिति २०७१।१०।२८ गते भएको फैसला सदर गरी प्रतिवादी नागे भन्ने रमेश भण्डारीको हकमा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ८(आठ) वर्ष कैद सजाय हुने राय ब्यक्त गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३।१।८ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः मीना गुरूङ

कम्प्युटर: अभिषेक कुमार राय

इति संवत् २०७३ साल चैत ९ गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-CR-०२०९, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. नरबहादुर भण्डारीसमेत*

प्रतिवादीहरूले पीडितहरू नाम परिवर्तित A, B, J, L लाई भारततर्फ बेचबिखन गर्ने उद्देश्यबाट लगेकोमा बेच्न नपाउँदै पक्राउ परेको देखिएबाट प्रतिवादीहरूको योजनाअनुरूप बेचबिखन गर्न पाएको अवस्था छैन । यसबाट प्रतिवादीहरूले अभियोग दाबीबमोजिमकै कसुर गरेको नभई उद्योगसम्म गरेको देखियो । त्यसैले प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार कसुरको उद्योग गरेको ठहर गरेको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने।

तसर्थ, उल्लिखित आधार र कारणहरूबाट

प्रतिवादीहरूले पीडितहरू नाम परिबर्तित A, B, J, L लाई बेचबिखन गर्ने उद्देश्यले भारततर्फ लैजान लागेको अवस्थामा नेपाल भारत सिमामा पक्राउ परेको देखिँदा अभियोग दाबीबमोजिमको कसुर गरेको नभई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को कसुरको उद्योगसम्मको कसुर गरेको देखिएकोले प्रतिवादीहरू दिला भन्ने दील कुमारी घर्ती, बुद्धिबहादुर बटाला, मानबहादुर भण्डारीलाई ऐ. ऐनको दफा १५(१)(ज) बमोजिम जनही ८ वर्ष कैद र रू.५०,०००।- जरिवाना र पीडितहरूलाई दामासाहीले रू.७५,०००। क्षतिपूर्ति दिने ठहर्‍याई बाँके जिल्ला अदालतबाट मिति २०६९।१२।१९ मा भएको फैसलामा कैद सजायको हकमा केही उल्टी गरी प्रतिवादीहरूलाई ऐ. ऐनको दफा ४(२)(क) को कसुरमा ऐ. दफा १५(१)(ङ)(१) ले हुने सजायमा ऐ. ऐनको दफा १५(१)(ज) बमोजिम आधा ६(छ) वर्ष कैद र रू.५०,०००।- जरिवाना र पीडितहरूले प्रतिवादीहरूबाट क्षतिपूर्तिबापत दामासाहीले रू.७५,०००।- भरी पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७१।८।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मीना गुरूङ

कम्प्युटर : अभिषेक कुमार राय

इति संवत् २०७३ साल चैत ९ गते रोज ४ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री मीरा खड्का,** ०७१-CR-१०५५, कर्तव्य ज्यान, *सुखराज लिम्बु वनेस वि. नेपाल सरकार*

घटनास्थलमा घरबाहिर रभित्र यत्रतत्र रगत र रगतका छिटाहरू रहेको देखिन्छ । मृतकको लास जाँच मुचुल्कामा छातीमा काटेको घाउ देखिएको छ, शव परीक्षण प्रतिवेदनबाट Cause of death is severe trauma भन्ने देखिएको तथा प्रतिवादीले अधिकार प्राप्त अधिकारी तथा अदालतसमक्षको बयानमा समेत श्रीमती मृतक सञ्चलक्ष्मी परपुरूष माग बहादुरसंग लागेको शङ्का लागी घरबाट खुकुरी लिई गई अध्यारोमा ढुकी बसेर मृतकसमेतलाई खुकुरी प्रहार गरी भागेको भन्ने कुरा खुलाई दिएको देखिन्छ । प्रतिवादीको साबिती बयानलाई जाहेरी दरखास्त, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनलगायतका संलग्न प्रमाणहरूले पुष्टि समर्थन गरिरहेको देखिएको हुँदा यी प्रतिवादी सुखराज लिम्बु वनेमले खुकुरी प्रहार गरी आफ्नो श्रीमती सञ्चलक्ष्मी लिम्बुको हत्या गरेको भन्ने सप्रमाण पुष्टि हुन आउने।

प्रतिवादीले खुकुरी जस्तो जोखिमी हतियार घरबाट बोकी लिई गएको देखिएको छ। लामो समयसम्म श्रीमतीको पछि लागी अँध्यारोमा लुकेर ढुकेर बसी मृतक र माग बहादुर एकै ठाउँमा रहेको अवस्था पारी खुकुरीले प्रहार गरी भागेको अवस्था देखिन्छ । यस स्थितिमा प्रतिवादीले ज्यान मार्ने पूर्वमनसाय लिई हातियारसहित गई छातीमा खुकुरी रोपी ज्यान मारेको अवस्था देखिएकोले वारदातको अवस्था र परिस्थिति हेर्दा निजलाई घटी सजाय गर्नुपर्ने औचित्य र अवस्थासमेत नदेखिने।

तसर्थ उल्लिखित तथ्य प्रमाणहरूका आधारमा प्रतिवादी सुखराज लिम्बु वनेमले मृतक सञ्चलक्ष्मी लिम्बुलाई खुकुरी प्रहार गरी ज्यान मारेको पुष्टि भएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने

गरी पुनरावेदन अदालत इलामबाट भएको मिति २०७१।७।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: सुमन कुमार न्यौपाने
कम्प्युटर: कृष्णमाया खतिवडा
इति संवत् २०७३ साल माघ १९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री मीरा खड्का,** ०७२-CR-०१३१, कर्तव्य ज्यान, *नन्दकली नाइसा वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कार भई बयान गरे तापनि सह-अभियुक्त मनबहादुर थापाले अनुसन्धानको क्रममा तथा अदालतमा समेत बयान गर्दा यी पुनरावेदक नन्दकलीसँग यौन सम्पर्क रहेको कुरा स्वीकार गरी बयान गरेको देखिन्छ।

निज प्रतिवादी नन्दकली नाईसाको अनुसन्धानको क्रममा भएको साबिती बयानलाई घटनास्थल तथा लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, बुझिएका व्यक्तिहरूको बकपत्र तथा शव परीक्षण गर्ने चिकित्सकले अदालतमा आई आफ्नो प्रतिवेदन समर्थन गरी गरेको बकपत्रसमेतले समर्थन गरेको देखिएको समेतको अवस्थमा आफू बेहोस भएको र पछि होस आउँदा शिशु मृत अवस्थामा थियो भन्ने निज प्रतिवादीको जिकिरलाई विश्वास गर्न सकिने अवस्था पनि नरहने।

अतः उल्लिखित जाहेरी दरखास्त घटनास्थल मुचुल्का घटनास्थल लास जाँच मुचुल्का, बुझिएका व्यक्तिहरूको कागज, शव परीक्षण प्रतिवेदन, प्रतिवादीहरूको बयान, चिकित्सकको बकपत्रसमेतका तथ्य प्रमाणको आधारमा प्रतिवादी नन्दकाली नाइसाले अवैध गर्भ धारण गरी मास पुगेको शिशु जन्माई माटोमा गाडी मारेको भन्ने कसुर सप्रमाण पुष्टि हुन आयो । तसर्थ निज पुनरावेदक प्रतिवादी नन्दकली नाइसालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी पुनरावेदन अदालत बागलुङबाट भएको मिति २०७२।१।८ को फैसला मिलेकै देखिँदा सदर हुने। निज प्रतिवादीलाई ५ वर्ष सजाय गर्न राय साथ प्राप्त भएकोमा निजले आफैँले जन्माएको नवजात शिशुको ज्यान लिनु पर्ने कारण सामाजिक लोक लज्जाबाट बच्न सो कार्य गरेको अवस्था देखिएको, घटनाको अवस्था, घटना घट्दाको समय परिस्थितिसमेतका आधारमा हेर्दा निजलाई ऐनबमोजिमको सजाय गर्दा चर्को हुने देखिएको र मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५(पाँच) वर्ष कैद गर्दा न्यायको उद्देश्यसमेत परिपूर्ति हुने देखिएकोले निज पुनरावेदक प्रतिवादी नन्दकली नाइसालाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम वर्ष ५ कैद हुने पुनरावेदन अदालतको रायसमेत मनासिब देखिएकोले निजलाई ५(पाँच) वर्ष कैद हुने।
इजलास अधिकृत: सुमनकुमार न्यौपाने
कम्प्युटर: कृष्णमाया खतिवडा
इति संवत् २०७३ साल माघ १९ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री मीरा खड्का,** ०७१-CR-१५०७, कर्तव्य ज्यान, *जनार्दन अर्याल वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कार भई बयान गरे तापनि अनुसन्धानको क्रममा कागज गर्ने पूजा खराल, हेमलाल खराल, पीताम्बर खरेलसमेतको बकपत्र हेर्दा मृतकलाई कर्तव्य गरी मारेको तथा सोमा यी प्रतिवादी संलग्न रहेको भन्ने देखिन आएको अवस्था छ । तथा प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयानलाई जाहेरी व्यहोरा, घटनास्थल लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतले समर्थित भइरहेको देखिएको हुँदा

प्रतिवादी जनक भन्ने जनार्दन अर्याललले श्रीमती सरस्वती अर्याललाई घाँटी थिची कर्तव्य गरी ज्यान मारी मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(३) नं. बमोजिमको कसुर गरेको भन्ने सप्रमाण पुष्टि हुन आउने।

तसर्थ उल्लिखित तथ्य प्रमाणको आधारमा प्रतिवादी जनक भन्ने जनार्दन अर्याललाई मुलुकी ऐन, ज्यानसम्बन्धी को १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।९।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। यसमा वारदात हुँदा निज प्रतिवादी र मृतकबीच ज्यान लिनुपर्नेसम्मको पूर्वरिसइवी रहेको पनि नदेखिएको, श्रीमतीले आफ्नो मुख थुनी थिचेको कारण मृतकको घाँटी समाती थिचेको भन्ने अवस्था देखिएको, घटनाको वस्तु स्थिति, घटना घट्दाको समग्र परिस्थितिसमेतलाई विचार गर्दा निज प्रतिवादीलाई ऐनबमोजिम हुने हदैसम्मको सजाय गर्दा चर्को हुने देखिएको र मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १२ (बाह्र) वर्ष कैद गर्दा न्यायको उद्देश्यसमेत परिपूर्ति हुने देखिएकोले प्रतिवादी जनक भन्ने जनार्दन अर्याललाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १२ हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल माघ १९ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-००७६ र ०७१-CR-१३६२, अपहरण, *नेपाल सरकार वि. बम्बबहादुर श्रेष्ठसमेत र मिलन बोलखे वि. नेपाल सरकार*

प्रतिवादी सगुन भन्ने बम्ब बहादुर श्रेष्ठको नाउँ जाहेरीमासम्म उल्लेख भएको देखिए तापनि मौकामा पक्राउ पर्ने प्रतिवादी मिलन बोलखेले बयान गर्दा यी प्रतिवादी बम्बबहादुर श्रेष्ठको नाम पोल गरेको देखिँदैन भने निजको प्रस्तुत वारदातमा के कस्तो संलग्नता रहेको हो सोसमेत जाहेरीलगायतका बुझिएका व्यक्तिहरूको कागजसमेतबाट खुल्न आउँदैन । निज प्रतिवादी सगुन भन्ने बम्ब बहादुर श्रेष्ठले अदालतमा उपस्थित भई बयान गर्दा इन्कार भई बयान गरेको देखिएको र निजको कसुर पुष्टि गर्ने कुनै तथ्ययुक्त प्रमाण वादी पक्षले पेस गर्न सकेको अवस्था नदेखिएकोले प्रतिवादी सगुन भन्ने बम्बबहादुर श्रेष्ठको प्रस्तुत वारदातमा संलग्नता नदेखिएको हुँदा सुरू जिल्ला अदालतको मिति २०६९।३।१४ को फैसला सदर गरी निज सगुन भन्ने बम्ब बहादुर श्रेष्ठलाई सफाई दिने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नरहने।

प्रतिवादी मिलन बोलखेलाई फिरौतीको रू. २,५०,०००।- लिन गएको बखत मौकैमा प्रहरीले पक्राउ गरेको अवस्था छ । निजले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा रकम लिनसम्म गएको भनी स्वीकार गरी अपहरणमा संलग्न छैन भनी भने तापनि रकम लिन पठाउने भनिएको पप्पु भन्ने व्यक्तिको यकिन नाम, थर, वतन खुलाउन नसकेको देखिएबाट निजको उक्त कथन विश्वासलायकसमेत देखिँदैन । जाहेरि दरखास्त किटानी छ, मौकामा कागज गर्ने कन्टेनर चालक तथा सोमा यात्रा गरिरहेका गोपी तामाङ तथा बुझिएका अन्य व्यकितहरूको कागजबाट समेत यी प्रतिवादी फिरौती रकम लिन गएकै बखत पक्राउ परेको भन्ने पुष्टि भइरहेको अवस्था छ । जाहेरवालासमेतका व्यक्तिको निज प्रतिवादी मिलन बोलखेसँग कुनै पूरानो

रिसइवीसमेत नदेखिएको स्थितिमा यी प्रतिवादी मिलन बोलखेलाई अनाहकमा पोल गरी जाहेरी दिएका होलान भनी मान्न सकिने अवस्थासमेत नदेखिएकोले मिसिल संलग्न यावत तथ्य प्रमाण कागजातको आधारमा प्रतिवादी मिलन बोलखेको प्रस्तुत वारदातमा स्पष्ट संलग्नता देखिन आएको तथा रू.२,५०,०००।- फिरौती लगिसकेको भने तापनि कोबाट कहाँ, कसरी लगेको भन्ने नदेखिएको र त्यस्तो रकम बरामद भएको अवस्थासमेत नदेखिएको स्थितिमा निजलाई १० वर्ष कैद तथा दुई वा दुईभन्दा बढी व्यक्ति मिली कसुर गरेबापत थप २ वर्ष कैद, १ लाख जरिवाना तथा निजबाट क्षतिपूर्ति र बिगो २५००००।– भराउने गरी भएको सुरू जिल्ला अदालतको मिति २०६८।३।२० को फैसला केही उल्टी गरी निज प्रतिवादी मिलन बोलखेलाई ७ वर्ष कैद तथा रू.५०,०००।– जरिवाना गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेकै देखिदा अन्यथा भन्न सकिने अवस्था नरहने।

तसर्थ जाहरी दरखास्त, प्रतिवेदन, घटनास्थल मुचुल्का, प्रतिवादी मिलन बोलखेको बयानलगायतका माथि उल्लिखित तथ्य प्रमाणका आधारमा प्रतिवादी सगुन भन्ने बम्बबहादुर श्रेष्ठको हकमा सुरू अदालतको मिति २०६९।३।१४ को फैसला सदर भई निजले अभियोग दाबीबाट सफाई पाउने गरी तथा प्रतिवादी मिलन बोलखेको हकमा सुरू अदालतको मिति २०६८।३।२० को फैसला केही उल्टी गरी निज मिलन बोलखेलाई ७ वर्ष कैद तथा रू. ५०,०००।- जरिवाना गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।१२।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ साल माघ १८ गते रोज ३ शुभम्।

**इजलास नं. ४**

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०७२८, जबरजस्ती करणी, *यमबहादुर के.सी.समेत वि. नेपाल सरकार*

घटनाका प्रत्यक्षदर्शी राजदेव लामाले मौकाको कागज गर्दा प्रतिवादी भीमबहादुर मेरो घर नजिकै काम गर्ने पहिलेदेखि चिनेको मानिस हुन अन्य २ जना निजसँगै आएका साथी हुन् निजहरूले मलाई र काकीलाई कुटपिट गरी काकीलाई जबरजस्ती करणी गरि जबरजस्ती लिएर गएका हुन भनी मौकामा कागज गरेको देखिन्छ। पीडित जाहेरवालीले मौकाका जाहेरी व्यहोरा समर्थन गर्दै यी प्रतिवादीहरूले मलाई जबरजस्ती करणी गरी जबरजस्ती पहिला तरकारी बेच्ने गाडी र पछि ट्याक्सीमा राखी न्यूरोडतर्फ ल्याउदै गर्दा प्रहरीले फेला पारी पक्राउ गरेको हो भनी अदालतमा बकपत्र गरेको देखिन्छ। पीडित जाहेरवालीको उक्त भनाई प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) प्रमाणमा ग्रहणयोग्य हुन्छ। प्रत्यक्षदर्शी राजदेव लामाले राति १० बजे यी प्रतिवादीहरू घरमा आई मलाई कुटपिट गरी बाख्राको खोरमा फाले र अन्टीलाई बलात्कार गरेपछि आफूसँगै लिएर गए भनी मौकाको कागज व्यहोरालाई समर्थन गरी अदालतमा आई बकपत्र गरेको देखिन्छ। प्रत्यक्षदर्शी राजदेवको उक्त भनाई प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम प्रमाणमा लिन योग्य हुने।

प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्ष भएको बयान पीडित जाहेरवालीको बकपत्र र प्रत्यक्षदर्शी राजदेवको कागजबाट समर्थन भएको

पाइन्छ । पीडित र प्रतिवादीहरूबीच पूर्वसल्लाह र योजनाबमोजिम सहमतिमा करणी भएको भए पीडितले आफ्नो जेठाजुको छोरा राजदेवलाई आफूसँग सुत्न बोलाउनु पर्ने अवस्था थिएन । एकजना महिलासँग ३ जना पुरूषले सहमतिमा करणी गरेको भन्ने कुरा पत्यार लायक मानिँदैन । तसर्थ पूर्वसरसल्लाह र योजनाबमोजिम सहमतिले जाहेरवालीलाई करणी गरेको हो जबरजस्ती करणी गरेको होइन भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदक प्रतिवादीहरू यमबहादुर के.सी., प्रकाश कटुवाल र भीमबहादुर तामाङ (वाइवा) लाई अभियोगदाबीबमोजिम कसुर ठहर गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम कैद वर्ष ५ (पाँच) तथा सामुहिक जबरजस्ती करणी गरेतर्फ मुलुकी ऐन, जबरजस्ती करणी महलको ३क ले थप कैद वर्ष ५ (पाँच)समेत जम्मा जनही वर्ष १० (दश) कैद र प्रतिवादीहरूबाट पीडित जाहेरवालीले क्षेतिपूर्तिबापत रू.५०,०००।- दामासाहीले भराई पाउने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।२।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन अदालत पाटनको मिति २०६९।२।२ को फैसला उल्टी गरी अभियोगदाबीबाट सफाई पाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः यमप्रसाद बास्कोटा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल वैशाख १२ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०२७९, कर्तव्य ज्यान, *दावा दोर्जे मोक्तान तामाङ वि. नेपाल सरकार*

मृतकको हातबाट खुकुरी खसिसकेपछि यी प्रतिवादीको ज्यान जाने जोखिमको अलिकति पनि सम्भावना रहँदैन । त्यस अवस्थामा यी प्रतिवादीसँग विभिन्न विकल्प जस्तो कि हार गुहार गर्ने, सामान्य बल प्रयोग गर्ने अथवा भाग्नेसमेतका उपाय रहँदारहँदै सो केही नगरी यी प्रतिवादीले मृतकको घाँटीजस्तो संवेदनशील भागमा जोडकासाथ खुकुरीजस्तो जोखिमी हतियार प्रहार गरी आधा छिनाइदिएको र मृतकको तिघ्रासमेतमा खुकुरीले हानेको कार्यलाई आत्मरक्षाको लागि भएको कार्य भनी स्वीकार गर्ने अनुमति उक्त ७ नं. ले प्रदान गर्दैन । प्रतिवादीको शरीरमा सामान्य चोटपटक पनि नहुनु तर मृतकलाई एकभन्दा बढी घाउ खत देखिनुबाट यी प्रतिवादीले सजायमा राहत पाउने उद्देश्यले बयानको केही अंश झुट्ठा व्यक्त गरेको देखिने ।

प्रतिवादी र मृतकबीच वादविवाद भएको प्रशस्त समयको अन्तरालपछि प्रस्तुत वारदात भएको देखिँदा यी प्रतिवादीले उक्त ७ नं. अथवा १४ नं. को सुविधा पाउन सक्ने हुँदैन । मृतकउपर भएको विभत्स सांघातिक प्रहार र क्रूर हत्याको कारणले गर्दा प्रस्तुत वारदातलाई भवितव्य पनि भन्न मिल्दैन । सांघातिक कुटपिटको मनसाय भनेको हत्या कै मनसाय intention of serious bodily injury is intention of murder भएको र murder मा सजाय घटाउने कानूनी व्यवस्था भारत, बेलायत आदि मुलुकमा रहे भएको नदेखिँदा यसबारे नेपालले ती मुलुकहरूको फौजदारी न्याय व्यवस्थाभन्दा छुट्टै न्याय व्यवस्था बनाई अलगधलग बस्नु आजको युगमा उचित नहुने ।

प्रतिवादी विरूद्धको अभियोगदाबी पुग्ने ठहऱ्याई निजलाई ज्यानसम्बन्धी महलको १३(१) नं. को कसुरमा सोही १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू सिन्धुपाल्चोक जिल्ला

अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६७।११।३० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल माघ ६ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CR-१५६४, कर्तव्य ज्यान, *कर्णबहादुर रानामगर वि. नेपाल सरकार*

वारदातको प्रत्यक्षदर्शी कोही नदेखिए पनि परिस्थितिजन्य प्रमाणहरूबाट प्रतिवादी कर्णबहादुर राना मगरले कुटपिट गरी घाइते बनाएका कृष्ण शाहीको उपचारको क्रममा मृत्यु भएको प्रमाणित हुन आएको देखियो। निजको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.विपरीत ऐ. को १३(३) नं. को अपराध भएकोले यी प्रतिवादीलाई सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहर्‍याई भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

प्रतिवादी वैदेशिक रोजगारीमा रहेकोवाला निजको श्रीमतीसँग मृतक कृष्ण शाहीको प्रेम सम्बन्ध रहेको कुरा निज प्रतिवादीले आफ्नो साथीहरूबाट थाहा पाएको, मृतकले प्रतिवादीकी श्रीमती पुनम राना मगरलाई पटकपटक फोन सम्पर्क गर्ने गरेको, वारदात मिति समयमा पनि मृतकले प्रतिवादीकी श्रीमतीले प्रयोग गर्ने गरेको मोबाइलमा पटकपटक फोन गरेको कुरा प्रतिवादीले थाहा पाउँदा निजलाई रिस उठ्नु स्वभाविक नै देखिन्छ । यसका साथै प्रतिवादीले वारदात घटाउन कुनै जोखिमी हातहतियारको प्रयोग नगरेकोसमेतका वारदात हुँदाको परिस्थितिलाई विचार गर्दा यी प्रतिवादीलाई ऐनबमोजिम सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्दा ऐनको मनसाय पूरा भई प्रतिवादीलाई सजायको महसुस हुने देखिएकोले राय व्यक्त हुने ।

तसर्थ, उल्लिखित आधार कारण एवम् प्रमाणबाट प्रतिवादी कर्ण बहादुर राना मगरको कर्तव्यबाट कृष्ण शाहीको मृत्यु भएको र प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. बमोजिमको अपराध भएकोले सोही नं. बमोजिम प्रतिवादी कर्ण बहादुर रानालाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई मोरङ जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत विराटनगरको मिति २०७१।७।२३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ साल चैत २१ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CR-१०६१, लागु औषध गाँजा, *मोहन मुखिया विन वि. नेपाल सरकार*

सुरू अदालतले प्रतिवादी मोहन मुखिया विनलाई सफाई हुने गरी गरेको निर्णयलाई उल्टी गरी निजलाई २ (दुई वर्ष) कैद तथा १७,५००।- रूपैयाँ जरिवाना हुने गरी पुनरावेदन अदालत हेटौंडाले फैसला गरेको देखिँदा प्रतिवादीलाई उपरोक्त न्याय

प्रशासन ऐन, २०४८ को कानूनी व्यवस्था ९(१)(ग) ले तोकेकोभन्दा घटी बिगो र कम अवधिको सजाय भएको अवस्था हुँदा प्रस्तुत मुद्दा यस अदालतमा पुनरावेदनको रोहबाट प्रवेश गर्न मिल्ने नदेखिने।

तसर्थ प्रतिवादी मोहन मुखिया विनले पुनरावेदन अदालत हेटौंडाको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) अनुसार दिएको पुनरावेदन लाग्ने अवस्था नरहेकोले प्रस्तुत पुनरावेदनको तथ्यभित्र प्रवेश गरी इन्साफ गर्न मिल्ने देखिएन । पुनरावेदनको रोहबाट दर्ता हुन आएको प्रस्तुत पुनरावेदन खारेज हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल मङ्सिर २ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CR-१५०८, जबरजस्ती करणी, *खड्कबहादुर वि.क. वि. नेपाल सरकार*

पीडितको जाहेरी दरखास्त, प्रतिवादीको बयान तथा घटना विवरण कागज, पीडितको स्वास्थ्य परीक्षणमा कन्याजाली च्यातिएको लगायतका घटनाक्रम र वारदातको प्रकृतिबाट प्रतिवादी खड्कबहादुर वि.क.ले आफ्नी छोरीलाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि भइरहेको हुँदा निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम १० वर्ष कैदका साथै हाडनाता करणीको महलको १ नं. बमोजिम थप १० वर्ष कैद हुने र यी प्रतिवादीबाट पीडितले जबरजस्ती करणीको महलको १० नं. बमोजिम रू.५०,०००।- क्षतिपूर्ति भराई लिन पाउने गरी कञ्चनपुर जिल्ला अदालतबाट भएको मिति २०७१।३।१५ को फैसला सदर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७१।८।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

इति संवत् २०७३ साल मङ्सिर २ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७०-CR-१६७८, जबरजस्ती करणी, *सीताराम राना वि. नेपाल सरकार*

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा आफूलाई कुनै डर, धाक, धम्की तथा प्रभावमा पारी बयान गराएको भनी दाबी लिनसकेको र त्यस्तो अवस्था सिर्जना गरेको थियो भनी कुनै तथ्ययुक्त प्रमाणसमेत यी प्रतिवादीले गुजार्न सकेको अवस्था देखिँदैन । सो हुँदा यी प्रतिवादीले अधिकारप्राप्त अनुसन्धान अधिकारीसमक्ष आफूले ३ वर्षे अवोध बालिकालाई जबरजस्ती करणी गरेको तथ्यलाई स्वीकार गरी गरेको बयान मिसिल संलग्न अन्य प्रमाणबाट समेत पुष्टि भइरहेकोले अधिकार प्राप्त अधिकारीसमक्षको बयान निजको विरूद्ध प्रमाणमा लाग्न सक्ने नै देखिने।

पीडित ३ वर्षकी अवोध बालिका रहेकी र आफूलाई प्रतिवादीले गरेको अपराधको सम्बन्धमा स्पष्टसँग भन्न नसकेको अवस्था पनि देखिन्छ । पीडितले बयान बकपत्र गर्न नसकेको अवस्थामा अन्य परिस्थितिजन्य प्रमाणलाई पनि मुद्दाको रोहमा प्रमाणको रूपमा ग्रहण गर्नु न्यायसङ्गत नै हुन्छ । यस अवस्थामा जाहेरी दरखास्त, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको बयान, घटना विवरण कागजसमेतलाई वारदातको प्रमाणको रूपमा ग्रहण गर्न सक्ने नै देखिने।

तसर्थ सुरू अदालतमा प्रतिवादीले सोधिएको प्रश्नको जवाफ नदिए पनि किटानी जाहेरी दरखास्त,

अधिकारप्राप्त अधिकारीसमक्षको प्रतिवादीको बयान, घटना विवरण कागज, पीडितको स्वास्थ्य परीक्षण, जाहेरवालीको बकपत्रलगायतका प्रमाण मूल्याङ्कनबाट प्रतिवादी सीताराम रानाले पीडित डि कुमारीलाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि भइरहेको हुँदा निज प्रतिवादी सीताराम रानालाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(१) नं. अनुसार १० वर्ष कैद हुने र प्रतिवादीबाट पीडितलाई सोही महलको १० नं. अनुसार रू. २०,०००।– क्षतिपूर्तिसमेत भराई पाउने ठहर गरेको कन्चनपुर जिल्ला अदालतको मिति २०६९।२।२४ को फैसला सदर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७०।३।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल मङ्सिर २ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७२-CR-००९६, जबरजस्ती करणी, *नेपाल सरकार वि. सिद्धार्थ जिरेल*

अदालतसमक्षको स्वतन्त्र बयानमा प्रतिवादी सिद्धार्थ जिरेलले अपराध गरेको कुरामा पूर्ण इन्कार रही बयान गरेका छन् भने पीडित, पीडितका बाबु जाहेरवाला, वारदातस्थलमा सँगै भएको सुस्मिता राना मगर र पीडिताका मामा वस्तुस्थिति मुचुल्काका मानिससमेतका व्यक्तिहरूले पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेको होइन भनी अदालतमा आई बकपत्र गरेको पाइन्छ । पीडितको स्वास्थ्य परीक्षण रिपोर्टमा “Semen could not be detected” भन्ने उल्लेख भएकोमा जबरजस्ती करणीको वारदातमा स्वभाविकरूपमा पीडित एवम् पीडिकको शरीरमा देखिनै प्रतिकारका कुनै पनि लक्षणहरू नदेखिएकोसमेतबाट यी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको पुष्टि हुन नआउने।

अनुसन्धानका क्रममा तयार भएका लिखतहरूमा उल्लेख भएका कुराहरू सो व्यक्त गर्ने व्यक्तिले अदालतमा बकपत्र गर्दा लिखतमा लेखिएको व्यहोरा समर्थन नगरेको अवस्थामा त्यस्ता लिखतलाई स्वतन्त्र प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिँदैन । फौजदारी मुद्दामा शङ्काको सुविधा अभियुक्तले पाउने र अभियुक्तउपरको कसुर प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार अभियोजन पक्षमा रहन्छ । अभियोजन पक्षले आफ्नो नियन्त्रणमा खडा गरी पेस गरेको कागजहरूबाहेक अन्य स्वतन्त्र कागज प्रमाणहरूबाट प्रतिवादीउपरको कसुर स्थापित हुन नसकेकोले वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने अवस्था देखिन नआउने।

अतः प्रतिवादी सिद्धार्थ जिरेललाई कसुरदार ठहऱ्याई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ६ वर्ष कैद र प्रतिवादीबाट पीडितलाई रू. ५०,०००।– (पचास हजार) क्षतिपूर्ति भराई दिने ठहऱ्याई भएको सुरू संखुवासभा जिल्ला अदालतको मिति २०७०।१०।२८ को फैसला उल्टी गरी प्रतिवादी सिद्धार्थ जिरेलले अभियोग दाबीबाट सफाई पाउने ठहऱ्याई भएको पुनरावेदन अदालत धनकुटाको मिति २०७१।११।२६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल मङ्सिर ८ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७०-WO-०७९६, उत्प्रेषण, *रोशनकुमार झासमेत वि. प्रधानमन्त्री तथा*

*मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

जिम्मेवार निकाय स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले प्रस्तुत गरेको लिखित जवाफमा विराटनगर उपमहानगरपालिका लगायतका क्षेत्रमा फैलिएको र अन्य स्थानमा समेत फैलन सक्ने महामारी तथा संक्रामक जण्डिस रोगको रोकथाम तथा नियन्त्रण गर्न प्रतिरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक कार्य गरिरहेको र सो अनुसार पहिला उक्त क्षेत्रमा जण्डिस रोगका नयाँ रोगीको संख्या १८१ भएकोमा हाल घटेर शुन्य संख्यामा पुगेको तथ्याङ्कबाट देखिन्छ । उक्त रोगबाट बच्ने उपायबारे सूचनामूलक सन्देश प्रवाह गर्ने कार्य जिल्ला Rapid response team ले गरेको, प्रकोप व्यवस्थापनको लागि मिति २०७१।१।१४ देखि स्वास्थ्यकर्मीहरूको टोली परिचालन गरेको, रगतको नमूना र खानेपानीको नमूना संकलन गरी परीक्षण गर्दा रोग पत्ता लागेको, भाइरल हेपाटाइटिस रोगबाट प्रभावित विरामीहरूको विभिन्न सरकारी अस्पताल तथा प्राइभेट अस्पतालमा सर्वसुलभ रूपमा मुनाफारहित र सहुलियतपूर्ण ढंगले बिरामीहरूको उपचार भइरहेको छ । भाइरल हेपाटाइटिस रोगबाट बच्ने उपायबारे प्रभावित स्थलमा माइकिङ गरी जनचेतना जगाउने कार्य भइरहेको, रेडियो, एफ.एम., टि.भी., दैनिक पत्रपत्रिका, पम्प्लेट, ब्रोसर, लिपलेट आदिबाट समेत सूचना सन्देशहरू प्रवाहित भइरहेको छ । त्यसैगरी नेपाल रेडक्रस सोसाइटी, नागरिक समाजका प्रतिनिधिहरूबाट जनचेतनामूलक सन्देशहरू प्रवाह भइरहेको जस्ता कार्यहरू गरी महाशाखाबाट रोगको अनुसन्धान र निगरानीको काम भइरहेको तथ्य लिखित जवाफमा खुलाएको देखिन्छ । जसबाट भाइरल जण्डिसका नयाँ रोगीको संख्या सुन्यमा झरेको तथ्याङ्क रहेको भनी प्रस्तुत गरेको लिखित जवाफ र सो लिखित जवाफलाई पुष्टि हुने गरी आज विपक्षी तर्फका विद्वान सरकारी उपन्यायाधिवक्ताले बहसका क्रममा विराटनगर क्षेत्रमा फैलिएको जण्डिस रोग पूर्ण नियन्त्रणमा आइसकेको भनी जानकारी गराउनु भएको र निवेदकसमेत पेसीमा इजलाससमक्ष उपस्थित हुन नआएकोसमेतबाट आजका मितिसम्ममा रिट निवेदकले उठाएको विषयवस्तुको समाधान भइसकेको अवस्था देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइसकेकोले प्रस्तुत रिट निवेदन खारेज हुने । रिट निवेदकहरूले रिट निवेदन दर्ता गराएपछि आफ्नो जिकिरको पुष्ट्याईं गर्ने तथ्यसमेत प्रस्तुत गर्ने दायित्व निजहरूको नै हुने कुरामा द्विविधा छैन । निवेदनमा भ्रामक तथ्यसमेत दर्शाई निवेदन दिएपछि पेसीमा अनुपस्थित रही गईरजिम्मेवार कार्य गरेको साथै निरर्थक जिकिर लिई अदालतको अमूल्य समय बर्वाद गरेको देखियो । सभ्य र सचेत नागरिकबाट यस प्रकारको क्रियाकलाप हुनु आफैँमा खेदजन्य कार्य भएको कुरामा दुईमत हुन सकिँदैन । अतः यस तर्फ सम्बन्धित सबैको ध्यानाकर्षण हुन र यसपछि यस्तो क्रियाकलाप निरूत्साहित गर्न यस अदालतले निवेदकलगायतबाट अपेक्षा राख्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

इति संवत् २०७३ साल मङ्सिर १ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७०-WO-०८३५, उत्प्रेषण, *जगतमोहन सहनी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

राज्यले भूमिहीनहरूलाई व्यवस्थित बसोबास गराउने उद्देश्यबाट समयसमयमा कानूनबमोजिम अधिकार सम्पन्न सुकुम्बासी समस्या समाधान आयोग गठन गरेको हुन्छ । सुकुम्बासी

आयोगको काम कर्तव्य तथा क्षेत्राधिकार आयोग गठन हुँदाका अवस्थामा नै निर्धारण गरिएको हुन्छ । आयोग गठन हुँदाका अवस्थामा जारी भएको आदेशले अधिकार दिएका विषयमा आयोगले आफ्नो कार्य गर्ने हुन्छ । सुकुम्बासी समस्या समाधान जिल्ला समिति रौतहटलाई पनि आयोगले दिएको अधिकारक्षेत्रभित्र रही सुकुम्बासीहरूलाई आफ्नो क्षेत्रभित्रका जग्गा वितरण गर्ने अधिकार रहेको हुन्छ । आयोगले त्यस्तो अधिकारको उल्लङ्घन गरेमा नियमबमोजिम सोको विरूद्धमा जान सकिने ।

कि.नं. ५४५ को दक्षिण तर्फ भएको कि.नं. १६३ को जग्गा बाटो जनिएको छ भने उक्त सार्वजनिक बाटोको जग्गा कसैले दर्ता गरी आबाद गरेमा त्यस्तो जग्गाको दर्ता स्वतः बदर हुने व्यवस्था मालपोत ऐन, २०३४ को दफा २४(२) ले गरेको देखिँदा सार्वजनिक बाटो कसैको निजी नाममा दर्ता भएपनि सो जग्गाको दर्ता स्वतः बदर हुने कानूनी व्यवस्था हुनुको साथै कि.नं. १६३।१ र १६३।२ को जग्गा विगु सहनी र ओमप्रकाश सहनीको नाममा दर्ता श्रेस्ता कायम नरहेको भनी मालपोत कार्यालय, रौतहटबाट जवाफ प्राप्त भएको देखिएकोले मागबमोजिम आदेश जारी गरिरहनु पर्ने प्रयोजन नै नरहेकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

इति संवत् २०७३ साल मङ्सिर १ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-CI-१६३०, मोही प्रमाण पत्र, *सुवंश महतो कोइरी वि. श्रीप्रकाश नारायण सिंह*

कुनै मुद्दामा फैसला भई अन्तिम भएको अवस्थामा पुनः सोही मुद्दामा उसै झगडियाका नाउँमा फिराद लिई सुन्न नसकिने गरी बन्देज लगाएको देखिन्छ । मिलापत्र पनि अन्तिम फैसलाको रूपमा रहेको हुन्छ । मिलापत्र गरिसकेपछि सोको कार्यान्वयन गराउनेबाहेक त्यसमा भएको विषय अन्तिम हुने भएकोले सोही विषयमा पुनः मुद्दा दायर गर्नु प्राङन्याय तथा मुद्दा अन्तिमताको सिद्धान्तविपरीत हुन जाने । वादीले विवादित जग्गामा रहेको आफ्नो मोही हक छाड्न मन्जुर गरी मिति २०३९।३।२४ मा मिलापत्र गरी मुद्दाको टुङ्गो लागिसकेको अवस्था देखिन्छ । एकपटक कारवाही टुङ्गो लागिसकेको विषयमा पुनः १ नं. लगत, २ नं. अनुसुची, ४ नं. जोताहा निस्सा र २०६३ साल पछि कुत बुझाएको रसिदलाई आधार बनाई फिराद दिएको देखियो । एकपटक विवादित जग्गामा रहेको मोही हक छाडी मिलापत्र गरिसकेको अवस्था हुँदा फिराददाबीबमोजिम वादीले पुनः सोही जग्गाको मोही प्रमाणपत्र पाउने अवस्था नदेखिने ।

तसर्थ एकपटक मुद्दा गरी मोहीहक छाडी मिलापत्र गरिसकेपश्चात पुनः सोही जग्गाको मोही प्रमाणपत्र पाउन सक्ने अवस्था नहुँदा वादी दाबीबमोजिम श्रीपुर टारमटार वडा नं. १(क) कि.नं. १०६ को जग्गामा वादी सुवंश महतो कोइरीले मोहियानी हकको प्रमाण पत्र पाउने ठहऱ्याएको सुरू भूमिसुधार कार्यालय, महोत्तरीको मिति २०६८।११।२१ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७२।३।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

इति संवत् २०७३ साल मङ्सिर ३ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CI-०२४१, मोही नामसारी, *जवाहरप्रसाद तेली वि. असिया देवी*

विवादित जग्गाका मोही गणेशी सहनीको मृत्युपश्चात बुहारी वादी असिया देवीले मिति २०६६।२।७ मा मोही नामसारीको लागि निवेदन दिएको देखिन्छ । यसरी ऐनमा संशोधन भई ऐनले गरेको व्यवस्थाबमोजिम नै वादी असियादेवीले मोही नामसारीको लागि निवेदन दिएको पाइयो। ऐन, संशोधन भई लागू भएपछि कानूनमा व्यवस्था भएबमोजिम हकदारको हैसियतबाट वादीको निवेदन परेको देखिँदा पुनरावेदकको उक्त जिकिर पुग्न सक्ने नदेखिने।

मोही नामसारीको माग दाबीमा जग्गाधनीको नाम फरक पर्दैमा मोही हक जस्तो कानूनी हकबाट बञ्चित हुने गरी हकदारले सधैंको लागि मोही नामसारी गर्न नमिल्ने भनी अर्थ गर्न मिल्दैन। भूमिसम्बन्धी ऐन, २०२१ ले पनि मोही नामसारी मुद्दामा जग्गाधनीको नाम नमिल्दैमा हकवालाको मोही हक नै समाप्त हुने व्यवस्था गरेको देखिँदैन । कानूनले तोकिदिएको हकदारको नाममा मोही नामसारी गर्न सक्ने नै अवस्था रहन्छ। मिति २०५६।२।१६ को भूमिसुधार कार्यालय, बाराको फैसलाले विवादित जग्गाको मोही नै नामसारी गर्न नमिल्ने भनी अर्थ गर्नु न्यायसङ्गत नहुँदा पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः मोहीको १ नं. अनुसूची लगत, फिल्डबुक, बाली बुझेको भरपाई, जग्गाधनी स्रेस्ता पूर्जालगायतबाट विवादित जग्गामा वादीको ससुरा गणेशी सहनी मोही रहेको र मोहीको हकवाला बुहारीले नियमानुसार मोही नामसारी गर्न पाउने नै अवस्था देखिएकोले वादीका पतिको मञ्जुरीसमेतको आधारमा वादीका नाउँमा मोही नामसारी हुने गरी सुरू भूमि सुधार कार्यालय, बाराले गरेको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।११।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

इति संवत् २०७३ साल मङ्सिर ३ गते रोज ६ शुभम्।

१०

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-CI११३५, मोही भागी बेपत्ता, *सूर्य माझी वि. तोरण कार्कीसमेत*

विवादित जग्गाको मोही भागी बेपत्ता भइसकेपछि निजहरूको हकदारहरू भए दाबी गर्न आउनको लागि सूचना जारी भएको र सो सूचनाको म्यादभित्र पुनरावेदकले जिकिर लिए अनुसारका हकदारहरू कोही कसैको दाबी पर्न आएको पनि देखिँदैन । मुलुकी ऐन, अ.बं. को महलको ११२ नं. अनुसार म्याद तामेल भएको र सो म्याद बेरीतको हो भनी दाबी परी बदर गराउन सकेको पनि पाइँदैन । त्यसरी कानूनबमोजिमका हकदारहरूले म्यादभित्र दाबी नगरेपछि भूमिसुधार कार्यालयले मागबमोजिम मोहीको लगत कट्टा गर्न सक्ने नै देखिने।

कानूनले हकदार नै कायम नगरी हक सिर्जना नहुँदैको अवस्थामा भएको निर्णय विरूद्ध कानूनमा भएको संशोधनपछि मात्र हकदार कायम गरेको नातालाई आधार बनाई पहिले भइसकेको निर्णयको विषयमा पुनरावेदनको रोहमा हक स्थापित गराउन आउनु न्यायसङ्गत हुने देखिँदैन । कानूनबमोजिम पूर्व भएका निर्णयहरूलाई पछि बन्ने कानूनले बदर गर्नसक्ने अवस्था नरहने।

अतः मोही भागी बेपत्ता मुद्दामा पक्षसमेत नरहेका पुनरावेदकले आफूलाई पुनरावेदन गर्ने हकदैया प्राप्त भएको स्पष्ट आधार र प्रमाण देखाउन नसकेको अवस्थामा मोही लगत कट्टा गर्ने गरी भूमि सुधार कार्यालय, सुनसरीबाट मिति २०४९।१२।१ मा

भएको निर्णयउपर भूमिसम्बन्धी ऐन, २०२१ मा पछि भएको संशोधित कानूनी व्यवस्थाको आधारसमेत लिई पर्न आएको प्रस्तुत पुनरावेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०७२।४।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७३ साल मङ्सिर ३ गते रोज ६ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदार प्रसाद चालिसे,** ०६६-WO-०७९२, उत्प्रेषण / परमादेश, *मनोहरि जैसी वि. नेपाल सरकारसमेत*

निवेदकका सम्बन्धमा गरेको सजायको निर्णय र सफाई पेस गर्ने मौका दिइरहन मनासिब नपर्ने भनी भएको निर्णय पर्चामा उल्लेख भएको निर्णय नं. को क्रम संख्याबाट पहिले सजायको निर्णय गरी त्यसपछि सफाई पेस गर्न मौका दिई रहनु नपर्ने भनी पर्चा खडा गरेको देखिएकोले निवेदकलाई नोकरीबाट बर्खास्त गर्दा अपनाउनु पर्ने कानूनी प्रक्रिया कानूनबमोजिम पूरा गरेको देखिन नआउने।

निवेदक मनोहरी जैसीले विधिवत् रूपमा मिति २०५७।७।१० गतेबाट लागु हुने गरी मिति २०५७।८।२० गतेसम्मको लागि घर बिदा स्वीकृत गराएकोसमेत देखियो। निज निवेदक उक्त पूर्वस्वीकृत घरबिदाको आधारमा मिति २०५७।७।१० गतेबाट मिति २०५७।८।२० गतेसम्मको लागि बिदामा रहेकोसमेत देखिएको छ। निजलाई सोही घरबिदामा रहेकै अवस्थामा "मिति २०५७।७।१६ गतेदेखि सञ्चालन हुने भनिएको प्रहरी कारवाहीयुक्ती अनुशिक्षण तालिममा मनोनयन गरिएको र निजको उक्त स्वीकृत भइसकेको घरबिदा रद्द गरिएको कुराको जानकारी गराएको देखिने निस्सा वा भरपाई उक्त निर्णय मिसिल संलग्न रहेकोसमेत देखिन नआउने।

निवेदकले आफू कार्यरत रहेको निकायबाट विधिवत् रूपमा बिदा स्वीकृत गराई बसेको अवधिभित्रै निजलाई उक्त बिदा रद्द गरिएको वा निजलाई तालिममा मनोनयन गरिएको भन्ने कुराको कुनै जानकारीसमेत गराइएको नदेखिएको र सो बिदाको अवधिसमेत समाप्त नहुँदै मिति २०५७।८।१९ मा निज प्रहरी नायव निरीक्षक मनोहरी जैसीलाई "प्रहरी नियमावली, २०४९ को नियम ८८ को देहाय (ङ) र (झ) को कसुरमा ऐ. नियमावलीको नियम ८४को देहाय (ज) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने" भनी तत्कालीन प्रहरी महानिरीक्षकबाट भएको विभागीय सजाय र सो सजायको आदेशलाई सदर गर्ने गरी तत्कालीन गृहमन्त्रीबाट मिति २०६६।९।८ मा भएको पुनरावेदकीय निर्णयसमेत कानून तथा न्यायसम्मत रहेको देखिन नआउने।

अतः निवेदक मनोहरी जैसीलाई प्रहरी नियमावली, २०४९ को नियम ८८ को देहाय (ङ) र (झ) को कसुर गरेको भनी सोही नियमावलीको नियम ८४ को देहाय (ज) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी मिति २०५७।८।१९ गते नोकरीबाट हटाउने गरी प्रहरी महानिरीक्षकबाट भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरेको गृहमन्त्रीबाट मिति२०६६।९।८ मा भएको पुनरावेदकीय निर्णयसमेत न्यायोचित र कानूनसम्मत रहेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ।अब निवेदक मनोहरी जैसीलाई पूर्ववत् सेवामा बहाल गराई कानूनबमोजिम गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत

जारी हुने ।

इजलास अधिकृत:- सुरथ प्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल फागुन २३ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या. श्री सारदाप्रसाद घिमिरे,** ०७१-CR-१२९७, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. धनपति थपलियासमेत*

जाहेरवालाहरूले आफूले दिएको जाहेरी दरखास्तलाई पुष्टि हुने गरी प्रतिवादीहरूले रकम बुझेको लिखत तथा अन्य रसिद, भरपाईसमेतका प्रमाणहरू जाहेरी दरखास्तकासाथ पेस गर्न सकेको देखिँदैन भने जाहेरवालाहरूले कुन प्रतिवादीलाई कति रकम वैदेशिक रोजगारको लागि दिएको हो भन्ने कुरा जाहेरीमा उल्लेख गर्न सकेकोसमेत पाइँदैन । जाहेरवालाले मेरो रोहवरमा पैसा दिएको हो भनी कागज गर्ने रणबहादुर पौडेललेसमेत सो व्यहोराको कुनै लिखत भएको ठोस प्रमाण देखाउन सकेको देखिँदैन । अनुसन्धान अधिकारी र न्यायाधिकरणसमक्ष उपस्थित भएका प्रतिवादीहरू धनपति थपलिया र बालकृष्ण संजेल सुरूदेखि नै कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । यी जाहेरवालाहरूलाई प्रतिवादीहरूले वैदेशिक रोजगारको लागि अफगानिस्तान पठाउन भनी झुठ्ठा आश्वासन दिएको वा प्रलोभन देखाई वैदेशिक रोजगारमा लगाई दिने भनी रकम लिएको भन्नेसमेत मिसिल कागजातबाट देखिन नआउने ।

जाहेरी व्यहोरामा नै के, कुन प्रतिवादीले के, कति रकम लिएको हो सो स्पष्ट नभएको र रकम लिएको कुनै लिखत संलग्न नभएको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार पनि अभियोग प्रमाणित गर्ने भार वादी पक्षमा रहने हुन्छ भने प्रतिवादीहरू उपस्थित गराउने दायित्व पनि अभियोजन पक्षकै हुन्छ । प्रतिवादी अनुपस्थित रहेकै कारण कसुर स्वीकार गरेको मान्न पनि नमिल्ने ।

तसर्थ प्रतिवादीहरू धनपति थपलिया, नविन थपलिया, केशव थपलिया र बालकृष्ण संजेलउपरको अभियोग मागदाबी वादीले प्रमाणित गर्न सकेको नदेखिँदा निजहरूलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ. ऐनको दफा ४३बमोजिम सजाय गरी हर्जानासहितको जाहेरवालाहरूको बिगोसमेत प्रतिवादीहरूबाट दिलाई भराई पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने हुँदा प्रतिवादीहरूले आरोपित कसुरबाट सफाई पाउने ठहरेको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७०।१०।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्यूटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल माघ २६ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-CR-०३५५, थुनुवा भागे भगाएको, *पुष्पलाल मिश्र वि. खगेन्द्र गिरी*

प्रतिवादी दलबहादुर राईका नाममा जारी भएको म्याद रीतपूर्वक तामेल भएको देखिन्छ । रीतपूर्वक म्याद तामेल भएपछि निजको हकमा समेत बुझ्नु पर्ने प्रमाण बुझी फैसला गर्नुपर्ने देखिन्छ । तसर्थ प्रस्तुत मुद्दाका एकजना फरार प्रतिवादी दलबहादुर राईको हकमा डाँका मुद्दालाई आधार बनाई मुलतबी राखेको र अर्का प्रतिवादी पुष्पलाल मिश्रका हकमा फैसला गरेको सुरू जिल्ला अदालतको फैसला मुलुकी ऐन, अ.बं.९४, १९० र १९२ नं.समेतको प्रतिकूल देखिएकोले मुलुकी ऐन, चोरीको महलको १० नं. बमोजिम मुल्तवी राख्नेसमेत गरी भएको फैसला कानूनसम्मत नदेखिने ।

अतः प्रतिवादी कुमार भन्ने दलबहादुर राईको हकमा मुलतबी राखी प्रतिवादी पुष्पलाल मिश्रले अभियोग दाबीबाट सफाई पाउने ठहऱ्याई झापा जिल्ला अदालतबाट मिति २०६९।२।४ गते भएको फैसलालाई उल्टी गरी मुलतबी रहने ठहऱ्याएको प्रतिवादी कुमार भन्ने दलबहादुर राईको हकमा र प्रतिवादी पुष्पलाल मिश्रको हकमा समेत कानूनबमोजिम जे जो बुझ्नुपर्छ बुझी पुनः निर्णय गर्न मिसिल सुरू झापा जिल्ला अदालतमा पठाई दिने ठहऱ्याएको पुनरावेदन अदालत इलामको मिति २०७०।१०।२० को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्द्रबहादुर कठायत

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७३ साल माघ २६ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-०५९३, जबरजस्ती करणी, *नेपाल सरकार वि. जर्नल मुण्डा*

पीडित B ले यस अदालतमा गरेको बकपत्रको स.ज. १ मा १७ वर्ष भए भनी आफ्नो उमेर खुलाएको देखिन्छ । इलाम अस्पतालका मेडिकल अधिकृत डा. सवनम पराजुलीले पीडित B यस अदालतमा गरेको बकपत्रको पीडित B को उमेर १७-२५ वर्षको हुनसक्ने भनी प्रतिवेदन दिएको पाइन्छ। अदालतको आदेशानुसार श्री आदर्श प्राथमिक विद्यालय, पथरियाको मिति २०६८।१।२९ को पत्रसाथ प्राप्त जन्ममितिको रेकर्डमा निज पीडितको जन्ममिति, २०५०।१।१४ उल्लेख भएको देखिन्छ । यसरी मिसिल संलग्न उल्लिखित प्रमाणहरूबाट पीडित B को उमेर १६ वर्षभन्दा माथिको रहेको देखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर सहमत हुन नसकिने।

प्रतिवादीले अदालतसमक्ष पीडित B लाई जबरजस्ती नभई सहमतिले करणी गरेको भनी बयान गरेको देखिन्छ । पीडित B ले मौकामा आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भनी कागज गरे तापनि अदालतसमक्ष सो व्यहोरा खुलाई बकपत्र गरेको पाइएन। पीडितको मेची अञ्चल अस्पतालबाट भएको शारीरिक परीक्षण प्रतिवेदन हेर्दा Hymen intact, निजको शरीरमा तथा योनिको वरीपरी निलडाम चोटपटक केही नभएको भन्ने उल्लेख भएको देखिन्छ। जाहेरवाला ओजनलाल राजवंशीले प्रतिवादीले पीडित B लाई जबरजस्ती करणी गरेको होइन भनी बकपत्र गरेको देखिन्छ। तसर्थ मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीले पीडित B लाई अपहरण गरी बन्धक बनाई जबरजस्ती करणी गरेको पुष्टि हुन नआउने।

तसर्थ प्रतिवादी अर्जुन भन्ने जर्नल मुण्डाले पीडित B लाई अपहरण गरी बन्धक बनाई जबरजस्ती करणी गरेको अभियोग दाबी पुग्न नसक्ने हुँदा निजले अभियोग दाबीबाट सफाई पाउने ठहऱ्याई भएको पुनरावेदन अदालत इलामको मिति २०६९।११।२० को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल माघ २६ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-CR-०६३८, सम्बन्ध बिच्छेद, *टेकबहादुर खड्का वि. सुनिता रावल*

प्रतिवादीले आफू वादीका बुवाको स्वर्गे हुँदा २०६८।२।१७ गते ससुराको मृत्यु भई छमासी हुँदासम्म अर्थात् २०६८।७।८सम्म पनि निजकै घरमा बसेको र २०६९ वैशाखसम्म हाम्रो सम्बन्ध राम्रै रहेको भन्ने जिकिर लिएको पाइयो। प्रतिवादीको उक्त भनाई

निजका साक्षी मन्जुदेवी कठायतको बकपत्रबाट समेत समर्थित भइरहेको पाइन्छ। वादी स्वयम्ले प्रतिवादीको उक्त भनाई खण्डन गर्ने वस्तुनिष्ठ आधार प्रमाण भने पेस गर्न सकेको देखिदैन । उपरोक्त तथ्यको विवेचना गर्दा यी वादीले प्रतिवादी श्रीमती आफूसँग लगातार तीन वर्ष वा सोभन्दा बढी अवधिदेखि छोडी भिन्न भई बसेको कुराको पुष्ट्याई गर्न सकेको नदेखिँदा २०६६।१०।२७ देखि माइतीमा बस्दै आएको भन्ने तथ्य पुष्टि हुनसक्ने अवस्था नहुँदा लगातार ३ वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेको मान्न नमिल्ने।

प्रतिवादीले आफूले श्रीमान्ले बेवास्ता गरेका कारण निजको खोजखबरका लागि जिल्ला प्रहरी कार्यालय, कैलालीमा निवेदन दिएको भन्ने व्यहोरा स्वीकार गरेकी छन् । तर सो निवेदनउपरको कारवाहीबाट निजले लोग्नेलाई शारीरिक वा मानसिक पिडा पुऱ्याइएको भन्ने तथ्य स्थापित हुन सकेको पाइँदैन । आफूलाई लोग्नेले बेवास्ता गरेको र लोग्नेले सुमन नाम गरेको केटीलाई लेखेको पत्र भेटाएको कारण जिल्ला प्रहरी कार्यालय, कैलालीमा निवेदन दिएको भए पनि सो निवेदन दिएकै कारण वादीलाई मानसिक वा शारीरिक पिडा पुगेको भन्न मिल्दैन । आफू र लोग्नेकोबीचको सम्बन्ध बिगार्ने नियतले नभई बिग्रेको सम्बन्ध पुनः कायम गर्ने असल नियतले प्रहरी कार्यालयमा निवेदन दिएकोलाई अन्यथा भन्न पनि मिल्दैन । जहाँसम्म स्वास्नीले दुःख दिएकै कारण जागिर छोडेको भन्ने वादीको भनाई छ सोको कुनै वस्तुनिष्ठ प्रमाण पेस गर्न नसकेको अवस्थामा यस्तो निराधार दाबीलाई अदालतले ग्रहण गर्नु उचित नदेखिने।

तसर्थ उपरोक्तानुसार विवेचित तथ्य, सम्वद्ध कानून र प्रतिपादीत सिद्धान्तसमेतको प्रतिकूल हुने गरी यी वादी प्रतिवादीकाबीच सम्बन्ध विच्छेद हुने ठहऱ्याएको सुरूको फैसला उल्टी गरी निजहरूकाबीच सम्बन्ध विच्छेद हुन नसक्ने भएकाले वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७२।३।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्र बहादुर कठायत
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७३ साल माघ २६ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री अनिल कुमार सिन्हा,** ०७०-CI-१०७२, कुलो कायम गरिपाउँ, *कृष्णबहादुर भण्डारी वि. सिता भण्डारी*

अदालतबाट भई आएको मिति २०६९।२।२१ को नक्सामा न.नं. १ बाटोसँग टाँसिएको कुलो, न.नं. २, ३, ४ अन्य व्यक्तिहरूका जग्गा न.नं. ५ वादी दाबीको विवादित कुलो न.नं. ६ कि.नं. १२३३ को प्रतिवादीको जग्गा, न.नं. ७, ८, ९ अन्य व्यक्तिहरूका जग्गा न.नं. १० वादीको कि.नं. १२४५ को जग्गा न.नं. ११ हरि भण्डारीको जग्गा र न. नं. १२ र १३ वादीको कि.नं. क्रमश १२४८ र २४७ को जग्गा रहेका छन्। उल्लिखित कि.नं. १२४५ को जग्गाको पूर्वमा वादीकै कि.नं. १२४६, पश्चिममा न.नं. ८, ९ का कि.नं. १२३८ र १२३४ का जग्गापश्चात प्रतिवादीको न.नं. ६ कि.नं. १२३३ को जग्गा र उत्तरमा न.नं. ९ कि.नं. १२३२ को जग्गा रहेको देखिन्छ भने न.नं. ५ को विवादित कुलो न.नं. ६ को प्रतिवादीको जग्गा हुँदै न.नं. ७, ८ भई नं. १०सम्म देखाइएको पाइने।

उक्त जग्गाको भू अवस्थित हेर्दा पनि प्रतिवादीको कि.नं. १२३३ को जग्गाभन्दा वादीको कि.नं. १२३८ को जग्गा अग्लो स्थानमा रहेको देखिन्छ । प्राकृतिकरूपमा पनि पानीको वहाव अग्लो स्थानबाट होचो स्थानमा प्रवाह हुने हो । यदि

प्रतिवादीको जग्गामा कुलो निर्माण गर्दा जमिनमा संरचना खडा गरी कुलो उठाई सोको उचाई वादीको जग्गा बराबर बनाइएको थियो भने सो कुरा पनि वादीले खुलाउनु पर्नेमा सो तथ्य पनि उजागर गरेका छैनन् । त्यसरी कुलो उठाइएको भए सो संरचना स्वभाविक रूपमा देखिने खालको हुने भई सर्भेको नाप नक्शामा पनि कायम रहेको हुन्छ । तर नापीबाट प्राप्त सर्भे नक्शामा सो स्थानमा कुलो रहेको देखिन नआउने ।

प्रमाण ऐन, २०३१ को दफा १३(२) मा नेपाल सरकारबाट वा नेपाल सरकारद्वारा अधिकार प्राप्त व्यक्तिबाट वा सार्वजनिक संस्थाबाट प्रकाशित भई सार्वजनिक रूपमा बिक्रीमा रहेका नक्सा, मानचित्र वा तथ्याङ्कसम्बन्धी लिखतमा जनिएका कुराहरू प्रमाणमा लिन हुन्छ ।" भन्ने कानूनी व्यवस्थाबमोजिम सरकारी कार्यालयमा रहेको स्रेस्तालाई प्रमाणमा लिनुपर्ने हुँदा नक्सामा कुलो नदेखिएको स्थानमा पुनरावेदकको मौखिक कथनको आधारमा मात्र दाबीबमोजिमको कुलो रहेको भनी मान्न नमिल्ने ।

वादीको कि.नं. १२४७ को जग्गा न.नं. १ को मूल कुलोसँग जोडिएको र कि.नं. १२४५ को जग्गा पनि उक्त कि.नं. १२४७ सँगै जोडिएको देखिँदा कि.नं. १२४५ को जग्गामा उक्त १२४७ बाट सहज रूपमा सिंचाई हुने अवस्था देखिन आएबाट पनि उक्त कि.नं. १२४५ को जग्गा आबाद गर्न कठिनाई परेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसक्ने ।

माथि विवेचित आधार कारणबाट वादी दाबीबमोजिम वादीको कि.नं. १२४५ मा प्रतिवादीको कि.नं. १२३३ मा कुलो रहेको र सो कुलोमा प्रतिवादीले अवरोध पुऱ्याएको भन्ने वादी दाबी मनासिब नदेखिँदा दाबी पुग्ने ठहऱ्याएको सुरूको फैसला उल्टी गरी कुलो कायम हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७०।५।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७३ साल माघ २४ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CR-०३७९, जबरजस्ती करणी, *राजन वि.क. वि. नेपाल सरकार*

३ वर्षकी अवोध बालिका जसको राम्ररी बोली नै फुटेको छैन, जसले संसार नै बुझेको चिनेको हुँदैन जसमा यौनिकता देखाउने कुनै अवस्थासम्म छैन जसलाई सहदयी माया ममता र हेरविचारको पूर्ण जरूरत हुन्छ त्यस्तो अवोध बालिकाको अभिभावकसमेतलाई झुक्याई करणीको मनसाय राखी शौचालयमा लगी आफू तम्तयार भई करणी गरेकोमा शरीरको यो र त्यो अङ्गमा करणी गरेको जिकिर लिएपनि ३ वर्षकी नाबालिका विरूद्ध भएको यस्तो अपराध समाज र सिङ्गो राज्य विरूद्ध गरेको अपराध हो । ३ वर्षकी अवोध नाबालिकाको योनिमा लिङ्ग प्रवेश सम्भव नभएर योनिसँगै रहेको गुद्धद्वारमा करणी गरेको र उक्त अङ्गमा घा चोट रगतको चिह्न पनि रहेको तथ्यलाई प्रतिवादी स्वयम् शरीरमा घर्षण गरेको मेडिकल रिपोर्ट तथा अन्य वस्तुगत प्रमाणसमेत रहेको अवस्थामा यस्तो कार्यलाई जबरजस्ती करणीको कसुर नै कायम गर्नुपर्ने ।

कानूनले करणीको क्रिया, सहमति, उमेर आदि तत्त्वका आधारमा सजायको मात्रामा फरक फरक व्यवस्था गरेको कुरालाई प्रतिवादीले आफ्नो हित अनुकुल प्रयोग गर्न खोजको देखिन्छ । तर कानून र न्याय एक अर्काका परिपूरक हुन् । कानून मूर्त हुन्छ तर न्याय अमूर्त भए पनि अनुभूत गरिने विषय हो । ३ वर्षको अवोध बालिकालाई आफूले

करणी गरेको कसुर स्वीकार गरी एकपटक बयान गरी सकेको अवस्थामा यो अङ्ग र त्यो अङ्गमा करणी गरेको भन्ने जिकिर लिई कानून, न्याय र दण्डलाई प्रभावित गर्ने प्रतिवादीको प्रयासलाई समर्थन गर्न सकिँदैन । कानूनमा यदि सजायको हद नहुँदो हो त यस्तै अपराधीका लागि उपयुक्त सजायको खोजी गर्न सकिन्थ्यो । तर कानूनले नै सजायको हद निर्धारण गरेको अवस्थामा कसुरको गाम्भिर्यता विचार गरी उपल्लो हद तोकिनुलाई अन्यथा भन्न नसकिने।

तसर्थ प्रतिवादी राजन वि.क.लाई जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १४ वर्ष र ९क नं. बमोजिम थप १ वर्ष कैद गरी जम्मा कैद वर्ष १५ र पीडितले प्रतिवादीबाट रू.१५,०००।- भराई लिन पाउनेसमेत ठहर गरेको सुरू मकवानपुर जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६८।१।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल पुस २५ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-०१६५, भ्रष्टाचार, *सीताराम दुवाडी वि. नेपाल सरकार*

प्रतिवादीले आफू कार्यालयको निर्णायक तहमा नरहेको भन्ने जिकिर लिएको पाइन्छ भने अर्कोतर्फ आफूसँग विद्युत् लाइन नदिएको इवी साँध्न उजुरी दिएको भन्ने तर्क पेस गरेको पाइन्छ । यस्तो अवस्थामा कार्यालयको निर्णायक तहमै नरहेका व्यक्तिसँग इवि साँध्नुपर्ने के कारण परेको हो सोको युक्तियुक्त जवाफ र भरपर्दो प्रमाण पनि पेस भएको पाइएन । जहाँसम्म बरामदी मुचुल्का जिल्ला प्रशासन कार्यालयमा तयार गरेको भन्ने सन्दर्भ छ सो सम्बन्धमा हेर्दा बरामदी मुचुल्कामा सहीछाप गर्ने कृष्णप्रसाद गैरेले बरामदी मुचुल्का जिल्ला प्रशासन कार्यालयमै खडा गरी सही गरेको हुँ भनी बकपत्र गरेको र आफू जिल्ला प्रशासन कार्यालयमा कार्यालय, प्रमुखको बैठकमा गएका बखत बरामदी मुचुल्कामा सही गरेको हुँ भनी नेपाल विद्युत् प्राधिकरण शाखा कार्यालय, धादिङका कार्यालय, प्रमुख सुरज साहले बकपत्र गरेको भए पनि उक्त रकम यी प्रतिवादीको सँग साथबाट बरामद भएको होइन भन्न सकेको पाइँदैन। बरामदी मुचुल्काको व्यहोरा र तथ्यमा सहमत भई बकपत्र गरेपछि मुचुल्का खडा भएको स्थानले खासै महत्त्व राख्न सक्ने नदेखिने।

जाहेरवालाले प्रतिवादी सिताराम दुवाडीले आफूसँग विद्युत् लाइन जडानबापत रिसवत् मागेको भनी जिल्ला प्रशासन कार्यालयमा संलग्न नोटहरूको नम्बरसहित किटानी निवेदन दिएको, खटिई गएको अनुसन्धान टोलीले निवेदनमा उल्लेख गरेबमोजिमकै हजार दरका ८ थान नोटहरू बरामद भएको व्यहोराको बरामदी मुचुल्काबमोजिमका नोटहरू आफूबाटै बरामद भएको भनी प्रतिवादीले बयान गरेको र बरामदी मुचुल्काका व्यक्ति विगनेस झा एवम् जाहेरवालाले विशेष अदालतसमक्ष गरेको बकपत्रसमेतका समग्र कागज प्रमाणबाट यी प्रतिवादी सिताराम दुवाडीले जाहेरवालाबाट रू.८०००।- रिसवत लिएको देखिँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने । प्रतिवादी सिताराम दुवाडीको उक्त कसुर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को परिभाषा अन्तर्गत पर्ने भएकाले निजलाई सोही ऐनको दफा ३(१)(घ) बमोजिम रू.८०००।-(आठ हजार रुपैया) जरिवाना र १(एक) महिना कैद हुने ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०६९।३।१७ को

फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्द्र बहादुर कठायत

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल पुस २५ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-१७८५, ०७३-CR-०३१२, कर्तव्य ज्यान, *शंकरमणी राई वि. नेपाल सरकार र नेपाल सरकार वि. शंकरमणी राई*

मृतक तथा प्रतिवादीबीच दाउराको विषयमा भनाभन तथा विवाद उठेको देखिन्छ । सोही क्रममा प्रतिवादी उत्तेजित भई मृतकउपर दाउरो प्रहार गरेको र सोही दाउरोको चोटले मृतकको मृत्यु भएको देखिएको हुँदा उक्त वारदातलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको ५ नं. अन्तरर्गतको भवितव्य वारदात भन्न मिल्ने अवस्था नरहेकोले त्यसतर्फको प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको कुनै पूर्वरिसइवी, मनसाय तथा योजना रहेको देखिँदैन । यी प्रतिवादीले कुनै धारिलो वा जोखमी हतियार प्रयोग गरेको नभई तत्काल मृतकसँग भनाभन हुँदा सोही अवस्थामा वारदातस्थलमा रहेको सामान्य दाउरो प्रहार गरेको कारण उक्त वारदात सिर्जना भएको देखिँदा उक्त वारदातलाई ज्यानसम्बन्धीको १३(१) नं. अन्तर्गतको कसुर कायम गर्न मिल्ने देखिएन । त्यसतर्फको वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँगसमेत सहमत हुन नसकिएन ।

वारदातको प्रकृति हेर्दा मृतक र प्रतिवादीकाबीच ज्यान मार्नेसम्मको पूर्वरिसइवी रहेको मिसिलबाट देखिएको छैन । प्रतिवादीले लुकीछिपी प्रहार गरेको पनि देखिँदैन । जोखिमी हतियार प्रहार भएको नभई साधारण दाउराले प्रहार गरेको कारणबाट ज्यान मर्न गएको अवस्था छ । प्रतिवादीले प्रयोग गरेको भनिएको दाउरो निजले अन्यत्रबाट ल्याएको नभई सोही स्थानमै रहेको भन्ने देखिन्छ । मर्ने मट्यांग्री राईले दाउरा काटेको विषयमा वादविवाद हुँदाका क्रममा बञ्चरो प्रहार गर्न खोजेको अवस्थामा प्रतिवादी शंकरमणी राई उत्तेजनामा आई निजकै वरपर रहेको सामान्य दाउरा प्रहार गर्दा मानिस मर्न गएको देखिन्छ । मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. मा "ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरिकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमाबाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत वारदातको प्रकृति उक्त कानूनी व्यवस्थाअन्तर्गतको देखिन आएको हुँदा पुनरावेदन अदालत राजविराजबाट प्रतिवादीले ज्यानसम्बन्धीको १४ नं. बमोजिमको कसुर गरेको ठहऱ्याई प्रतिवादीलाई १० वर्ष कैद सजाय हुने गरी भएको फैसला कानूनसम्मत नै देखिने ।

अतः उपर्युक्तबमोजिमको तथ्य, प्रमाण तथा कानूनी व्यवस्थाको सन्दर्भमा प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिमको कसुर गरेको देखिन आएकोले प्रतिवादीलाई ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सजाय हुने ठहर गरेको सुरू खोटाङ जिल्ला अदालतको फैसला केही उल्टी गरी निज प्रतिवादी शंकरमणी राईलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०७२।११।१७ को फैसला मिलेकै देखिँदा

सदर हुने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल फाल्गुण १२ गते रोज ५ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी.** ०७२-CI-०९३१, भाडा दिलाई जग्गा खाली गराई पाउँ, *उषा रोका क्षेत्री वि. गेहेन्द्र देव बस्नेत*

पुनरावेदक प्रतिवादी उषा रोका क्षेत्री र प्रत्यर्थी वादी गेहेन्द्र देव बस्नेतबीच मिति २०६२।८।३० मा सम्झौता भएको र उक्त करार सम्झौता ५ वर्षको लागि भएको र भाडा वार्षिक १२०००।– का दरले ५ वर्षको रू ६०,०००।– तोकिएको र पेस्कीस्वरूप रू ६०००।– लिने कुरा उल्लेख भएको पाइन्छ । उक्त कागज भएको कुरामा पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादीको वीच कुनै विवाद देखिँदैन । ५ वर्षको लागि करार भएकोमा करार पुनः नवीकरण नभएपछि ५ वर्षपछि करार अवधि समाप्त भएपछि उक्त जग्गाबाट प्रतिवादी हट्नुपर्ने हुन्छ र उक्त जग्गा कुनै पनि बहानामा प्रतिवादीले हडप्न मिल्ने देखिँदैन । भोगाधिकार निष्क्रिय भएपछि प्रतिवादीले स्वतः वादीको जग्गा खाली गराई दिनुपर्ने ।

भाडाबापत रू ५४,०००।– वादीलाई बुझाउनु पर्ने तथ्यलाई प्रतिवादीले स्वीकार गरेको पाइन्छ तर उक्त रकम आफूले वादीलाई बुझाएको छु भनी भने तापनि निजले बुझाएको कुरालाई प्रमाणित गर्ने निस्सा प्रमाण पेस दाखिला गर्न नसकेकोले निज प्रतिवादीबाट वादीले उक्त बुझाउन बाँकी भाडा रकम रू ५४,०००।– भराई लिन पाउने देखिन्छ । प्रतिवादीले उक्त जग्गामा घर टहरा बनाएको जिकिर लिए भनी उक्त टहरा के कुन हिसाबले र कस्ता टहरा बनाएको हो ? खुलाउन नसकेको र करार अवधि समाप्त भइसकेको र करारअनुरूप वादी पक्षलाई बुझाउनु पर्ने भाडा रकम बुझाएको प्रमाण पेस दाखिला गर्न नसकेको स्थितिमा यस अदालतबाट दोहोर्‍याई पाउँ भन्ने निवेदनमा निस्सा प्रदान गर्दा लिइएका आधार बुँदासँग सहमत हुन सकिएन । अतः मैले वादीलाई बुझाउन पर्ने भाडा बुझाईसकेको छु । बुझाउन बाँकी छैन । म बाट वादीलाई रू ५४,०००।– भाडा भराई दिने गरी भएको पुनरावेदन अदालत तुलसीपुरको फैसला त्रुटिपूर्ण छ वदर गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर भरपर्दो र विश्वासनीय तथ्यमा आधारीत नहुँदा पुग्न सक्ने नदेखिने ।

तसर्थ करारबमोजिमको प्रतिवादीले वादीलाई बुझाउन बाँकी भाडा रू.५४,०००।– वादीलाई बुझाई प्रतिवादीले वादीको जग्गा खाली गराई दिनुपर्ने ठहर्‍याई सुरू दाङ जिल्ला अदालतबाट मिति २०६८।१२।२२ मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७०।८।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: देवीमाया खतिवडा (देविना)

इति संवत् २०७३ साल फागुन २३ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-०४९०, जालसाजी, *रून्चीदेवी यादवनीसमेत वि. परमेश्वर कापरसमेत*

पुनरावेदक वादीले दाबी लिएको धनुषा जिल्ला अदालतको २०६० सालको दे.नं.१३६५ को लेनदेन मुद्दाको मिसिल अध्ययन गरी हेर्दा सो मुद्दामा प्रतिवादीहरू रून्चीदेवी यादवनी, रामभरोसा

यादव र सन्तोषी यादवका नाउँमा धनुषा जिल्ला अदालतबाट मिति २०६०।६।२७ गते इतलायनामा म्याद जारी भई मिति २०६०।७।२६ मा स्थानीय २ जना भरादमी साक्षी बसी गा.वि.स. सचिवको रोहबरमा निज प्रतिवादीहरू स्वयम्ले बुझी लिई मुलुकी ऐन, अ.बं. ११० नं. बमोजिमको रीत प्रक्रिया पूरा गरी तामेल भएको पाइयो । सो म्यादमा निज म्यादवालाहरूको ल्याप्चे सहीछाप परेको देखियो । फिरादमा सो ल्याप्चे छाप कीर्ते हो भनी दाबी लिइएको पाइएन । केवल हचुवा र गोश्वारा रूपमा जालसाजी भनी दाबी लिएको देखियो । सो म्याद तामेलीपश्चात् बुझ्नुपर्ने प्रमाण बुझी धनुषा जिल्ला अदालतबाट मिति २०६०।११।१७ मा वादी दाबी पुग्ने ठहऱ्याई फैसला भई सो फैसला कार्यान्वयनसमेत भइसकेको रहेछ । सो फैसला कार्यान्वयन भएको करिव ५ वर्षपछि वादी प्रस्तुत फिराद लिई अदालत प्रवेश गरेको पाइने ।

पुनरावेदक वादीका नाउँको म्याद निज स्वयम्ले ल्याप्चे सही गरी बुझी लिएको देखिएको, सो ल्याप्चे सही कीर्ते हो भनी वादीले दाबी नगरेको र लेनदेन मुद्दाको फैसला कार्यान्वयनसमेत भइसकेको अवस्थामा लामो समयपछि म्याद जालसाज भएको भनी दाबी लिएउपरको वादी दाबी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आयो । तसर्थ वादी दाबी नपुग्ने ठहऱ्याई भएको पुनरावेदन अदालत जनकपुरको मिति २०६९।३।२१ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: आनन्दराज पन्त

इति संवत् २०७३ साल चैत ७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-००९३, लागु औषध (फेन्सीडिल), *बाबुराम गुरूङ वि. नेपाल सरकार*

प्रतिवादी बाबुराम गुरूङले अदालतमा आई बयान गर्दा सुनिल साईबाट बरामदी लागु औषध मगाएको तथ्यलाई स्वीकार गर्दै आफूले लागु औषध बिक्री वितरण गर्दिन सेवन मात्र गर्ने हो भनी जिकिर लिए तापनि उक्त कुरालाई पुष्टि प्रमाणित हुने गरी प्रमाणित गराउन सकेको पाइँदैन । प्रतिजिकिर लिएकोमा उक्त कुरालाई प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २७-२८ अनुसार स्वयम् जिकिर लिने पक्षको दायित्व रहेको हुन्छ । साथै लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १२ अनुसार अनुसार निजको साथमा फेला परेको लागु औषध नियन्त्रण ऐन, २०३३ वा सो ऐन अन्तर्गतबमोजिम बनेको नियम वा जारी भएको आदेशबमोजिम प्राप्त गरेको वा राखेको हो भनी पुष्टि गराउन सकेको पाइँदैन । निजको सो बयान व्यहोरा प्रमाणित हुने आधार प्रमाण मिसिलमा मौजुद रहेको देखिएन । बरामदी लागु औषधको परिमाण, सहप्रतिवादीले गरेको पोल बयान र निजले लागु औषध खरिद गरी IME बाट सहप्रतिवादीलाई रूपैयाँ पठाउने गरेको तथ्य प्रमाणले यी प्रतिवादी लागु औषधको सेवनकर्ता मात्र रहेछन भनी भन्न सकिने अवस्था देखिएन । तसर्थ यी प्रतिवादी इन्द्र भन्ने बाबुराम गुरूङले अभियोग दाबीबमोजिम लागु औषध नियन्त्रण ऐन, २०३३ को (घ), (ङ) तथा ऐ.ऐनको दफा १४(१)को देहाय (झ) को कसुर अपराध गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई सोही ऐनको दफा १४(१) को देहाय (झ) आकर्षित गरी सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने ।

तसर्थ बरामद भएको लागु औषधको मात्रा र IME बाट सहप्रतिवादी सुनिल साईलाई रकम भुक्तान गरेको प्रमाणित तथ्यसमेतका आधारमा प्रतिवादी

बाबुराम गुरूङलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिम तजबीजी सजाय २ वर्ष कैद र रू.१,००,०००।– जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको मिति २०७०।१०।७ को फैसला मिलेको देखिदा सदर हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल चैत ७ गते रोज २ मा शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-०३६४, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. गणेशमान बुढा*

जाहेरवालाहरूले पेस गरेको कागज आफू, संजिव अमात्य र सुरेन शाहुले संयुक्त रूपमा गौशाला प्रहरी चौकीमा गराएको तथ्यलाई स्वीकार गरी जाहेरवाला वर्तदेवी जिमीले पनि मौकामा कागज गरेको देखिन्छ । त्यसैगरी अर्का जाहेरवाला सुरेन साहुले आफ्नो पसलबाट लगेको च्युरा, चामलबापतको पैसा प्रतिवादीबाट लिन बाँकी छ भनी अनुसन्धानको क्रममा कागज गरिको देखिन्छ । यसरी प्रतिवादीले मौका र न्यायाधिकरणसमक्ष गरेको बयान व्यहोरा र जाहेरवालाले अनुसन्धानको क्रममा गरेको कागज व्यहोरासमेतबाट लिखत वैदेशिक रोजगारीको प्रयोजनको लागि रकम लिएको भन्ने उल्लेख भए तापनि जाहेरवाला र प्रतिवादीहरूबीचको व्यवहार लेनदेन विषयको देखिन आउने।

जाहेरवाला तथा पीडित पक्षलाई सरकारी पक्षले बकपत्रको लागि उपस्थित गराउन सकेको देखिँदैन। निजहरूलाई सक्कल लिखतसहित बकपत्र गर्न आउन अ.बं. ११५ नं. बमोजिम म्याद जारी भई तामेल हुँदा पनि बकपत्र गर्न निजहरू उपस्थित भएको देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार अभियोग दाबीलाई पुष्टि गर्ने सबूत पेस गरी दाबीलाई प्रमाणीत गर्ने अभिभारा वादीउपर हुन्छ। प्रस्तुत मुद्दामा जाहेरवाला तथा पीडितको रकम प्रतिवादीले व्यापारिक कारोबारबापत लिएको भन्ने पीडित तथा जाहेरवालाले मौकामा कागज गरेको देखिएको र वैदेशिक रोजगारमा पठाई दिने प्रयोजनका लागि रकम लिएको भनी निज जाहेरवाला तथा पीडितले अदालतमा उपस्थित भई प्रमाणसहित बकपत्र गर्न नसकेको यस अवस्थामा अभियोग दाबी नपुग्ने ठहऱ्याई बैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मनासिब देखिन आउने।

तसर्थ प्रतिवादीले वैदेशिक रोजगारमा अमेरिका पठाई दिने प्रयोजनको लागी जाहेरवालाहरूबाट रकम लिएको भन्ने प्रमाणित नभएको र लेनदेनका विषयमा सम्बद्ध निकायमा उजुर गरेको बखत कानूनबमोजिम हुने नै भएकाले वादी दाबी पुग्न नसक्ने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।८।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल फागुन ८ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-१७२६, लागु औषध (डाइजेपामसमेत), *नेपाल सरकार वि. ओमबहादुर सेवासमेत*

लागु औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गतको कसुर गरी सजाय पाइसकेको व्यक्तिले पुनः सोही ऐन, अन्तर्गतको कसुर गरेमा पटक कायम गरी थप सजाय गर्नुपर्ने देखियो । अभियोगपत्र हेर्दा प्रतिवादीहरूले पहिले चलेको लागु औषध मुद्दामा कसुरदार ठहरी सजाय पाई सकेको भन्ने दाबी

लिएको नभई विचाराधीन रहेको मुद्दामा पटके कायम गरी उक्त ऐनको दफा १६ अनुसार थप सजायसमेत हुन माग दाबी लिइएको देखिन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी कृष्ण मोक्तानलाई लागु औषध कारोबार र प्रतिवादी ओमबहादुर सेवालाई सेवनतर्फको कसुर गरेको ठहरी प्रस्तुत मुद्दामा फैसला भएको देखिन्छ । त्यसैगरी २०६७ सालको स.फौ.नं. ६३।२४४ को लागु औषध मुद्दामा यी प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ज) बमोजिम सजाय हुने ठहरी पुनरावेदन अदालत हेटौडाबाट मिति २०६९।३।१२ मा फैसला भई सो फैसला अन्तिम भई बसेको देखिन्छ । यी दुबै मुद्दा सुरू जिल्ला अदालत र पुनरावेदन अदालत एकसाथ कारवाही भई एकसाथ फैसला भएको अवस्था देखिने।

पहिलो मुद्दामा यी प्रतिवादीहरूले सजाय पाई सकेपश्चात पुनः लागु औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गतको कसुर हुने अपराध गरेको अवस्था नभई दुबै मुद्दा एकसाथ चली एकसाथ फैसला भएको अवस्थामा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ आकर्षित गरी पटक कायम गर्न नमिल्ने ।

तसर्थ प्रतिवादी कृष्ण मोक्तानको हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) अनुसार २ वर्ष कैद र रू.१,००,०००।– जरिवाना हुने र प्रतिवादी ओमबहादुर सेवालाई सोही ऐनको दफा १४(१)(ज) अनुसारको १ महिना कैद र रू. २,०००।– जरिवाना हुने र पटकमा सजाय गरिपाउँ भन्ने तर्फको वादी दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।३।१२ मा भएको फैसला मिलेको देखिँदा सदर ।

इजलास अधिकृतः आनन्दराज पन्त
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल चैत ७ गते रोज २ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-CR-१२४६ कर्तव्य ज्यान, *सुशीला श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा बयान गर्दा लोग्नेले गरेको भ्याक्सेटोमी असफल भएको कारणले गर्भ रहन गएको कुरा उल्लेख गरेको देखिन्छ । यी प्रतिवादीको लोग्नेले आफूले भ्याक्सेटोमी अपरेसन गरेपछि पनि प्रतिवादीसँग यौन सम्पर्क गरिरहेको स्वीकार गरी अदालतमा समेत बकपत्र गरेका र मृतक बच्चा आफ्नो होइन भनी शङ्का नगरेको अवस्थामा बच्चाको वैधताबारे विचार गर्नुपर्ने अवस्था नदेखिने ।

प्रतिवादीले भ्याक्सेटोमी गरेको लोग्नेसँगको शारीरिक सम्पर्कबाट गर्भ बोकेकी पछि जिउँदै बच्चा जन्मेको अवस्थामा अज्ञानताको कारणबाट भ्याक्सेटोमी गरेको लोग्नेबाट बच्चा जन्मेको अवस्थामा गाउँ समाजबाट बच्चाको वैधतामा शङ्का हुनसक्छ भन्ने सम्झी उक्त बच्चालाई मारी फालेको पुष्टि हुन आएकोले प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.विपरीत ऐ. को १३(३) मा उल्लिखित आपराधिक कार्य गरेको देखिन आएको हुँदा प्रतिवादी सुशीला श्रेष्ठलाई सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

निज प्रतिवादीले आफ्नो लोग्नेले भ्याक्सेटोमी गरेपछि पनि गर्भधारण गरेकोले समाजमा हुने बदनामीबाट बच्नको लागि गरेको देखिन्छ। यी प्रतिवादी कुनै पेशेवर अपराधी नभएको, निजले लोकलाजबाट

बच्न आपराधिक कार्य गरेको देखिँदा निजलाई अन्य अपराधि जस्तै सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं.अनुरूप ८ वर्ष कैद सजाय गर्दा यी प्रतिवादीलाई सजायको महसुस पनि हुने र ऐनको मनसाय पनि पूरा हुने देखिएकोले सुरू अदालतबाट व्यक्त गरिएको रायलाई सदर गरेको पुनरावेदन अदालतको राय न्यायसङ्गत देखिन आउने।

तसर्थ, उल्लिखित आधार, कारण एवम् प्रमाणबाट प्रतिवादी सुशीला श्रेष्ठले जिउँदो बच्चा जन्माई जातक मारी लुकाउनको लागि फालेकोले निजको सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.विपरीत ऐ. को १३(३) नं. बमोजिमको अपराध भएकोले प्रतिवादीलाई सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्नुपर्नेमा जन्मकैद मात्र हुने ठहऱ्याई धादिङ जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी निज प्रतिवादी सुशीला श्रेष्ठलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ८ वर्ष कैद सजाय हुने राय व्यक्त गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।३।८ मा भएको रायसहितको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७३ साल मङ्सिर ८ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६६-CR-००३२, भ्रष्टाचार, *नेपाल सरकार वि. ओमकुमार बस्नेत*

माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, इलाहावाद आफ्नो मातहतका शैक्षिक संस्थामा अध्ययन गर्ने विद्यार्थीहरूको शैक्षिक योग्यताको प्रमाण जारी गर्ने आधिकारिक निकाय भएको र यस्ता आधिकारीक निकायबाट जारी भएका प्रमाणपत्र झुट्टा हो वा होइन भनी विवाद सिर्जना भएमा उक्त परिषद्ले दिएको प्रमाणिकरण व्यहोरा प्रमाण ऐन, २०३१ को दफा १९बमोजिम प्रमाणमा लिनु पर्ने देखिन्छ । सो प्रमाणपत्र सक्कली भएको कुरा प्रमाणित भए पश्चात त्यसलाई शङ्कास्पद भनी दाबी लिइएको खण्डमा सो कुरा प्रमाणित गर्ने भार पनि दाबी लिने पक्षको हुन आउँछ । तर वादी नेपाल सरकारले सो कुराको जिकिर लिए पनि पुष्टि गर्न सकेको छैन । नेपाल सरकार कै आधिकारीक निकाय मार्फत प्रमाणिकरण हुँदा प्रतिवादीको प्रमाणपत्र नक्कली झुट्टा नदेखिएको अवस्थामा त्यस्तो प्रमाणपत्रलाई शङ्कास्पद मान्न नमिल्ने।

तसर्थ, विवेचित आधार कारणबाट प्रमाणपत्र जारी गर्ने संस्थाबाटै प्रतिवादीले सन् १९८५ मा भएको इण्टरमिडिएट परीक्षा उत्तीर्ण गरेको कुरा पुनः भएको प्रमाणिकरणबाट समेत प्रमाणित भएकोले वादीले झुट्टा भनी दाबी लिएको प्रतिवादीको इण्टरमिडिएट परीक्षाको प्रमाणपत्र सही व्यहोराको भएको तथ्य समर्थित भएबाट प्रतिवादी ओमकुमार बस्नेतले आरोपित कसुरबाट सफाई पाउने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट मिति २०६६।२।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७३ मङ्सिर २७ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-१५४०, कर्तव्य ज्यान, *भरत फडेरा वि. नेपाल सरकार*

घाँटी थिच्दा मानिस मर्न सक्छ भन्ने कुरा

जोसुकै सामान्य मानिसको ज्ञानको विषय हो र यी प्रतिवादीले सिर्जना महताराको घाँटी कुनै अर्को प्रयोजनको लागि नै थिचेको भनी मिसिल संलग्न कुनै कागज प्रमाणबाट देखिएको छैन । यसमा पनि सिर्जना महताराको हात पछाडीपट्टी फर्काई बाँधेको निजलाई आफ्नो विरूद्ध हुन लागेको आक्रमणको प्रतिरोधसमेत गर्न नसक्ने अवस्थामा पुऱ्याई घाँटी थिची मारेको कार्यलाई भवितव्य मान्न मिल्दैन यस्तो तरिकाले गरिएको कार्यलाई योजनाबद्ध तरिकाले घटाइएको वारदात मान्नु पर्ने देखिन आउने ।

प्रतिवादीले आफ्नै श्रीमती विरूद्ध गरेको विश्वासघात एवम् निज श्रीमतीले कानूनबमोजिम उपभोग गर्न पाउने आफ्नो स्वतन्त्रताको अधिकार प्रयोग गरी रहेको अवस्थामा सोही निहुँमा प्रतिवादीले कर्तव्य गरी मारेको देखिएकोले यी प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने गरी व्यक्त भएको रायसँग सहमत हुन सकिएन ।

तसर्थ माथि विवेचित आधार कारण एवम् प्रमाणबाट प्रतिवादीले आफ्नै श्रीमतीको कर्तव्य गरी हत्या गरेकोले प्रतिवादी भरत फडेरालाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐ. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई बाँके जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७१।१०।०४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादी भरत फडेरालाई १० वर्ष कैद सजाय हुने भनी व्यक्त भएको राय कायम नहुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ साल पुस २७ गते रोज ४ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७३-CR-०१२३, कर्तव्य ज्यान, *कनैया चौधरी वि. नेपाल सरकार*

शव परीक्षण प्रतिवेदनमा Blisters all over the body. A gaped wound 5cm x 0.5cm over superior aspect of right eyebrow. Rigor mortis of both upper and lower limbs भन्नेसमेतबाट मृतकको दाहिने आँखीभौंमा काटिएको चोट रहेको पाइयो । जाहेरवालाले सुरू अदालतसमक्ष बकपत्र गर्दा मृतकको घाँटी पुरै घुमाएको थियो। मुखमा चक्कु मारेको घाउ थियो भनी लेखाएको देखिन्छ । यी प्रतिवादीले बयान गर्दा मृतकले मलाई लात्ताले हानी घाँटीमा समातेकोले मैले निजको हात छुटाई धकेल्दा नदी किनारमा रहेको बाँस तथा काठले चोट लागी पानीमा परेको हो भनी लेखाएको देखिन्छ । त्यसैगरी मिसिल संलग्न मृतकको तस्बिरहरूबाट समेत मृतकको अनुहारको आँखीभौंमा काटिएको घाउ रहेको र अनुहारमा रगत लतपतिएको अवस्थासमेत देखिन्छ । जसबाट यी मृतकको मृत्यु स्वभाविकरूपमा भएको नभई कर्तव्यबाट भएको अवस्था देखिन आउने ।

जाहेरवालाले सुरू अदालतसमक्ष गरेको बकपत्रमा मृतक छोरा र प्रतिवादी तास खेलेका र मृतकले रू.५०।- हारेको रहेछ । प्रतिवादीले जितेको पैसा माग्दा छुट्टा पैसा छैनभन्दा वादविवाद भयो र पछि यिनै प्रतिवादीले मारी लास पानीमा फालेको हो भनी किटान गरी लेखाएको देखिन्छ । यसरी जाहेरवालाले

यी प्रतिवादीलाई नै किटान गरी कसुरदार मान्नु पर्ने अन्य कुनै पूर्वरिसइवी रहेकोसमेत देखिँदैन । प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमक्ष आफू र मृतकसमेत सँगै रक्सी खाई नदीको बाटो हुँदै गइरहेको अवस्थामा श्रीराम चौधरी र म बिच वादविवाद भएको र मैले धकेल्दा चोट लागी पानीमा परेको हो । निजको मोबाइलसमेत मैले लगेको, सिम पछि मैले आफ्नै घर नजिक खाल्टो खनी राखेको थिएँ भनी बयान गरेकोबाट मृतक र यी प्रतिवादी वारदात हुनु अघिसम्म सँगै रहेको र रक्सी खाई वादविवादसमेत भई यी प्रतिवादीले मृतकलाई धकेलेको तथ्यमा विवाद रहेको देखिँदैन । यी प्रतिवादीले मृतकलाई प्रहार नगरेको भए भिर पहिरोसमेत नभएको खोलाको किनारमा सामान्य रूपमा धकेल्दा घाइतेसम्म हुनसक्ने तर निधारमा ५cm×०.५cm को घाउ लागी मृत्यु नै हुनसक्ने अवस्था रहँदैन । लास जाँच मुचुल्कामा मृतक लास रहेको स्थानबाट अंन्दाजी २५ फिट टाढा बाटोमा माटो घिस्रिएको अवस्था रहेको भन्ने देखिँदा मृतकलाई यी प्रतिवादीले निधारमा चोट पर्ने गरी प्रहार गरी हत्या गरेको र मृतकको मृत्युपश्चात घिसारेर पानीमा फालेको अवस्था परिस्थितिजन्य प्रमाणबाट पुष्टि हुन पुगेको देखिन्छ । प्रतिवादीले बयानमा भने जस्तो मृतकलाई धकेल्दा पानीमा खसी मृत्यु भएको भन्ने तथ्यलाई विश्वासयोग्य मान्न नसकिने ।

घटना विवरणमा कागज गर्ने गणेश राना, अनिल चौधरी, मेघनाथ डगौरा तथा वस्तुस्थिति मुचुल्कामा कागज गर्ने व्यक्तिहरूलेसमेत प्रतिवादी कनैया चौधरीले मृतक श्रीराम चौधरीलाई कुटपिट गरी कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भनी लेखाएको देखिन्छ । उक्त कागज गर्ने व्यक्तिहरूको निज प्रतिवादीसँग कुनै रिसइवी तथा पोल गर्नुपर्ने अन्य कुनै कारण भएकोसमेत देखिँदैन । सो हुँदा प्रतिवादी कनैया चौधरीले कर्तव्य गरी श्रीराम चौधरीलाई मारेको पुष्टि हुन आएको पाइने ।

जाहेरी दरखास्त, लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, वस्तुस्थिति मुचुल्का, प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको बयानसमेतका आधार प्रमाणहरूबाट यी प्रतिवादी कनैया चौधरीको कर्तव्यबाट मृतक श्रीराम चौधरीको मृत्यु भएको तथ्य मालाकार रूपमा प्रमाणित हुन आएको छ । सो हुँदा प्रतिवादी कनैया चौधरीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर गरेको कञ्चनपुर जिल्ला अदालतको मिति २०७१।८।८ को फैसला सदर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७१।११।१७ को फैसला मिलेको देखिँदा सदर हुने ।

प्रतिवादी कनैया चौधरीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने भन्ने आधारमा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ७ वर्ष कैद हुनको लागि पुनरावेदन अदालत महेन्द्रनगरबाट राय व्यक्त भएको अवस्थासमेतलाई विचार गर्दा यी प्रतिवादी कनैया चौधरी लाटो भएको र खान तलासी, बरामदी मुचुल्का तथा शव परीक्षण प्रतिवेदनसमेतबाट निजले मृतकलाई जोखिमी हतियारको प्रयोग गरी अमानवीय तवरबाट हत्या गरेको अवस्थासमेत देखिँदैन । प्रतिवादी र मृतक दुवैले मादक पदार्थ सेवन गरेको अवस्थामा प्रस्तुत वारदात घट्न पुगेको देखिन्छ । यसरी मादक पदार्थ सेवन गरी वादविवाद हुँदा तत्काल उठेको रिसको कारणबाट यी लाटो प्रतिवादीले सँगै रहेको साथी श्रीराम चौधरीलाई प्रहार गरेको देखिँदा प्रतिवादीको आपराधिक कार्य पहिलेदेखिको रिसइवीको कारणले भएको नभई तत्काल उठेको रिसको आवेगले गर्दा भएको अवस्था देखियो । प्रतिवादी कान नसुन्ने, बोल्न

नसक्ने अवस्थाका भई प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने देखियो । यी प्रतिवादी कनैया चौधरीलाई अ.बं.१८८ नं. को प्रयोग गरी सजायमा कमी गर्नु दण्ड निर्धारणको प्रचलित न्यायिक पद्वतिअनुरूप नै हुने ।

अतः माथि विवेचित तथ्य प्रमाण र आधारसमेतबाट प्रस्तुत मुद्दामा कञ्चनपुर जिल्ला अदालतले यी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने गरी गरेको फैसलालाई पुनरावेदन अदालत महेन्द्रनगरले सदर गरेको र उक्त फैसलालाई यस इजलासबाट समेत सदर गरिसकेको अवस्थामा यी प्रतिवादी लाटो तथा बहिरो भएको तथा मादक पदार्थ सेवन गरेको अवस्थामा विवाद भई तत्काल रिस उठेको कारणसमेत भएकोले प्रतिवादी कनैया चौधरीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिँदा अ.बं. १८८ नं. अनुसार निजको हकमा पुनरावेदन अदालत महेन्द्रनगरले यी प्रतिवादीलाई ७(सात) वर्ष कैद गर्न राय जाहेर गरेको मिलेकै देखिँदा रायसहित सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने ।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटरः उत्तरमान राई

इति संवत् २०७३ साल पुस ६ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-CI-१३९२, अंश नामसारी, *कुमार धोबी वि. लाला धोबीसमेत*

वादी प्रतिवादीबीच नातातर्फ विवाद भएको देखिँदैन । यी पुनरावेदक वादी कुमार धोबीको अंश हक निजकै बाबु लाला धोबीसँग रहने र निजका दाजु दशरथ धोबीले आफ्नो हकको अंश लिई अलग्गै बस्ने गरी यी पुनरावेदक वादी स्वयम् साक्षी बसी र.नं. ६९८९ मिति २०५८।१०।११ मा अंश बुझेको भर्पाई लिखत पारित भएको कुरा मिसिल संलग्न कागजबाट देखिन्छ । सो अंश बुझेको भर्पाई कागज वादी प्रतिवादी दुवै पक्षलाई सनाखत गराउदासमेत अन्यथा भन्न नसकेको र लगाएको सहिछापसमेत आफ्नो भएको कुरालाई स्वीकार गरी कुमार धोबीले सुरू अदालतसमक्ष बयानसमेत गरेको पाइन्छ । यसरी सो र.नं. ६९८९ को अंश भर्पाई लिखतबाट कुमार धोबी र निजको दाजु दशरथ धोबीका बिच २०५८।१०।११ मा नै छुट्टि भिन्न भएको भन्ने प्रस्ट देखिएको अवस्था छ । यसरी कानूनत: छुट्टि भिन्न भइसकेका स्वर्गीय दशरथ धोबीका श्रीमती र छोराहरूबाट समेत अंश पाउँ भन्ने वादी दाबी मनासिब देखिएन । यसर्थ पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

पुनरावेदक वादी कुमार धोबीको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, निजले मिति २०५८।१०।११ को अंश बुझेको भरपाई जाने बुझेर सहिछाप गरेको होइन । आफू अनपढ व्यक्ति भएकोले दाजुले भनेको ठिकै होला भनेर सहिछाप गरेको हो । झुक्याएर सहिछाप गराउँदा अंश लिई छुट्टिएर बसेको भन्ने अर्थ गर्नु निरर्थक भएकोले फिराद दाबीबमोजिम अंश दिलाई पाउँ भनी पुनरावेदन जिकिर लिएको पाइन्छ । मिसिल संलग्न कागजातबाट निज आफैँ साक्षी बसी र.नं. ६९८९ मिति २०५८।१०।११ मा अंश बुझेको भर्पाई लिखत पारित भएको देखिएको, झुक्याई सहीछाप गराएको भन्ने पुष्टि हुन नसकेको र सो भर्पाई दुवै पक्षलाई सनाखत गराउँदासमेत अन्यथा भन्न सकेको पाइँदैन । यसरी मालपोत कार्यालयबाट रजिष्ट्रेशन पारित गरी वादीका बाबुले नै आफ्ना भाइ प्रतिवादीका बाबु दशरथ धोबीलाई अंश छुट्याई दिइसकेको र वादी स्वयम् साक्षी बसेको अवस्थामा अंश छुट्याइदिने

लाला धोबीका छोराले दशरथ धोबीका पत्नी तथा छोराबाट अश पाउन सक्ने अवस्था हुदैन । आफैँले स्वीकार गरिसकेको तथ्यलाई अन्यथा भन्न वादी विवन्धित हुन्छ । यसर्थ यस अदालतबाट मिति २०७१।१२।१९ मा दोहोर्‍याई पाउने निस्सा दिदा लिएको आधारसँगसमेत सहमत हुन नसकिने ।

अतः माथि विवेचित तथ्य, प्रमाण र आधारहरूसमेतबाट दशरथ धोबीका श्रीमती छोराहरूबाहेक लाला धोबीका सम्पत्तिबाट मात्र २ भागको १ भाग यी कुमार धोबीले अंश पाउने भन्ने ठहर गरी सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६९।८।२८ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट भएको मिति २०७०।८।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी कुमार धोबीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल पुस ६ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CI-१४१२, अंश, *मुस्तकिम धुनिया वि. मोहम्मद धुनिया*

बन्डा लाग्ने सम्पत्ति एकासगोल अंशियारमा बकस गरिएको अवस्थामा मुलुकी ऐन, अंशबन्डाको १९(४) नं. बमोजिम आफूखुश गर्न पाउने निजी आर्जनको सम्पत्ति भनी अर्थ गर्नु न्यायोचित हुँदैन । संगोलको अवस्थामा बकस गराई लिएको सम्पत्तिलाई निजी ज्ञान सीपबाट आर्जन गरिएको सम्पत्ति हो भनी अर्थ गर्नु तर्कसङ्गत नदेखिने ।

प्रतिवादी आसमा धुनियाले सासु हुकुमवानी धुनियाबाट हालैदेखिको बकसपत्र पाए तापनि सो कित्ता नं. ६८८ को जग्गा संगोलको सम्पत्ति नै देखिएको र हक हस्तान्तरणसम्म भए पनि सोमा वादी मुस्तकिम धुनियाको हक रहे भएबाट उल्लिखित कि.नं. ६८८ को जग्गा बन्डा लाग्ने नै देखियो । तसर्थ आमा हुकुमवानीले प्रतिवादी आसमालाई दिएको बकसपत्र पैत्रिक सम्पतिभित्रको भई अंशियारभित्रकै ब्याक्तिलाई दिएको देखिएकोले सगोलकै मान्नु पर्ने हुँदा सो सम्पतिसमेत बन्डा लगाउनु पर्नेमा बन्डा नलाग्ने ठहर्‍याएको पुनरावेदन अदालत बुटवलको फैसला मिलेको नदेखिने ।

अतः माथि विवेचित तथ्य प्रमाण कानूनसमेतको आधारमा तायदाती फाँटवारीमा उल्लिखित दर्ता स्रेस्तासँग मिल्ने भिड्नेसम्ममा सम्पूर्ण सम्पत्तिलाई २ भाग लगाई २ भागको १ भाग वादी मुस्तकिम धुनियाले अंश पाउने ठहर्‍याई सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६७।११।२३ मा भएको फैसलामा प्रतिवादी आसमा धुनियालाई हालैदेखिको बकसपत्रबाट पारित गरिदिएको बलुहवा वडा नं. ४ को कित्ता नं. ६८८ ज.वि.०-१२-० जग्गा संगोलको सम्पत्ति भनी सो बाट समेत वादीले अंश पाउने ठहर्‍याएको हदसम्म नमिलेकोले केही उल्टी गरी वादीले अंश पाउने ठहर्‍याएको हदसम्म नमिलेकोले केही उल्टी गरी प्रतिवादी आसमा धुनियाले हालैदेखिको बकसपत्रबाट पाएको कि.नं. ६८८ जग्गा निजी ठहर्ने हुँदा बन्डा नलाग्ने ठहर्‍याएको पुनरावेदन अदालत बुटवलको मिति २०६८।१०।३ को फैसला केही उल्टी गरी कि.नं. ६८८ को ज.वि. ०-१२-० जग्गा हुकुमवानी धुनियाले र.नं. १।११४४ मिति २०६४।७।२० मा आसमा धुनियालाई हालैदेखिको बकसपत्र पारित गरिदिएको सम्पत्तिसमेतको बन्डा लागी पुनरावेदक

वादी मुस्तकिम धुनियाले अंश पाउने।

इजलास अधिकृत: यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल मङ्सिर ८ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CR-१६४३, लागु औषध चरेश, *नेपाल सरकार वि. कमरा रोक्का मगर*

प्रतिवादी कमरा रोक्कामगर सुरू अदालतमा आई बयान गर्दा आफू अभियोग दाबीबमोजिमको कसुरमा इन्कार रहेको देखिन्छ । निज प्रतिवादीका साक्षी रमेश रोक्का मगरले प्रतिवादी कमरा रोक्का मगरउपर लगाएको आरोप सत्य होइन, वारदात भएको समयमा निज भारतको हिमाञ्चल प्रदेशमा जानुभएको थियो। राजनीतिक रिसइवीले अन्य प्रतिवादीले झुट्टा आरोप लगाएका हुन् भनी सुरू अदालतमा बकपत्र गरेको देखिन्छ । त्यसैगरी यी प्रतिवादी कमरा रोक्का मगर वारदातस्थलमा उपस्थित भएको र पक्राउ परेको भन्ने पनि देखिँदैन साथै निजबाट लागूऔषध बरामद भएको पनि मिसिल संलग्न प्रमाणबाट पनि देखिँदैन । वारदातस्थलमा नभएको भन्ने तथ्यलाई स्वयम् प्रतिवादी उने रोक्का मगरले अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको बयानबाट देखिन्छ । यसप्रकार मिसिल संलग्न प्रमाणबाट निज प्रतिवादी कसुरदार हो भन्ने आधार र प्रमाण नदेखिएको अवस्थामा केवल सहप्रतिवादीहरूले पोल गरेकै आधारबाट प्रतिवादी कमरा रोक्का मगरलाई कसुरदार ठहराउनु न्यायसङ्गत देखिएन। सहअभियुक्तको पोल अन्य प्रमाणबाट समर्थित हुनु पर्दछ। कसुरदारउपरको अभियोग अनुमान र शङ्काको आधारबाट मात्र पुष्टि हुन सक्दैन। प्रतिवादीउपर कसुर प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २५ ले वादी मै निहित रहेको हुन्छ। केवल सहअभियुक्तको पोल मात्रको कसुरदार ठहराउनु फौजदारी न्यायको सिद्वान्तकोसमेत प्रतिकूल हुन्छ । यसर्थ वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित तथ्य, प्रमाण, कानूनसमेतबाट सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०६९।११।२२ को फैसलामा प्रतिवादी कमरा रोक्का मगरको हकमा केही उल्टी भई आरोपित कसुरबाट निजले सफाई पाउने ठहऱ्याई भएको पुनरावेदन अदालत बुटवलको मिति २०७०।५।३० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ मङ्सिर १० गते रोज ६ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की ,** ०७२-CR-१९४१, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. अजयकुमार यादवसमेत*

सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरूपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ । व्यवहार एवम् कार्यतत्त्वले नै बद्नियत तत्त्व र मनसाय तत्त्व पत्ता लाग्दछ । प्रस्तुत सन्दर्भमा प्रतिवादीहरूको क्रिया तत्त्व हेर्दा विद्यालय नियमित रूपमा सञ्चालनमा रहेको भन्ने कुरा स्रोतकेन्द्रमा भएको विभिन्न बैठकहरूको निर्णय उतार, जिल्ला शिक्षा कार्यालय, सर्लाहीको प्राथमिक तह विद्यार्थी विवरण प्रतिवेदनबाट

देखिन्छ । विद्यालयलाई कक्षा सञ्चालन गर्ने अनुमति दिने, रकम निकासा दिने तथा नियमनसमेत गर्ने निकाय जिल्ला शिक्षा कार्यालयबाट सो विद्यालय नियमित रूपमा सञ्चालन रहेको, विद्यालयबाट रकम हिनामिना भएको नभई खर्च बेरूजु भएको भनी पत्राचार गरेको देखिनुका साथै विद्यालयको तर्फबाट समेत बेरूजु भनिएको रकम दाखिला भएको अवस्थासमेत देखिन्छ । यस्तो अवस्थामा प्रतिवादीहरूको व्यवहार वदनियतपूर्ण एवम् खराब मनसाय थियो भन्न मिल्ने देखिएन । प्रतिवादीहरूको काम कारवाहीबाट नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानि नोक्सानी भएको र निजहरूको कामकारवाहीमा वदनियत तत्त्व रहेको कुराको कुनै सबुद प्रमाण वादी नेपाल सरकारले पुऱ्याउन सकेको नदेखिने ।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादीहरू अजयकुमार यादव, अरविन्दकुमार यादव, भोगेन्द्रकुमार यादव र अन्जुदेवी यादवलाई आरोपित कसुरबाट सफाई दिने ठहऱ्याएको विशेष अदालत काठमाण्डौँको मिति २०७२।१०।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल मंसिर २६ गते रोज १ शुभम् ।

- यसै लगाउको ०७२-CR-१८२० भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. अशोक कुमार यादवसमेत* भएको मुद्दामा पनि यसै अनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-WO-०६३०, उत्प्रेषण / परमादेश, *जगन्नाथ झा वि. निजामती किताबखाना, हरिहरभवनसमेत*

प्रस्तुत विवादमा निवेदकको शैक्षिक प्रमाणपत्र तथा वैयक्तिक विवरण (सिटरोल) मा जन्ममिति २०११।३।२७ र नेपाली नागरिकतामा उल्लेख भएको २१ वर्षलाई जन्ममिति कायम गर्दा २०१३।३।२७ कायम भएको जन्ममितिको अन्तर २ वर्ष देखिन आयो । यसरी शैक्षिक प्रमाणपत्र तथा वैयक्तिक विवरण (सिटरोल) र नेपाली नागरिकताको प्रमाणपत्रमा भएको जन्ममितिको अन्तर एक वर्षभन्दा बढी देखिएकोले निजको जन्ममिति कायम गर्दा नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्ममितिलाई नै कायम गर्नुपर्ने देखिन आउने ।

निवेदकलाई अवकाश दिने निकाय एवम् काममा लगाउने निकायले २०६९।३।२७ मा नै अवकाश हुने कुराको सो मितिभन्दापूर्व कुनै पनि सूचना नदिई काममा लगाइरहेको र निवेदक पनि अनवरत रूपमा कार्यरत रहेको अवस्थामा काम गरिसकेको अवधिबापतको बुझिलिएको तलब, भत्ता, सुविधा निजले पाउने निवृतभरणबाट असूरउपर गरेर मात्र निवृतिभरण अधिकारपत्र बनाउने भन्ने कुरा निवेदकलाई पारिश्रमिक पाउनबाट वंञ्चित गर्नु न्याय र कानूनको दृष्टिकोणबाट युक्तिसङ्गत देखिन आएन । कुनै पनि कर्मचारीलाई निजको अवकाश मितिकाबारेमा निज र निज कार्यरत कार्यालयलाई सूचना दिने दायित्व प्रत्यर्थीहरूको हो भन्ने कुरालाईबाहेक गरी हेर्न मिल्ने नदेखिने । तसर्थ, निवेदकले अवकाश पाउने मितिपश्चात् हाजिर भई काम गरेको अवधिको तलब भत्ता निजले पाउने निवृतिभरणबाट कट्टा गर्नु निजामती सेवा ऐन, तथा नियमावली प्रतिपादित सिद्धान्त र श्रमसम्बन्धी विधिशास्त्रीय दृष्टिकोणबाट समेत न्यायसङ्गत देखिन नआउने ।

अतः निवेदकले जन्ममिति २०१३।११।३ कायम गरी सोहीअनुसार अवकाश मिति २०७१।२।१३

कायम गरिपाउँ भन्ने निवेदन माग सम्बन्धमा निवेदक मिति २०६९।३।२७ मा नै अवकाश भइसकेको देखिँदा सोमागको औचित्यनै समाप्त भइसकेकोमा त्यसतर्फ निवेदन खारेज हुने देखियो । निजले अवकाश पाउने मितिपश्चात् हाजिर भई काम गरेको अवधिको उपभोग गरेको तलब भत्ता सुविधा निजले पाउने निवृतभरणबाट कट्टा गर्ने भन्ने आसयको विपक्षीको २०७१।२।१३ को पत्र सो हदसम्म उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः उदविर नेपाली

इति संवत् २०७३ साल मङ्सिर २० गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत ,** ०७२-CI-०९१८, अंश चलन, *मैंया परियारसमेत वि. सुशीला नेपाली (परियार)*

विपक्षी वादीले विवाहमा दाइजोको रूपमा ल्याएको भनिएको पलङ्ग, सोफा, टि.भी., टि टेबल, दराज तथा खड्कुलोसमेतका सामानहरू विवाहमा दाइजोस्वरूप दिने सामान्य प्रचलन रहिरहेको र ती सामानहरू बाँकी रहेको कुरा प्रतिउत्तरमा नै स्वीकार गरेको देखिन्छ । वादीले यसरी दाइजोस्वरूप पाएका सामानहरू मुलुकी ऐन स्त्री अंशधनको ५ नं. बमोजिम आफूखुश गर्न पाउने देखिँदा ती सामानहरू वादीले नै फिर्ता पाउने देखिने ।

प्रतिवादीहरूले वादीलाई विवाह गर्दाको समयमा १० तोला बराबरको सुनको गहनाकाबारेमा फैसलामा उल्लेख नगरेको भनी जिकिर लिए तापनि उक्त गरगहनाहरू के कति मूल्यमा खरिद भएका थिए भन्ने कुरा उक्त गहनाको बिल भरपाइसमेत प्रतिउत्तरसाथ पेस गरेको नपाइएकोले प्रतिउत्तरमा उल्लेख गरेका ती गहना वादी जिम्मा रहेको भन्ने देखिन आएन । वादी प्रतिवादीकाबीच रहनुपर्ने पारिवारिक सम्बन्ध सुमधुर नरहेकोले वादीलाई प्रतिवादीहरूले दिएको भनिएको गहना वादीकै जिम्मा रहिरहने अवस्था पनि स्वाभाविक नदेखिएकोले प्रतिवादीहरूको सो पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः उल्लिखित विवेचित आधार र कारणहरूसमेतबाट फिराद दाबीमा पति तथा सासूलाई दिएको सिक्री, औँठी र तिलहरीसमेतका डेढ तोला सुनको गहनाको बिल वादीले पेस गरी फिराद दाबीलाई पुष्टि गर्न नसकेको भनी प्रतिवादीहरूबाट वादीले फिर्ता पाउने ठहऱ्याएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०७१।१०।१३ मा भएको फैसला सो हदसम्म केही उल्टी गरी अरूमा सुरू सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०५।०७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल माघ ५ गते रोज ४ शुभम् ।

## इजलास नं. ११

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CR-००५७, लागु औषध (खैरो हेरोइन), *नेपाल सरकार वि. विकास वि.क.*

प्रतिवादीबाट फेला परेको लागु औषध आफैँ आपराधिक कार्य स्थापित गर्ने अपराधको भौतिक सबुत (Corpus delicti) को रूपमा रहेको अवस्था छ । यी प्रतिवादीले आफ्नो साथबाट फेला परेको लागु औषध वैध भएको जिकिर लिई प्रमाणित गर्न सकेको पाइँदैन । यी प्रतिवादीलाई कानूनले कुनै प्रतिरक्षा (Defense)दिएकोनिजलेजिकिरलिनसकेकोअवस्था छैन । फौजदारी विधिशास्त्रमा अन्यथा प्रमाणित नभएसम्म सबै मानिसहरू अपराध गर्न सक्षम छन भनी

अनुमान गरिन्छ। यी प्रतिवादी आफू अपराध गर्न सक्षम रहेको (Competent to crime) देखिएको अवस्थामा निजलाई अन्य व्यक्तिले सो आपराधिक कार्य गर्न लगाएको भए पनि यी प्रतिवादीको पूर्ण आपराधिक दायित्व समाप्त हुँदैन। यसबाट यी प्रतिवादीले आरोपित कसुर गरेको स्थापित हुन आउने।

उल्लिखित मिसिल संलग्न रहेका सबुत प्रमाणबाट प्रतिवादीले लागु औषध खरिद गरी सञ्चय गर्ने बिक्री व्यवहार गर्ने गरेको पुष्टि भइरहेको अवस्थामा प्रतिवदीलाई अभियोग मागदाबीबमोजिम सजाय गर्नुपर्नेमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम उद्योगमा मात्र सजाय गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।२।१ को फैसला मिलेको नदेखिने।

अतः प्रतिवादीले दाबीअनुसार कसुर गरेको पुष्टि हुन आएकोले उद्योगतर्फ सजाय गर्ने गरेको काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।२।१ को फैसला मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी भई अभियोग माग दाबीबमोजिम प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन,२०३३ को दफा १४(१) (६) (१) बमोजिम प्रतिवादी विकास वि.क.लाई निजको उमेर तथा बरामद भएको परिणामसमेतलाईमध्येनजर गर्दै कसुरको मात्राअनुसार कैद वर्ष ५ कैद र पाँच हजार रूपैयाँ जरिवानासमेत हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल फागुन २ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CR-०६६९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामबाबुप्रसाद यादव*

प्रतिवादीले मृतकलाई मार्ने मनसाय राखेको देखिँदैन र मर्नेसम्मको कार्य गरेको भन्ने अवस्थासमेत रहेको छैन। तर पनि मानिस मर्लाजस्तो नठानी सामान्य रूपमा वादविवादको कारण कुटपिट गरेको कारण केही समयपछि अस्पतालमा मृतकको मृत्यु भएको देखिएको हुँदा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) को कसुर गरेको भन्न मिलेन। मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा "ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिँएको कुनै काम गर्दा त्यसैद्वारा केही भई मानिस मर्न गएको भवितव्य ठहर्छ" भन्ने उल्लेख गरेको पाइन्छ। सोही महलको ६ नं. को देहाय ४ मा रक्षा शिक्षा गर्नेबाहेक अरू कसैले कसैलाई कुटपिट गर्दा भवितव्य परेकोमा पाँच सय रूपैयासम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुन्छ भन्ने कानूनी व्यवस्था रहेको देखिएको र प्रस्तुत मुद्दामा वारदातको पृष्ठभूमि, प्रकृति, परिस्थितिसमेतबाट उल्लिखित वारदात (घटना) सोही कानूनी व्यवस्था अन्तरगत कै देखिन आएकोले सोहीबमोजिम कसुर कायम गरी प्रतिवादीलाई सजाय गरेको सुरू तथा पुनरावेदनको फैसला कानून सङ्गत नै देखिने।

अतः उपर्युक्तबमोजिमको आधार कारणबाट मृतक जागीयादेवीको मृत्यु भवितव्यबाट भएको देखिन आएकोले प्रतिवादी रामबाबु प्रसाद यादवलाई ज्यानसम्बन्धीको ६ नं. को देहा ४ बमोजिम कैद वर्ष एक हुने गरी बारा जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौँडाको ०६९।११।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जीवन कुमार भण्डारी

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल फागुन २ गते रोज २ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०६९-CR-०३०९, ०६९-CR-०४७६ र ०६९-CR-०४७७, अपहरण तथा डाँका, *नेपाल सरकार वि. हस्तबहादुर थिङ्गसमेत हस्तबहादुर थिङ्ग वि. नेपाल सरकार र सुक बहादुर थिङ्ग वि. नेपाल सरकार*

प्रतिवादीहरूले आरोपित कसुरमा इन्कार रही जाहेरवालाहरूको अपहरण र शरीरबन्धक गर्ने कार्यमा संलग्नता रहेको छैन भनी अधिकारप्राप्त अधिकारी तथा अदालतमा उपस्थित भई बयान गरेको भए तापनि पीडित जाहेरवाला आसमहम्द मिया अन्सारी र टेकबहादुर घिमिरेले अदालतमा उपस्थित भई आफ्नो किटानी जाहेरीलाई समर्थन गर्ने गरी प्रतिवादीहरूले अपहरण गरी बन्धक बनाई राखेको हो भनी आफ्नो बकपत्रमा लेखाइदिएको पाइन्छ । वस्तुस्थिति मुचुल्काका पन्जा लामा भन्ने पन्चलाल सिङताङले टेक बहादुर घिमिरेले आशाकाजीलाई फोन गरेर आफूहरू अपहरणमा परेको भनेपछि खोज्न गएका हौँ भनी बकपत्र गरेको पाइन्छ । वस्तुस्थिति मुचुल्काका मिलन अर्याले पनि नाम थाहा छैन तर जाहेरवालाहरू र आफूलाईसमेत प्रतिवादीहरूले अपहरण गरी लगे पछि बाटोमा आफू र टेकबहादुर घिमिरेलाई छाडी आसमहम्मदलाई जंगलतर्फ लगी शरीर बन्धक गरी राखेका हुन् भनी बकपत्रमा उल्लेख गरिदिएको देखिन्छ । यसप्रकार प्रस्तुत मुद्दामा कानूनतः निषेधित कार्य गरी प्रतिवादीहरूले पीडित जाहेरवालाहरूलाई अपहरण गरी शरीर बन्धक बनाएको कसुर पुष्टि हुन आउने ।

पुनरावेदक प्रतिवादीहरूले पीडित जाहेरवालाहरूलाई बन्धक बनाएको देखिँदा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. र ३ नं. विपरीतको कसुर गरेको देखिन आयो । यसप्रकार यी पुनरावेदक प्रतिवादीहरूउपर अपहरण गर्ने तथा शरीर बन्धक बनाएको कसुर कायम गरेको हदसम्म पुनरावेदन अदालत हेटौँडाबाट भएको फैसला मिलेकै देखिन्छ । कैद र जरिवानाको हकमा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिमको कसुर कायम भई सकेपछि सोही नम्बरले शरीर बन्धकमा लिइएको व्यक्तिको धन सम्पत्ति लगेमा भनी न्यूनतम ७ वर्ष कैद र रू. ५०,०००।– जरिवाना हुने व्यवस्था गरेको देखिन्छ । सोही महलको ७ नं. ले दुई वा दुईभन्दा बढी व्यक्ति मिली कुनै व्यक्तिलाई अपहरण गरेको वा शरीर बन्धक लिएको भए २ वर्षको कैद सजायसमेत थप गरी सजाय गर्नुपर्ने हुन्छ । अतः सोही महलको ३ नं. र ७ नं. बमोजिम यी प्रतिवादीहरूलाई ९ वर्ष कैद र रू. ५०,०००।– जरिवाना गर्नुपर्नेमा सो नगरेको हदसम्म पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरूलाई अपहरण गर्ने तथा शरीर बन्धक लिने कसुर अन्तर्गत जनही ९ वर्ष कैद र रू. ५०,०००।– जरिवाना हुने ।

प्रतिवादीहरूले जाहेरवालाहरूलाई जंगलमा लगी ४ जनाभन्दा बढी व्यक्ति भई डरत्रास देखाई आँखामा पट्टी बाँधी जाहेरवालाको साथमा रहेको नगद र मोबाइलसमेत गरी रू. ८,२८,७४६।– (आठ लाख अट्ठाइस हजार सात सय छयालिस रूपैयाँ) बराबरको धनमाल डाँका गरेको ठहऱ्याई प्रतिवादीहरूलाई जनही कैद वर्ष ६ र बिगो रू. ८,२८,७४६।– को डेढो रू. १२,४३,११९।– जरिवाना हुने ठहऱ्याई भएको सुरू

बारा जिल्ला अदालतको फैसला सदर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६९।३।२६ मा भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने।

पीडितहरूले जाहेरी दिँदा प्रतिवादीहरूलाई फिरौती रकम बुझाई गाउँ विकास समिति सचिव आसमहमद मिँया अपहरणबाट मुक्त भएको भन्ने काहीँ कतै उल्लेख गरेको पाइँदैन। अपहरणबाट भाग्न सफल भएका मिलन अर्यालको कागज तथा बकपत्रमा समेत सो फिरौती रकमबारेमा लेखाएको देखिँदैन। आसमहमद मिँयाले आफू अपहरणबाट भागी उम्कन सफल भएपछि गाउँमा आउँदा थाहा पाएको भने पनि कसले सो फिरौती बुझाएको हो भनी उल्लेख गरेका छैनन्। मिसिल संलग्न प्रमाणहरूबाट फिरौती बुझाएको भन्ने पुष्टि भएको कुनै पनि प्रमाणबाट समर्थन भएको देखिँदैन। अतः फिरौती रकम जाहेरवालालाई भराई पाउँ भन्ने वादी दाबी नपुग्ने गरी सुरू अदालतबाट भएको फैसला सदर गरेको सो हदसम्म पुनरावेदन अदालत हेटौँडाबाट मिति २०६९।३।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: देवीमाया खतिवडा (देवीना)

इति संवत् २०७३ साल फागुन १ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७२-CI-००५२, निषेधाज्ञा, *राजकुमार दास वि. शंकर दाससमेत*

मिसिल संलग्न अदालतका फैसलाहरूबाट पुनरावेदन दाबीको कि.नं. १६२ को जग्गामा वादीको दर्ता हक नरहेको र बसविट्टी गा.वि.स.को कार्यालय, सप्तरीले मिति २०७१।६।३१ गते सार्वजनिक वडा नं. ६ को साबिक कि.नं. १४ हालको कि.नं. १६२ को सार्वजनिक एलानी पोखरीमा माछा पालन गर्न ठेक्कामा लगाउन सार्वजनिक सूचना प्रकाशन गरी विपक्षी शंकरदासको ठेक्का स्वीकृति भई लाग्ने दस्तुर दाखिला गराई ५ वर्षका लागि दिएको पनि देखिन आउँछ। यी यावत् कुराहरूबाट दाबीको पोखरीमा पुनरावेदकको निर्विवाद हक कायम भएको र दाबीको पोखरीमा व्यवसायिकरूपमा माछा पालनसमेत पुनरावेदकले गरेको देखिन आएन। विपक्षीमध्येको शंकरदासले कानूनबमोजिमको प्रकिया अनुसार ठेक्कामा लिई माछापालन गरेको देखिँदा निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालतबाट भएको आदेशमा कुनै काननी त्रुटिपूर्ण रहेकोसमेत देखिन नआउने।

तसर्थ, माथि विवेचित आधार र प्रमाणबाट निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।९।२८ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल फागुन १९ गते रोज ५ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६७-CI-१०६४, घर उठाई जग्गा खिचोला चलन, *राजदेव राउतसमेत वि. सुकराति सदासमेत*

मिति २०६२।५।२५ मा भएको नक्सा मुचुल्का अदालतबाट निषेधाज्ञा मुद्दामा जारी भएको अन्तरिम आदेश पालना नगरेको भनी परेको अदालतको अवहेलनासम्बन्धी मुद्दाको सुनुवाइको क्रममा भएको देखिन्छ। अदालतको अवहेलना मुद्दा देवानी मुद्दामा भन्दा फरक प्रकृतिको दायित्व निर्धारण

गर्ने विषयवस्तुको मुद्दा हो। विवादको सन्दर्भ र विवाद उत्पन्न भएको (कारण परेको) तथ्य तर्फ दृष्टिगत गर्दा खिचोला मुद्दाको तथ्यभन्दा फरक सन्दर्भमा नक्सा भएको देखिन्छ। सो नक्साले विवादका सबै पक्षलाई समेटन सकेको देखिँदैन। उक्त मुद्दामा नाप नक्सा गर्दा निषेधाज्ञा मुद्दामा भएको अन्तरिम आदेश प्रतिकूल हुने गरी कुनै निर्माण कार्य भएको हो, होइन भन्ने तथ्य यकिन गर्ने अभिप्रायले नाप नक्सा भएको देखिन्छ। कि.नं. १९ तथा २४ को जग्गामा रहेको भोगको स्थिति यकिन गर्ने अभिप्रायले सो नक्सा भएको भन्ने देखिँदैन। यस अवस्थामा प्रस्तुत जग्गा खिचोला मुद्दामा मुलुकी ऐन, अ.बं. १७१ नं. बमोजिम विवादित जग्गाको नाप नक्सा नै नगरी फरक सन्दर्भमा परेको अदालतको अवहेलना मुद्दामा भएको नाप नक्साको आधारमा फैसला भएको देखिँदा अदालतले यस मुद्दामा बुझ्नु पर्ने आवश्यक प्रमाण बुझी निर्णय गरेको देखिन आएन। परिणामतः इन्साफमा फरक परेको अवस्था देखिन आउने।

अतः माथि विवेचित आधार र कारणबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सप्तरी जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०६६।५।७ मा भएको फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ। अब वादीले दाबी गरेअनुसार जग्गा खिचोला भए नभएको कुरा एकिन गर्न कानूनबमोजिम प्रक्रिया पूरा गरी विवादित जग्गाको नाप नक्सा मुचुल्कासमेत गरी तथा अरू जे जो बुझ्नुपर्छ बुझी पुनः इन्साफ गर्नु भनी तारेखमा रहेका पक्षलाई तारेखसमेत तोकी मिसिलसमेत पुनरावेदन अदालत राजविराजमा पठाइदिने।

इजलास अधिकृतः रामु शर्मा

इति संवत् २०७३ साल भदौ १९ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-WO-०५३४, उत्प्रेषण, *भूपेन्द्र कुमार सिंह वि. जिल्ला प्रशासन कार्यालय, कास्कीसमेत*

जिल्ला प्रशासन कार्यालयलाई दुई पक्षबीचको लेनदेनको विषयमा निवेदन लिई कागज गराउने अधिकार कानूनद्वारा प्रदान गरेको पाईँदैन। आफूलाई कानूनद्वारा अधिकार प्रदान नभएको विषयमा प्रवेश गरी कागज गराउनु गैरकानूनी हुन्छ। यसरी गराइएको कागजको कानूनी मान्यता शून्य हुने। जिल्ला प्रशासन कार्यालय, कास्कीबाट मिति २०७०।९।१७ मा निवेदक भूपेन्द्र कुमार सिंहलाई गराइएको कागज कानूनसम्मत, क्षेत्राधिकारभित्रको नदेखिँदा उक्त कागज बदर हुनुपर्ने नै देखिन आउने।

तसर्थ, अधिकारक्षेत्रविहिन निकाय जिल्ला प्रशासन कार्यालय, कास्कीबाट मिति २०७०।९।१७ मा रिट निवेदक भुपेन्द्रकुमार सिंहलाई गराइएको कागज उत्प्रेषणको आदेशबाट बदर हुने।

इजलास अधिकृत: शिवहरी पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल फाल्गुन ८ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-WO-०२०४, उत्प्रेषण / प्रतिषेध, *विनोद कडेल वि. बालकृष्णमान सिंहसमेत*

साँध सिमानासम्बन्धी सम्पत्तिसम्बन्धी देवानी विवादहरू समाधान गर्ने अधिकार प्रहरी निकायलाई नभई उक्त विषय विवादित बनेमा नियमित अदालतले आफ्नो अधिकारक्षेत्र ग्रहण गरी त्यस्तो विवाद समाधान गर्ने अधिकार तथा जिम्मेवारी अदालतको नै हो। उक्त

साँध सिमानाको विषयमा विवाद उत्पन्न भई शान्ति सुरक्षा बिग्रने अवस्था उत्पन्न भएमा प्रहरी कार्यालयले विवादरत पक्षलाई नियन्त्रणमा लिई शान्ति सुरक्षा बहाली गराउने अधिकारक्षेत्र प्रहरी कार्यालयलाई भए पनि देवानी अधिकार तथा दायित्व सिर्जना हुने गरी प्रहरी कार्यालयले विवाद समाधान गर्ने अधिकारक्षेत्र ग्रहण गर्न मिल्ने नदेखिने।

प्रत्यर्थीहरूले निवेदकलाई अनुचित प्रभावमा पारी प्रहरी कार्यालयमा उपस्थित गराई कुनै पनि कागजमा सहिछाप गराएको छैन भनी लिखित जवाफ फिराएको देखिन्छ । सो सन्दर्भमा प्रत्यर्थीहरूबाट निवेदकको अहित हुने गरी कुनै पनि कागजमा सहिछाप गराएको छैन भन्ने प्रत्यर्थीहरूको जिकिर लिएको पाइन्छ भने अर्कोतर्फ जग्गासम्बन्धी सामान्य विवादको विषयमा प्रहरी कार्यालयले कुनै कागजमा जबरजस्ती सहिछाप गराएको रहेछ भने पनि त्यस्तो कागजले निवेदकको हक हितमा कुनै पनि असर पार्न सक्ने नदेखिने।

अत: जग्गाको विषयमा सृर्जित विवाद समाधान गर्ने अधिकारक्षेत्र प्रहरी कार्यालयलाई नरहेको तथा प्रत्यर्थीहरूले निवेदकलाई पक्राउ गरी इच्छाविपरीत कुनै पनि कागजमा सहीछाप नगराएको भन्ने कुरा बताएको र जग्गाको विषयमा प्रहरी कार्यालयले निवेदकलाई कुनै कागजमा सहीछाप गराएको रहेछ नै भने पनि त्यस्तो कागज तथा काम कारवाहीले कुनै पनि वैधानिकता पाउन नसक्ने भएकोले निवेदकको मागबमोजिम रिट जारी गरिरहनु पर्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: तेजबहादुर खड्का

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७३ साल भदौ २६ गते रोज १ शुभम्।

## इजलास नं. १४

**मा.न्या.श्री विश्वम्भर प्रसाद श्रेष्ठ र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०६२ सालको फौ.पु.नं. ३६४३, अख्तियारको दुरूपयोग गरी भ्रष्टाचार गरेको, *श्री ५ को सरकार वि. विश्वप्रिया मल्लसमेत*

फर्मले सुरक्षण दिएका जग्गाहरूको धितो मूल्याङ्कन गर्ने कार्यमा बैंकका कर्मचारीहरू ध्रूवराम प्रधान, लोकबहादुर श्रेष्ठ, प्रकाश मानन्धर र कृष्ण बहादुर कारन्जित संलग्न रहेको देखिन्छ भने मूल्याङ्कनकर्ता इन्जिनियरको रूपमा रमेश मानन्धर रहेको देखिन्छ । निजहरूले जग्गाको खरिद मूल्य, मालपोतको न्यूनतम मूल्य, जग्गाको अवस्थिति, स्थानीय मानिसको भनाई केही नहेरी र बैंकको धितो मूल्याङ्कनसम्बन्धी निर्देशिकाकोविपरीत गई कार्य गरेको देखिन आउने।

रमेश मानन्धरको हकमा निजले बैंकसँग गरेको सम्झौताकोविपरीत कार्य गरेको देखिन आयो । निजलाई लगाइएको आरोप र हुनुपर्ने सजायकोबारेमा विशेष अदालतको फैसलामा विस्तृत विवेचना गरिएको पनि देखिन आयो । स्टक मूल्याङ्कन गर्ने रवि श्रेष्ठ र प्रदीप न्यौपानेको बयान हेर्दा एकआपसमा बाझिएको देखियो भने निजहरूले विश्वप्रिया मल्लले पेस गरेको स्टक लिष्टलाई आँखा चिम्लेर समर्थन गरेको देखियो । स्टक मूल्याङ्कन विषयमा बैंक निर्देशिका, परिपत्रअनुसार खुलाउनुपर्ने आधार, कारण आदि केही नखुलाई निजहरूले प्रतिवेदन दिएको देखियो । यस स्थितिमा निजहरू निर्दोष रहेछन् भन्न नसकिने।

बैंकका अन्य कर्मचारीहरू उत्तमकुमार नेपाल र इन्दिरा गुरूङको हकमा निजहरूले कर्जा

कमिटीको सदस्यको हैसियतले कर्जा अनुमोदन गरेको आधारमा भ्रष्ट्राचार निवारण ऐन, २०१७ को दफा १६(क) बमोजिम सजाय हुनुपर्ने भन्ने माग रहेको पाइयो। निजहरूको संलग्नता कर्जा कमिटी सदस्यको रूपमा मात्र देखिई सोबाहेक अन्य कार्यमा संलग्न रहेको देखिएन । यी प्रतिवादीहरूमध्ये उत्तमकुमार नेपाल बैंकको सहायक मुख्य प्रबन्धकसमेत देखिएबाट व्यवस्थापकीय जिम्मेवारीबाट निजले उन्मुक्ति पाउने अवस्था नहुने।

इन्दिरा गुरूङको हकमा निज कर्जा विभागको इन्चार्ज नभएको र निजले ०५५।१२।१२ को निर्णयमा मिति ०५५।१२।१९ मा मात्र सहि गरेकोबाट सबैले सही गरिसकेकोले पछिबाट सहि गरेको हुँ भन्ने निजको जिकिरको तात्पर्य बुझ्न सकिने देखिन आउने।

विशेष अदालतबाट सफाई पाउने जग्गा सुरक्षण दिने रामप्रसाद अधिकारी, पृथ्वीबहादुर लामा, राम तामाङ, पुरूषोत्तम कायस्थको हकमा जग्गा धितो राख्न मन्जुरी दिएको वा व्यक्तिगत धन जमानीबाहेक अन्य कार्यमा निजहरूको संलग्नता वा मिलेमतो देखिएन। यस स्थितिमा जग्गा धितो राख्न मन्जुरी दिएको वा धन जमानी दिएको कारण बेहोर्नुपर्ने दायित्व आफ्नो ठाउँमा छ तर सोबाहेकको अन्य कुनै भ्रष्टाचारपूर्ण कार्यमा निजहरू मतियारको रूपमा संलग्न रहेछन् भनी मान्न सकिने अवस्था नदेखिँदा निजहरूले अभियोग दाबीबाट सफाई पाउने ठहऱ्याएको विशेष अदालतको फैसलालाई अन्यथा भन्नुपर्ने नदेखिने।

अतः उल्लिखित आधार कारणहरूबाट प्र.मध्येका शेरबहादुर थापा, पुरूषोत्तमप्रसाद श्रेष्ठ, रजनीलोचन तण्डुकार, ध्रूवराम प्रधान, लोकबहादुर श्रेष्ठ, प्रकाश मानन्धर, कृष्णबहादुर कारन्जितले भ्रष्ट्राचार निवारण ऐन, २०१७ को दफा ७(२) को कसुर गरेको, प्र. उत्तमकुमार नेपाल र राम खड्काले सोही ऐनको दफा १६(क) को कसुर गरेको, प्रदीपकुमार न्यौपाने, धितो मूल्याङ्कनकर्ता इन्जिनियर रमेश मानन्धर, कर्जावाला विश्वप्रिया मल्ल, गेहेन्द्र बहादुर मल्लले सोही ऐनको दफा ८ को कसुर गरेको ठहर गरी नेपाल बैंक लिमिटेडलाई बिगो रू. २,०९,५०,९७६।७२ गैह्रकानूनी हानि नोक्सानी पुऱ्याई तथा विश्वप्रिया मल्ल र गेहेन्द्रबहादुर मल्ललाई गैह्रकानूनी लाभ पुऱ्याएकोले नेपाल बैंकलाई हानि नोक्सानी पुऱ्याएको उक्त बिगो रकम विश्वप्रिया मल्ल र गेहेन्द्र बहादुर मल्लबाट भराउने र दुवैबाट असुल हुन नसकेको जति रकम कर्जा लगानी गर्दा मुख्य जिम्मेवार देखिएका प्रतिवादी शेरबहादुर थापाबाट भराउने, प्रतिवादीमध्येका विश्वप्रिया मल्ल र गेहेन्द्रबहादुर मल्ललाई भ्रष्ट्राचार निवारण ऐन, २०१७ को दफा ८ र २९(२) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम जनही रू. १,०४,७५,४८८।३६ का दरले जरिवाना हुने, सोही ऐनको दफा ७(२) र २९ बमोजिम प्र. शेर बहादुर थापालाई एक वर्ष कैद र रू. ५०००।- जरिवाना, प्र. पुरूषोत्तमप्रसाद श्रेष्ठलाई ६ महिना कैद र रू. ५०००।- जरिवाना हुने, प्र. प्रकाश मानन्धर, लोकबहादुर श्रेष्ठ, कृष्णबहादुर कारन्जित, ध्रूवराम प्रधान, रवि श्रेष्ठ र प्रदीपकुमार न्यौपानेलाई रू. ५०००।- जरिवाना हुने, प्र. रमेश मानन्धरलाई सोही ऐनको दफा ८ र २९बमोजिम रू. ५०००।- जरिवाना हुने, प्र. उत्तमकुमार नेपाललाई रू. २५००।- जरिवाना हुने, प्र. राम खड्काको हकमा रू. ५२,३७,७४४।१८ जरिवाना हुने, प्र. इन्दिरा गुरूङ, रामप्रसाद अधिकारी, पृथ्वीबहादुर लामा, राम तामाङ र पुरूषोत्तम कायस्थले अभियोग दाबीबाट सफाई पाउने ठहऱ्याएको सुरू

विशेष अदालतको २०६२।७।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: शकुन्तला कार्की

इति संवत् २०७३ साल कात्तिक २२ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६२ सालको फौ.पु.नं. ३५९२, उत्प्रेषण/परमादेश, *रवि श्रेष्ठ वि. नेपाल बैंक लिमिटेड प्रधान कार्यालय, धर्मपथसमेत*
- ३०६९-WO-१३३३, उत्प्रेषण / परमादेश, *विश्वप्रिया मल्ल वि. विशेष अदालत बबरमहलसमेत*

## इजलास नं. १५

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७०-CR-०७८३ र ०७०-CR-१२७१, डाँका चोरी, *नेपाल सरकार वि. बिक्रम गुरूङ र संजय लामा वि. नेपाल सरकार*

जाहेरवाला उद्योग राईले सुरू जाहेरीमा तथा अदालतसमक्ष गरेको बकपत्रमा समेत १० जनाभन्दा बढीको संख्यामा रातिको समयमा घरभित्र प्रवेश गरी हतियार देखाई डाँका गरेर धनमाल लगेको हो भनी किटानी व्यहोरा उल्लेख गरेको पाईयो । यिनै प्रतिवादी संजय लामा समेतका अन्य सह-अभियुक्तहरूले प्रहरी अनुसन्धानका क्रममा गरेको बयानबाट समेत ४ जनाभन्दा बढीकै संख्याका प्रतिवादीहरू खुकुरीलगायतका हतियार लिई आपसमा सल्लाह गरी जाहेरवालाको घरमा धनमाल चोरी गर्न गएको, जाहेरवालासमेतका परिवारलाई हतियार देखाई नियन्त्रणमा लिएको र धनमाल लगेको भनी प्रस्टसँग व्यहोरा खुलाई बयान गरेको देखियो । घटनाक्रम, वारदातस्थलको विवरण, पक्राउ परेका प्रतिवादीहरूको कथन, सामान बरामद भएको स्थितिसमेतका समस्त पक्षतर्फ विचार गर्दा विवादित वारदात चोरीका महलको १२ नं. बमोजिम सजाय हुने साधारण चोरीको वारदात नभएर डाँका चोरीकै वारदात हो भन्ने तथ्य प्रमाणित हुन आएको छ । यस अवस्थामा सजायमा कमी होस भन्ने अभिप्रायले प्र.संजय लामाले अदालतसमक्ष गरेको जिकिर मनासिब देखिएन । जबरजस्ती चोरीको रोहरीतसँग चार जनाभन्दा बढी संख्याका मानिसहरूले रातिको समयमा जाहेरवालालाई नियन्त्रणमा लिई, डरधाक देखाई धनमाल चोरी गरी लगेको हुँदा यसलाई डाँका चोरीकै वारदात कायम गर्नु कानूनसङ्गत हुने ।

बरामद भएको सामानमध्ये राकेश लामाको साथबाट फेला परेको ३ ग्रामको लेडिज सुनको औँठीको मूल्य रू.८,३८०।-, संजय लामाको साथबाट फेला परेको २१ ग्रामको सुनको नेकलेसको रू.५४,९४०।–, समिर लामाको साथबाट फेला परेको १८ ग्रामको सुनको नेकलेसको रू.४७,४९१।२० पैसा, पन्चे तामाङको साथबाट बरामद भएको १ जोर ६ ग्राम सुनको झुम्काको रू. २०,५६४।–, निजकै साथबाट फेला परेको २ ग्राम सुनको औँठीको रू. ७,४५०।–, निजकै साथबाट फेला परेको ६ ग्राम सुनको सिक्रीको रू.१९,७५०।– समेत गरी जम्मा रू. १,५८,५७५।२० पैसा पर्छ भन्नेसमेत ब्यहोराको सुनचाँदी व्यावसायी संघको तर्फबाट मूल्य खुलाएको पाईयो । सो हदसम्मको बिगोको धनमाल डाँका चोरी भएको तथ्य प्रमाणबाट समर्थित हुन आएको छ । तसर्थ पुनरावेदन अदालतले बिगो रू. १,५८,५७५।२० कायम हुने ठहर गरेको फैसला मनासिब नै देखिने ।

चोरी गर्न गएको कुरामा पूर्णत: ईन्कार रही निज विक्रम गुरूङले अनुसन्धान अधिकारीसमक्ष

तथा अदालतमा समेत बयान गरेको पाईयो । निजका साथबाट चोरीका कुनै पनि दशीका मालसामान बरामद भएको देखिँदेन । डाँका चोरी गर्न जाँदा यी प्रतिवादी विक्रम गुरूङसमेत गएका थिए भनी अन्य कुनै पनि सहअभियुक्तहरूले बयान गर्दा पोल गर्न सकेको पाईएन। जाहेरवालालगायत कसैले पनि निज विक्रम गुरूङ चोरी कार्यमा संलग्न रहेको भनी तथ्ययुक्त रूपमा नाम किटान गर्न सकेको देखिँदैन । यस अवस्थामा केवल प्रतिवादीमध्येका समीर लामाबाट रू. २,०००।– लिएको भन्ने प्रहरीसमक्ष भएको बयानकै आधारमा निजलाई कसुरदार ठहर गर्नु न्यायोचित देखिँदैन । प्र. विक्रम गुरूङसमेत चोरी गर्ने कार्यमा संलग्न रहेको वा धनमाल बाँडी खाएको भनी ठहर गर्न आवश्यक प्रमाणको अभाव देखिँदा निजलाई कसुरदार ठहर गर्न नमिल्ने।

अतः माथि विवेचित आधार कारण र प्रमाणबाट बिगो रू. १,५८,५७५।२० कायम गरी प्र. संजय लामालाई मुलुकी ऐन चोरीको महलको १४(४) नं. बमोजिम बिगोको डेढो जरिवाना र ६ वर्ष कैद हुने र प्र. विक्रम गुरूङले आरोपित कसुरको अभियोग दाबीबाट सफाई पाउने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।२।७ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी विक्रम गुरूङलाई पनि अभियोग मागदाबीबमोजिम सजाय गरीपाउँ भन्ने वादी नेपाल सरकार र साधारण चोरीमा सजाय गरिपाउँ भन्ने प्रतिवादी संजय लामाको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: मुकुन्द आचार्य

इति संवत् २०७३ साल माघ २७ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७१-CR-०८१३, कर्तव्य ज्यान, *मनमती राई (शेर्पा) वि. नेपाल सरकार*

मृतकको शव परीक्षण प्रतिवेदनमा टाउकोको हाड Fracture भएको कारणबाट मृतकको मृत्यु भएको देखिन्छ । मृतकको टाउकोमा एकभन्दा बढी चोटहरू देखिएको मिसिल संलग्न मृतकका फोटोहरूबाट देखिन्छ। निजको टाउको, निधार, खुट्टा र दुवै आँखामा काटेका चोटहरू देखिन्छन् । बरामदी मुचुल्कामा वारदातमा प्रयोग भएको भनिएको चिरिएको बाँसको फेदमा रगत लागेको, लम्बाई २६ इन्च भएको भाटा बरामद भएको देखिन्छ। बरामद भएको लाठीले नै छोरीलाई कुटपिट गरेको हो भनी यी प्रतिवादी मनमती राई (शेर्पा)ले अदालतमा कसुरमा सावित भई बयान गरेको पाइन्छ। यस्तो अवस्थामा मैले लगाएको काम नमानेकोले तत्काल उठेको रिस थाम्न नसकी वाँसको भाटाले हानेको र सोही चोटले मृतकको मृत्यु भएकोले मलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं अनुसार सजाय होस् भन्ने प्रतिवादी मनमती राई शेर्पाको पुनरावेदन जिकिर स्वीकारयोग्य देखिन नआउने।

प्रतिवादी मनमती राई (शेर्पा) ले मृतक याङजीला शेर्पालाई बाँसको भाटाले प्रहार गरेकी र उक्त प्रहार एकपटक मात्र नभई पटकपटक प्रहार गरेको र मृतकका शरीरका आँखा, टाउको, हात, खुट्टालगायतका विभिन्न भागमा गहिरो चोटहरू रहेको देखियो। यसरी आफ्नो प्रहारबाट घाइते भएकी पीडितलाई तत्काल उपचार गर्न लग्ने तर्फ कुनै तत्परता देखाएको पनि पाइएन । मृतक वर्ष ८ की नाबालिका रहेकी र पालनपोषण र संरक्षण गर्नुपर्ने व्यक्तिले नै निज नाबालिका सौतेनी छोरी याङजीला शेर्पालाई क्रूरतापूर्वक कुटपिट गरी सोही कारण निजको मृत्यु भएको देखिँदा मनसायपूर्वक नै हत्या गरिएको पुष्टि हुन आएकोले ज्यानसम्बन्धी १४ नं. आकर्षित हुने स्थिति

नदेखिने ।

अतः उपर्युक्त आधार कारणहरूबाट यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू इलाम जिल्ला अदालतबाट मिति २०७०।९।२८ मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत इलामबाट मिति २०७१।८।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल माघ २७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७१-WO-१०६८, उत्प्रेषण / परमादेश, *गौरीशंकर ठाकुर वि. जिल्ला सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति रौतहटसमेत*

मुलुकका विभिन्न सामाजिक समस्यामध्ये सुकुम्बासी समस्या पनि एक विकराल सामाजिक समस्याका रूपमा रहेको अवस्था छ । मानवलाई सम्मानसहित बाँच्न पाउने अधिकारसँग जोडिएको बसोवासको समस्या समाधान गर्नु राज्यको प्राथमिक दायित्त्व रहेको कुरामा दुई मत रहन सक्दैन । यसै सन्दर्भमा नेपाल सरकारले आवश्यकतानुसार समयसमयमा सुकुम्बासी समस्या समाधान आयोग गठन गरी वास्तविक सुकुम्बासीको पहिचानद्वारा उक्त समस्या हल गर्ने प्रयास गर्दै आएको पाइन्छ । त्यसरी कानूनबमोजिम गठित सुकुम्बासी समस्या समाधान आयोगले आफ्नो जिम्मेवारी निर्वाह गर्दा कानूनले तोकेको प्रक्रिया र मापदण्डको पालना गर्नु अपरिहार्य हुन्छ । यस सन्दर्भमा आयोगले सुकुम्बासीको पहिचान गर्ने र के कस्ता जग्गाहरू सुकुम्बासीलाई वितरण गर्न मिल्छ भन्ने् सम्बन्धमा तय भएको सरकारको नीति तथा कानूनलाई आयोगले नजरअन्दाज गर्न नहुने ।

नापीको समयमा कि.नं. ५७ को जग्गाको फिल्डबुकमा इनार जनिएको पाइयो । यस्तो जग्गा सार्वजनिक हुनेमा कि.नं. ५७ को ०-०-१३ जग्गा आयोगले वितरण गरेको भन्ने रिट निवेदन दाबी देखियो । विपक्षी पतिराम साह कलवारले आफ्नो लिखित जवाफमा समेत साबिकमा फिल्डबुकमा इनार जनिएको तथ्यलाई स्वीकार गरी लिखित जवाफ पेस गरेको देखियो । विवादित जग्गामा रहेको इनार सार्वजनिक प्रयोजनको लागि खनिएको र सार्वजनिक उपयोगमा रहेको देखिन्छ । यसबाट इनार रहेको जग्गा सार्वजनिक हो भन्ने कुरा प्रस्ट भएको देखिने ।

प्रस्तुत मुद्दामा सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति रौतहटको मिति २०६७।०५।२४ को निर्णयबाट मिठुअवा गा.वि.स.वडा नं.४ कि.नं .५७ को जग्गा जग्गाधनी पूर्जा श्रेस्ता मोठ आम्दानी बाँध्ने र सो व्यहोरा नापी कार्यालयले फिल्डबुक र प्लट रजिष्ट्रमा जनाउन पठाउने र सोलाई सुकुम्बासी समस्या समाधान आयोग केन्द्रीय समितिबाट अनुमोदन गराउने निर्णय भई सुकुम्बासी समस्या समाधान आयोग केन्द्रिय समितिबाट मिति २०६७।१०।१८ मा अनुमोदन गरेको अवस्था देखियो । यसरी सो इनारको जग्गा सार्वजनिक प्रकृतिको देखिएको र सुकुम्बासीको वर्गमा नै नपर्ने व्यक्ति विपक्षी पतिराम साह कलवारको नाउँमा दर्ता गर्ने गरेको देखिएको हुँदा सो कार्य सुकुम्बासी समस्या समाधान आयोगको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी कार्यनीति, २०५६ र मालपोत ऐन, २०३४ को दफा २४ समेतकोविपरीत देखिँदा उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । सो कि.नं. ५७ को इनारको जग्गा साबिक फिल्डबुकबमोजिम यथावत रूपमा सार्वजनिक नै कायम राख्नु भनी विपक्षीहरूका नाममा परमादेशको

आदेशसमेत जारी हुने ।
इजलास अधिकृत: तेजबहादुर खड्का
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७३ साल माघ ५ गते रोज ४ शुभम् ।

## इजलास नं. १६

१

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-०४००, परमादेश, *अष्टमान बज्राचार्य वि. सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरवारसमेत*

निवेदकले जुन पत्रको कार्यान्वयन गर्न गराउनको लागि विपक्षीहरूको नाममा परमादेशको आदेशको माग गरी प्रस्तुत रिट दायर गरेको हो सो पत्रबमोजिम विपक्षी जनकपुर टुडे सञ्चार समूहले पहिलानै कार्यान्वयन गरिसकेको अवस्था देखिन्छ । विपक्षी जनकपुर टुडे सञ्चार समूहले सोही पत्रबमोजिम प्रसारण चिह्नसमेत परिवर्तन गरी "टि.भी. टुडे जनकपुर" प्रसारण चिह्न प्रयोगको लागी निवेदनसमेत दिइसकेको अवस्थामा निवेदकले जिकिर लिएजस्तो एकै प्रसारण चिह्नको प्रयोग भएको अवस्था अव नरहने ।

अतः माथि विवेचित आधारमा मिति २०७३।४।५ को पत्रको कार्यान्वयन गर्न गराउन परमादेशको आदेश जारी गरी पाउँ भनी रिट निवेदन दायर भएकोमा सो पत्रको कार्यान्वयन विपक्षीहरूबाट भइसकेको अवस्था देखिदा प्रस्तुत रिट निवेदनमा परमादेशको आदेश जारी गरिरहनु परेन प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृत: सन्देश श्रेष्ठ
कम्प्युटर: यामप्रसाद रेग्मी
इति संवत् २०७३ साल पौष १२ गते रोज ३ शुभम् ।

२

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०७३-WO-०२२१, उत्प्रेषण, *सन्तोष गिरी वि. त्रिभुवन विश्व विद्यालय, सेवा आयोगको कार्यालय, किर्तिपुरसमेत*

निवेदिकाको Marksheet मा Food and Nutrition का विषयहरूबारे कुरा लेखेपछि विषय समितिको जवाफ लेख्दा Concilation गृह विज्ञानअन्तर्गत नै Food and Nutrition पर्ने भनिएबाट र हालसम्म पनि त्रि.वि.बाट Food and Nutrition मा अलग्गै उपाधी (डिग्री) प्रदान गरिएको नपाइएको र गृह विज्ञानले नै सो विषय सञ्चालन गरेको भनिएबाट यी विषयहरू अलग अलग रहेछन् भन्न मिलेन यहाँ त्रि.वि. सा आयोगले Form विज्ञापन मितिसम्म Valid दरखास्तहरू स्वीकार गर्ने भनेको देखिएन । आयोग आफैँले सञ्चालन गरेको परीक्षामा सहभागी गराएबाट वि.नं. ७।०७०-७१ अन्तर्गत भरेको फारम अस्वीकार गरेको रहेनछ भन्ने नै बुझ्न पर्ने हुन आउने ।

निवेदिकाले पूर्णकालीक प्राध्यापक सरह नै शिक्षणमा संलग्न रहेको पाइयो । आँशिक शिक्षक पनि करारीय सम्बन्धमा रहन्छन् । यदि निजले लिएको विषय कक्षाहरू हप्तामा एउटा वा दुइवटा नभई पूर्णकालिन प्राध्यापकको जतिनै हुन्छन् भने त्रि.वि. सँगको करारीय सम्बन्धबाट सिर्जित हक निवेदिकाको नाम हटाउने विपक्षी सेवा आयोगबाट भएको निर्णय कानूनमा आधारित नदिखने ।

माथि उल्लिखित आधार कारणबाट उपप्राध्यापक पदको लिखित परीक्षाको सफल उमेदवार सूचीबाट निवेदिकाको नाम हटाएको त्रि. वि. सेवा आयोगको मिति २०७३।४।२१ को निर्णय उत्प्रेषणको आदेशले बदर हुन्छ । अव निवेदिका

सन्तोष गिरी(गुरूङ) लाईसमेत संलग्न गराई विज्ञापन नं. ७।०७२। को बाँकी कार्य सम्पन्न गर्नु भनी विपक्षीका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल माघ २५ गते रोज ३ शुभम्।

३

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-WO-०८१२, उत्प्रेषण, *रामबहादुर बस्नेत वि. प्रकाश अर्यालसमेत*

निवेदक मर्यादित प्रहरी संगठनको एक जिम्मेवार प्रहरी कर्मचारी भएर कैदीको सुरक्षा जस्तो संवेदनशील डिउटीमा खटिएको अवस्थामा कैदीलाई तोकिएको स्थानमा नलगी अन्यत्र होटलमा लगी होटलको कोठामा महिलासँग बस्न दिई कैदीको सुरक्षा प्रति लापरवाही गरेको पाइयो । मिसिल हेर्दा निवेदक घटनास्थलबाटै पक्राउ परेको पनि देखियो । यस कुरालाई निजले इन्कार गरेको पनि पाइएन । यस्तो अवस्थामा महानगरीय प्रहरी कार्यालय,का अधिकारप्राप्त अधिकारीबाट कानूनको परिधिमा रही मिति २०७२।४।२६ गतेको पत्रले नोकरीबाट हटाउने गरी भएको निर्णय अधिकारप्राप्त अधिकारीले उचित प्रक्रिया पूरा गरी मिति २०७२।११।१७ मा सोही निर्णयलाई सदर गर्ने गरेको निर्णय कानूनसम्मत नै देखिने।

अधिकारप्राप्त अधिकारीले कानूनको अख्तियारीभित्र रही निवेदकलाई प्रहरी नियमावली २०७१ को नियम १०९(ख)(१) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी भएको महानगरीय प्रहरी कार्यालयको मिति २०७२।४।२७ को निर्णय र सोउपर पुनरावेदन सुनी महानगरीय ट्राफिक प्रहरी महाशाखा रामशाहपथका प्रहरी नायव महानिरीक्षकबाट भएको मिति २०७२।११।१७ को निर्णयमा कानूनी त्रुटि देखिन आएन । अतः माथि विवेचित आधार कारणहरूबाट कानूनले तोकेको कार्यविधिको अवलम्वन गरी अधिकारप्राप्त अधिकारीले कानूनबमोजिम गरेको निर्णयमा कुनै कानूनी त्रुटि नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल माघ २६ गते रोज ४ शुभम्।

## इजलास नं. १७

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-१८८२, भ्रष्टाचार (घुस रिसवत्) , *जाकिर राइन वि. नेपाल सरकार*

कुनै अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकिर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निजउपर नै हुन्छ । तर यी प्रतिवादीको खल्तीबाट रकम बरामद भएको अवस्थामा आफूले घुस रिसवत् लिएको होइन भनी जिकिरसम्म लिएको तर त्यसलाई कुनै वस्तिनिष्ठ प्रमाण पेस गरी प्रमाणित गर्न नसकेकोले बरामद भएका नोटहरू प्रतिवादीको जानकारी र सहमतिबेगर वा जबरजस्ती निजको खल्तीमा राखिएको भनी अनुमान गर्न नमिल्ने।

एउटा राष्ट्रसेवकको लागि निजको कानूनी दायित्व इमान्दारीपूर्वक बहन गर्नुपर्ने काम यथासमयमा सम्पन्न गर्नुपर्ने।

घुसको रकम प्रतिवादीको शरीरबाट बरामद भएको र सो तथ्य अन्यथा प्रमाणित नभएको अवस्थामा त्यस्तो रिसवत् लिने राष्ट्रसेवक कर्मचारी

कानूनबमोजिम सजायको भागी हुने कुरामा कुनै विवाद नरहने हुँदा माथि उल्लिखित बुँदा प्रमाणसमेतको आधारमा निज प्रतिवादी जाकीर राइनको जग्गा हाल साबिकसम्बन्धी काम गर्दा उजुरवाला रामप्रसाद खनालको बुहारी रन्जना खनालसँग रू. दशहजार घुस रिसवत लिएको र सो लिएको घुस रिसवत निजको साथबाट बरामदसमेत भएको हुँदा सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) बमोजिम कसुरजन्य रहेको देखिएको अवस्थामा विशेष अदालत काठमाडौंबाट निज प्रतिवादीलाई सोही ऐनको दफा ३(१)(क) बमोजिम कसुरदार ठहर्‍याई उक्त ऐनको सोही दफा ३(क) बमोजिम कसुरदार ठहर्‍याई उक्त ऐनको सोही दफा ३(१)(क) बमोजिम रू. १०,०००।– (दश हजार) जरिवाना र १५ (पन्ध्र) दिन कैद गर्ने गरेको मिति २०७२।०९।२३ को फैसला मुनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल जेठ २२ गते रोज २ शुभम्।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**